
संविधानसभा
संवैधानिक समिति

# विवाद समाधान उपसमिति

**बैठकको काम कारवाहीको संक्षिप्त विवरण**



संविधानसभा, संवैधानिक समितिको सचिवालय
सिंहदरवार, काठमाडौं ।
ईमेल : conscom@can.gov.np

वेव साइट : www.can.gov.np

**संविधान सभा, संवैधानिक समिति**
**विवाद समाधान उपसमितिबाट भएका निर्णयहरुको अभिलेख**
**गठन मिति : २०६७।११।१३**

## उपसमितिमा रहनु भएका माननीय सदस्यहरु

१. माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड'
२. माननीय श्री रामचन्द्र पौडेल
३. माननीय श्री माधव कुमार नेपाल
४. माननीय श्री लक्ष्मणलाल कर्ण
५. माननीय श्री कल्पना राणा

## पहिलो बैठक २०६७।११।१६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज संवैधानिक समितिका माननीय सभापति श्री नीलाम्बर आचार्यको सहजीकरणमा बस्यो ।

**निर्णय नं. १ :** उपसमितिको संयोजकमा माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई सर्वसम्मतिले चयन गर्ने निर्णय भयो ।

**निर्णय नं. २** उपसमितिको बैठकको कार्यविधि देहायबमोजिम हुनेछ :

१. संविधानसभा नियमावली, २०६५ मा उल्लेख भएको विषयमा सोहीबमोजिम हुनेछ ।

२. संवैधानिक समितिको बैठकको आन्तरिक कार्यविधिमा उल्लेख भएको कुरामा सोहीबमोजिम गर्ने ।

३. उपसमितिको बैठकमा ३ जना सदस्य उपस्थित भएपछि गणपुरक संख्या पूरा भएको मानिनेछ ।

४. उपसमितिले सर्वसम्मतिले निर्णय गर्नेछ ।

५. उपसमितिमा सहमति भएका विषयहरुसम्बन्धी प्रतिवेदन समितिमा पेश नगरी सहमति सार्वजनिक नगर्ने ।

६. उपसमितिको एउटा बैठकको अवधि लगातार २ घण्टाभन्दा बढि हुने छैन । आवश्यक परे एकै दिन अर्को बैठक आव्हान गर्न पनि सकिनेछ ।

७. उपसमितिको बैठकको छलफल प्रेस र मिडियाको लागि खुला हुने छैन । बैठक समाप्त भएपछि बैठकसम्बन्धी समान्य जानकारी दिन समितिको सचिवालयले प्रेस विज्ञप्ती जारी गर्नेछ ।

८. सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति, उपसमितिले आमन्त्रण गरेका संवैधानिक समितिका माननीय सदस्यहरु र सचिवालयमा कार्यरत कर्मचारीहरु उपसमितिको बैठकमा आवश्यकताअनुसार संलग्न रहन सक्ने ।

९. उपसमितिका संयोजक बैठकमा उपस्थित हुन नसक्ने अवस्थामा संयोजकले तोकेका उपसमितिका सदस्यले बैठकको संयोजन गर्ने ।

**निर्णय नं. ३. :** उपसमितिले संवैधानिक समितिका देहायका माननीय सदस्यहरुलाई आवश्यकता अनुसार उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ :

१. माननीय श्री देवप्रसाद गुरुङ्ग

२. माननीय श्री सुरेन्द्र पाण्डे

३. माननीय श्री विमलेन्द्र निधि

४. माननीय श्री उपेन्द्र यादव

५. माननीय श्री प्रकाशचन्द्र लोहनी

६. माननीय श्री अग्निप्रसाद खरेल

७. माननीय श्री राधेश्याम अधिकारी

८. माननीय श्री खिमलाल देवकोटा

९. माननीय श्री सपना प्रधान मल्ल

**निर्णय नं. ४. :** उपसमितिको अर्को बैठक भोली फागुन १७ गते बिहान ८.३० बजे बस्नेछ । उक्त बैठकमा माथि निर्णय नं ३ मा उल्लिखित सबै माननीय सदस्यहरुलाई आमन्त्रण गर्ने ।

## दोस्रो बैठक मिति २०६७।११।१७

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको दोस्रो बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै ५ जना माननीय सदस्यहरु, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संविधानसभाले संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाउने भनी पठाइएका व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयमध्ये संघीय व्यवस्थापिका एक सदनात्मक हुने वा दुई सदनात्मक हुने भन्ने विषयमा केन्द्रित रही छलफल सम्पन्न भयो । छलफलपश्चात संघीय व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रियसभा दुई सदन रहने नीतिगत सहमति भएको छ ।

## तेस्रो बैठक मिति २०६७।११।१९

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको तेस्रो बैठक आज उपसमितिका माननीय सदस्य श्री रामचन्द्र पौडेलको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ४ जना माननीय सदस्यहरु, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

आजको बैठकमा उपसमितिको मिति २०६७।११।१७ को बैठकबाट भएको संघीय व्यवस्थापिकामा प्रतिनिधिसभा र राष्ट्रियसभा दुईवटा सदन रहने नीतिगत निर्णयवाट व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ३२ वटा विषयहरुमध्ये स्वतः संबोधन भएका विषयहरु र संबोधन हुन बाँकी रहेका विषयको पहिचान गर्ने तथा संबोधन हुन बाँकी विषयहरुलाई टुंगो लगाउनको लागि छलफल प्रारम्भ भयो ।

## चौथो बैठक मिति २०६७।११।२०

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको चौथो बैठक आज उपसमितिका माननीय सदस्य श्री माधवकुमार नेपालको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ४ जना माननीय सदस्यहरु, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ३ जना आमन्त्रित माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

आजको बैठकमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी सबै विषयहरुमा विस्तृत रुपमा छलफल भयो । आज भएको छलफल र मिति २०६७।११।१७ मा भएको नीतिगत निर्णयको आधारमा संघमा एक सदनात्मक व्यवस्थापिका रहनु पर्ने मतसहित रहेका अधिकांश विवादका विषयहरु संबोधित भएकोले विवादको सूचीबाट हटाउने सहमति भयो ।

१. प्रश्न नं. ७ मा रहेको संघीय व्यवस्थापिकाको नामाकरण “व्यवस्थापिका-संसद” राख्ने ।

२. प्रश्न नं. १२ मा रहेको प्रदेश व्यवस्थापिकाको नामसम्बन्धमा समितिको प्रतिवेदनमा रहेको “प्रदेशसभा” नै उपयुक्त भएकोले अन्यथा गर्न नपर्ने ।

३. प्रश्न नं. १८ र १९ मा रहेको महिला, दलित, आदिवासी जनजाती, मधेसी र मुस्लिम लगायतका समुदायको प्रतिनिधित्व र विशेषाधिकारको विषयलाई निर्वाचन प्रणाली र प्रश्न नं. ११ संग आबद्ध गरी पछि टुंगो लगाउने ।

४. प्रश्न नं. २४ मा रहेको प्रत्याव्हानसम्बन्धी विषयलाई निर्वाचन प्रणालीसंग आबद्ध गरी पछि टुंगो लगाउने ।

५. प्रश्न नं. २५ मा रहेको विषय संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाका सदस्यको शपथ संग सम्बन्धित रहेकोले संविधानको अनुसूचीलाई अन्तिम रुप प्रदान गर्दा ध्यान दिने ।

६. प्रश्न नं. २७ मा रहेको वहसमा वन्देजसम्वन्धी विषयलाई न्याय प्रणालीसंग सम्वन्धित विषयसंग आवद्ध गरी पछि टुंगो लगाउने ।

७. प्रश्न नं. ३२ मा रहेको विषय आत्मनिर्णयको अधिकारसंग सम्बन्धित रहेकोले राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँट समितिको प्रतिवेदनसंग आवद्ध गरी पछि टुंगो लगाउने ।

८. मिति २०६७।११।१७ मा भएको संघीय व्यवस्थापिकामा दुई सदन रहने भन्ने नीतिगत निर्णय र आज भएको माथि बुंदा नं. १ देखि ७ नं. सम्मका निर्णयसमेतका आधारमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी प्रश्नहरुमध्ये प्रश्न नं. ६, ७, ८, १२, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४ र ३५ मा रहेका विषयहरु विवादित विषयको सूचीमा राखिरहनु आवश्यक नभएकोले सूचीबाट हटाउने ।

९. अब व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी प्रश्न नं. ९, १०, ११ र १३ का विषयमा उपसमितिको अर्को बैठकमा छलफल गर्ने ।

## पाचौं बैठक मिति २०६७।११।२५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको पाचौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ४ जना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी चारवटा विषयहरुमा विस्तृत रुपमा छलफल भयो । आज भएको छलफलबाट देहायबमोजिमको सहमति कायम भएको छ ।

१. संघीय व्यवस्थापिकाको तल्लो सदन विघटन भई निर्वाचनको मिति निर्धारण भएकोमा उक्त मितिमा निर्वाचन हुन नसकेमा स्वतः पुर्नस्थापना हुने व्यवस्था गर्ने वा नगर्ने भन्ने विषय शासकीय स्वरुपको निर्धारणसंग पनि सम्वन्धित रहेकोले उक्त विषयमा छलफल हुंदा ध्यान दिने गरी उक्त प्रश्न सूचीबाट हटाउने ।

२. संघीय व्यवस्थापिकाका दुवै सदन र प्रदेशसभामा कति सदस्य संख्या हुने भन्ने विषयको अन्तिम टुंगो राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समिति र शासकीय स्वरुपको निर्धारण समितिको प्रतिवेदन अन्तिम गर्दा गर्न सकिने नै भएकोले अहिले उक्त दुवै प्रश्न विवादित विषयको सूचीबाट हटाउने ।

३. संघीय व्यवस्थापिकामा के कसरी र कस्ता कस्ता वर्ग, समुदाय,र क्षेत्रबाट प्रतिनिधित्व गराउने भन्ने प्रश्न निर्वाचन प्रणालीसंग सम्वन्धित रहेको देखिंदा उक्त विषय निर्वाचन प्रणालीमाथि छलफल हुंदा सम्वोधन गर्ने गरी उक्त प्रश्न विवादित विषयको सूचीवाट हटाउने ।

४. वैठकको अन्त्यमा फागुन १७, २० र आज भएको सहमतिबाट निर्वाचन प्रणालीसंग सम्वन्धित विषयवाहेक व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको प्रतिवेदनमा टुंगो लाग्न वाँकी अरु सबै ३० वटा विषयहरु संवोधित भएका छन् । अव भोली बस्ने उपसमितिको बैठकमा न्यायप्रणालीसम्वन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेका विषय समाधानको लागि छलफल प्रारम्भ गर्ने गरी माननीय संयोजकज्यूले बैठकको कार्यसूची तय गर्नु भयो ।

## छैठौं बैठक मिति २०६७।११।२६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको छैठौं बैठक आज उपसमितिका माननीय सदस्य श्री रामचन्द्र पौडेलको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ३ जना माननीय सदस्यहरु, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

आजको बैठकमा न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयहरु समाधान गर्नको लागि छलफल प्रारम्भ भयो ।

उक्त छलफल जारी रहेकोले उपसमितिको अर्को वैठक भोली अर्थात फागुन २७ गते शुक्रबार बिहान ८.३० बजे बस्ने गरी निर्धारण गरिएको छ ।

## सातौं बैठक मिति २०६७।११।२७

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको सातौ बैठक आज उपसमितिका माननीय सदस्य श्री रामचन्द्र पौडेलको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ४ जना माननीय सदस्यहरु, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

आजको बैठकमा न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयहरु समाधान गर्नको लागि छलफल सम्पन्न भयो ।

आजको बैठकबाट राष्ट्रिय महत्वको पद र अधिकारसंग सम्बन्धित तथा राजनैतिक विषयसंग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसंग कानून बाझिएको विषय लगायतका विषय हेर्न अलग्गै संवैधानिक अदालतको स्थापना गर्ने सहमति भएको छ । साथै सर्वोच्च अदालतका प्रधानन्यायाधीश नै संवैधानिक अदालतको पदेन अध्यक्ष हुनेसमेत सहमति भएको छ । न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा टुंगोलाग्न बाँकी अरु सबै विषयको समेत संबोधन हुने गरी संवैधानिक अदालतको क्षेत्राधिकार, सर्वोच्च अदालतको क्षेत्राधिकार, दुवै अदालतमा रहने न्यायाधीशहरुको संख्या, न्यायाधीशहरुको योग्यता, न्यायाधीशहरुको नियुक्ति र पदमुक्तिको सिफारिस गर्ने संयन्त्रको संरचना र संख्या, न्यायाधीशहरुलाई भ्रष्टाचार र अधिकारको दुरुपयोगमा कारवाही गर्ने संयन्त्र र प्रक्रिया लगायतको विषयमा अन्तर्राष्ट्रिय अनुभवसमेतको अध्ययन गरी विस्तृत गृहकार्य गरेर उपसमितिमा पेश गर्न सचिवालयको सहयोगमा मा. लक्ष्मणलाल कर्ण, मा.राधेश्याम अधिकारी, मा. अग्निप्रसाद खरेल मा. खिमलाल देवकोटा र मा. सपना प्रधान मल्ल रहेको कार्यदललाई जिम्मेवारी दिने निर्णय भयो ।

उपसमितिको अर्को बैठक फागुन २९ गते आईतवार बिहान ८.३० बजे बस्ने निर्णय भयो ।

## आठौं बैठक मिति २०६७।११।२९

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको आठौं बैठक आज उपसमितिका माननीय सदस्य श्री माधवकुमार नेपालको संयोजकत्वमा बस्यो । बैठकमा

उपसमितिका ४ जना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

आजको बैठकमा संविधानको नाम, नागरिकको मौलिक कर्तव्य, नेपाली सेनालगायतका विषयमा टुंगो लाग्न बाँकी प्रश्नहरु समाधान गर्नको लागि छलफल प्रारम्भ भयो ।

उक्त छलफल जारी रहेकोले उपसमितिको अर्को बैठक भोली अर्थात फागुन ३० गते सोमबार बिहान ८.३० बजे बस्ने र भोलीको बैठकमा आमन्त्रित सदस्यहरुलाई बैठकमा आमन्त्रण नगर्ने निर्णय भयो ।

## नवौं बैठक मिति २०६७।११।३०

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको नवौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका ४ जना माननीय सदस्यहरु, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापतिको उपस्थिति रहेको थियो ।

आजको बैठकमा उपसमितिले हालसम्म गरेका सहमतिको विवरणसहितको प्रतिवेदन तयार गरी भोली वस्ने संवैधानिक समितिको बैठकमा पेश गर्ने निर्णय भयो ।

## दशौं बैठक मिति २०६७।१२।८

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको दशौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सवै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संविधानसभाले संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाउने भनी पठाएका संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयहरुमध्ये संक्रमणकालीन व्यवस्थासंग  सम्वन्धित विषयमा केन्द्रित रही छलफल सम्पन्न भयो ।

छलफलपश्चात आज देहायबमोजिम निर्णय भएको छ :

१. संवैधानिक समितिको प्रतिवेदनमा रहेको संक्रमणकालीन व्यवस्थाअन्तर्गत धारा २१ मा रहेको व्यवस्थालाई उपधारा (१) अन्तर्गत राख्ने र उपधारा (२) मा देहायवमोजिमको व्यवस्था थप गर्ने :-

"(२) उपधारा (१) बमोजिम कायम रहेका राष्ट्रपति र उपराष्ट्रपतिको पद कुनै कारणले रिक्त हुन आएमा तत्काल कायम रहेको व्यवस्थापिका-संसदबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।"

२. संवैधानिक समितिको प्रतिवेदनमा रहेको संक्रमणकालीन व्यवस्थाअन्तर्गत धारा २२, २३, २४ र २५ मा रहेको व्यवस्था उपयुक्त रहेकोले यथावत् कायम राख्ने ।

३. उल्लिखित निर्णयबाट संक्रमणकालीन व्यवस्थाअन्तर्गत टुंगो लाग्न बाँकी विषयको सूचीमा रहेका प्रश्न नं. २१ देखि २७ सम्मका सबै ७ वटा विषयको संबोधन भएकोले ती विषयहरुलाई टुंगो लाग्न बाँकी विषयको सूचीबाट हटाउने ।

## एघारौ बैठक मिति २०६७।१।२९

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको एघारौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु र संवैधानिक समितिका माननीय सभापतिको सहभागिता रहेको थियो ।

आजको बैठकमा संविधान निर्माणको क्रममा टुंगो लाग्न बाँकी सबै विषयलाई समग्रतामा विचार गरी सबै विषयमा केन्द्रित रही उपसमितिले एउटा अनौपचारिक छलफल र गृहकार्य गर्न आवश्यक रहेको महसुस गरियो । उक्त प्रयोजनको लागि उपसमितिका माननीय संयोजक र सबै माननीय सदस्यहरुले एक/एकजना सहयोगी माननीय सदस्यसहित, संवैधानिक समितिका माननीय सभापति तथा सवैधानिक समितिका सचिवसहित एक जना सहयोगि कर्मचारी सहभागी हुने गरी धुलिखेलस्थित रिसोर्टमा अनौपचारिक छलफल बैठक आयोजना गर्ने निर्णय गरियो ।

उक्त बैठकको लागि आवश्यक पर्ने खाजा, खानालगायतको भौतिक व्यवस्थापन गर्न संविधानसभा सचिवालयलाई निर्देशन दिने निर्णय भयो ।

## बाह्रौं बैठक मिति २०६७।१।३१५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बाह्रौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका चारजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा उपसमितिको मिति २०६७।११।२७ को बैठकले जिम्मेवारी दिएअनुरुपको कार्यदलका संयोजक मा. श्री लक्ष्मणलाल कर्णले न्यायप्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विषयहरुको संबोधन गर्नेसम्बन्धमा तयार भएको प्रस्ताव उपसमितिमा पेश गर्नु भयो । **उक्त प्रस्ताव जस्ताको तस्तै अनुसूचीमा राखिएको छ ।**

तत्पश्चात् संवैधानिक समितिले विवाद समाधान उपसमितिलाई दिएको कार्यावधि आजसम्म मात्र रहेको परिप्रेक्ष्यमा उपसमितिको अहिलेसम्मको काम कारवाहीको समीक्षा भयो । अन्त्यमा उपसमितिले हालसम्म कायम गरेका सहमतिको विवरणसहितको प्रतिवेदन तयार गरी संवैधानिक समितिको भोली वस्ने बैठकमा पेश गर्ने निर्णय भयो ।

## तेह्रौं बैठक मिति २०६७।१२।२७

आज उपसमितिको बैठक आव्हान गरिए पनि नेताहरुको कार्य व्यस्तताले बैठक बस्न सकेन । अर्को बैठक पछि सूचना गरेपछि बस्ने भनिएको छ ।

## चौधौ बैठक मिति २०६८।२।४

आज आव्हान गरिएको बैठकमा संयोजकज्यू र माननीय सदस्य श्री कल्पना राणामात्र उपस्थित हुनु भएकोले औपचारिक कार्यसूचीमा प्रवेश नगरी बैठक स्थगित भयो । अर्को बैठक भोली जेष्ठ ५ गते विहान ११.०० बजे बस्ने गरी निर्धारण गरिएको छ ।

## पन्ध्रौ बैठक मिति २०६८।२।५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको पन्ध्रौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका चारजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ६ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा उपसमितिको मिति २०६७।११।२५ को बैठकले जिम्मेवारी दिएअनुरुप राष्ट्रियसभाको भूमिका, काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक समितिको सचिवालयले तयार गरेको प्रस्ताव पेश भयो । **उक्त प्रस्ताव जस्ताको तस्तै अनुसूचीमा राखिएको छ ।**

तत्पश्चात् उपसमितिमा भएको छलफलबाट देहायबमोजिम गर्ने सर्वसम्मतिले निर्णय भयो ।

१. संविधानको नामसम्बन्धमा संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको विषयमा भावी संविधानको संक्षिप्त नाम "नेपालको संविधान" राख्ने । यस विषयसंग सम्बन्धित विवादको सूचीमा रहेका ६ वटा प्रश्नलाई अब विवादको सूचीबाट हटाउने ।

२. शिविरमा रहेका लडाकुहरुको (जनमुक्ति सेनाका) पुनर्स्थापन, व्यवस्थापन र समायोजन लगायतको शान्ति प्रक्रिया टुंगो लागेपछि मात्र नयाँ संविधान जारी हुने भएकोले सोसम्बन्धी विषय नयाँ संविधानमा राख्न नपर्ने हुंदा राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा रहेको यससम्बन्धी टुंगो लाग्न बाँकी विषयलाई विवादको सूचीबाट हटाउने ।

## सोह्रौ बैठक मिति २०६८।२।६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको सोह्रौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका चारजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय

उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको १८ वर्ष उमेर पुगेका नागरिकलाई सरकारले सैनिक तालिमको लागि आव्हान गर्न सक्ने, त्यसरी आव्हान भएकोमा तालिम लिई सेवा गर्नु पर्ने व्यवस्था राख्ने वा नराख्ने भन्ने विषयमा छलफल भयो । छलफल पश्चात मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमाथि संविधानसभाले संवैधानिक समितिलाई मिति २०६७११०११२ को बैठकद्वारा दिएको निर्देशनमा "राष्ट्रले चाहेका वखत अनिवार्य सेवा गर्नु नागरिकको कर्तव्य हुने" व्यवस्थासमेत संलग्न रहेकोले उक्त व्यवस्थाअन्तर्गत राज्यले कानून बनाई सैनिक सेवा लगायत कुनै पनि सेवाको लागि आव्हान गर्न सक्ने नै हुंदा १८ वर्ष उमेर पुगेका नागरिकलाई सरकारले सैनिक तालिमको लागि आव्हान गर्न सक्ने, त्यसरी आव्हान भएकोमा तालिम लिई सेवा गर्नु पर्ने व्यवस्था कर्तव्यअन्तर्गत अलग्गै बुंदामा राख्न आवश्यक नरहेकोले उक्त विषयलाई विवादको सूचीबाट हटाउने सर्वसम्मतिले निर्णय भयो ।

## सत्रौं बैठक मिति २०६८।२।२६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको सत्रौं बैठक आज उपसमितिका माननीय संयोजक श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका चारजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्षको सहभागिता रहेको थियो ।

आजको बैठकमा संवैधानिक समितिको सचिवालयबाट गृहकार्य भई परामर्शका लागि पेश भएको संवैधानिक समितिको आन्तरिक कार्यतालिकामाथि सामान्य छलफल भयो । उपसमितिले उक्त प्रस्तावित आन्तरिक कार्यतालिका छलफलका लागि आगामी संवैधानिक समितिको बैठकमा पेश गर्न सिफारिस गरेको छ ।

## अठारौं बैठक मिति २०६८।२।२७

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिका अठारौं बैठक आज उपसमितिका माननीय सदस्य श्री रामचन्द्र पौडेलको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीन जना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष र सात जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकवाट देहायबमोजिम निर्णय भएको छ :

१. *राज्य पुनर्संरचनाको विषयमा राजनीतिक तहमा छलफल, परामर्श र गृहकार्य आवश्यक रहेको महसुस भएकोले केही दिन उक्त विषयमा राजनीतिक तहमा छलफल र परामर्श गर्ने ।*

२. *राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयहरुमध्ये केही विषयमा एकभन्दा वढी प्रश्नहरु रहेका, कतिपय प्रश्नहरु दोहोरिएका र कतिपय विषय अन्य समितिको प्रतिवेदनमासमेत विवादित विषयको*

*सूचीमा परेको अवस्था रहेकोले समितिको सचिवालयले सबै विवादित प्रश्नहरुको अध्ययन र विश्लेषण गरी पुनर्व्यवस्थित गर्न र विवादको संख्यालाई साँघुरो पार्नको लागि के गर्न सकिन्छ सोसम्वनधमा आवश्यक गृहकार्य  गरी उपसमितिको अगामी बैठकमा पेश गर्ने ।*

## उन्नाईसौं बैठक मिति २०६८।२।३१

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको उन्नाईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आठजना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकको प्रारम्भमा उपसमितिको मिति २०६८।२।२७ गतेको बैठकले जिम्मेवारी दिए अनुरुप संवैधानिक समितिका सचिवले राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयहरुमध्ये सबै विवादित प्रश्नहरुको अध्ययन र विश्लेषण गरी पुनर्व्यवस्थित गर्न र विवादको संख्यालाई साँघुरो पार्नको लागि के गर्न सकिन्छ भन्ने सम्बन्धमा समितिको सचिवालयबाट भएको गृहकार्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात् भएको छलफलवाट देहायका विषयमा अध्ययन गरी सात दिनभित्र सुझाव सहितको प्रतिवेदन उपसमितिमा पेश गर्न मा. श्री लक्ष्मणलाल कर्ण, मा. श्री राधेश्याम अधिकारी, मा. श्री अग्निप्रसाद खरेल, मा. श्री खिमलाल देवकोटा र मा.श्री सपना प्रधान मल्ल रहनु भएको गृहकार्य टोली निर्माण गर्ने निर्णय भयो ।

*१. राज्यको शासकीय स्वरुप, निर्वाचन प्रणाली, मौलिक हक तथा निर्देशक सिद्धान्त र संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लगाउन बाँकी रहेका २२ वटा विषयमा के कसरी सहमति कायम गर्न सकिन्छ सोको प्रस्ताव तयार पार्ने ।*

*२. राज्यको पुनर्संरचना र राज्यशक्तिको वाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विवादका विषयहरुलाई पुनर्व्यवस्थित गर्न र विवादको संख्यालाई साँघुरो पार्नको लागि गर्न सकिने उपायको सम्बन्धमा समितिको सचिवालयले आज उपसमितिमा प्रस्तुत गरेको सुझाव अध्ययन गरी कुनै सुधार गर्नु पर्ने भए सो सिफारिस गर्ने ।*

## बिसौं बैठक मिति २०६८।३।१३

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आठजना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकको प्रारम्भमा उपसमितिको मिति २०६८।२।३१ गतेको बैठकले जिम्मेवारी दिए अनुरुप गृहकार्य टोलीका माननीय सदस्य श्री लक्ष्मणलाल कर्णले राज्यको शासकीय स्वरुप, निर्वाचन प्रणाली, मौलिक हक तथा निर्देशक सिद्धान्त र संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लगाउन बाँकी रहेका २२ वटा विषयमा टोलीले गरेको छलफल र सुझाव तथा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विवादका विषयहरुलाई पुनर्व्यवस्थित गरी विवादको संख्यालाई २५ वटा बुंदामा समेट्न सकिनेसम्बन्धी सुझावसहितको प्रतिवेदन उपसमितिको बैठकमा प्रस्तुत गर्नु भयो ।

तत्पश्चात् भएको छलफल बाट देहायबमोजिम गर्ने निर्णय भयो :

"संवैधानिक समितिको सचिवालय र उपसमितिअन्तर्गत बनाईएको गृहकार्य टोलीको सुझावको आधारमा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ मध्ये छरिएर रहेका एउटै विषयसंग सम्बन्धित विवादहरुलाई एउटै बुंदामा समेटने, संविधानसभाबाट पहिले नै निर्णय भएका विषयसंग सम्बन्धित विवादलाई अब कायम नराख्ने र अन्य समितिको प्रतिवेदनमा रहेका विवादलाई नदोहोऱ्याउने दृष्टिकोणबाट राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विवादका विषयलाई २५ वटा प्रश्नमा समेट्ने र सो आधारमा सहमतिका लागि छलफल अघि बढाउने ।"

## एक्काईसौ बैठक मिति २०६८।३।१६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको एक्काईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आठजना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदनसंग सम्बन्धित संघको शासन प्रणाली के हुने भन्ने विषयमा केन्द्रित रही छलफल प्रारम्भ भएको छ । उक्त छलफल जारी रहेको छ ।

आजको बैठकबाट देहायबमोजिमको निर्णय भएको छ :

"संविधानसभाको न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा रहेका विवाद समाधान गर्ने सन्दर्भमा यस उपसमितिमा छलफल हुँदा संविधानसँग कानून बाझिएको भन्ने प्रश्न र संघीय इकाईहरुबीच उत्पन्न हुने संवैधानिक विवादको निरुपण गर्न अलग संवैधानिक अदालतको स्थापना गर्ने र नेपालको प्रधानन्यायाधीश नै संवैधानिक अदालतको पदेन अध्यक्ष हुने सैद्धान्तिक सहमति भएको र संवैधानिक अदालत तथा सर्वोच्च अदालतको अधिकारक्षेत्र लगायतका विषयमा विस्तृत गृहकार्य गरी कार्यदलले प्रतिवेदन समेत पेश गरेको सन्दर्भमा उक्त विषयमा आगामी असार २० गते सोमवार विहान ८:३० बजे नेपाल वार एशोसिएशनसँग परामर्श गर्ने । सो प्रयोजनको लागि संवैधानिक कानूनको विशेष ज्ञान र अनुभव भएका नेपाल वार एशोसिएशनका पदाधिकारीमध्ये वा वरिष्ठ अधिवक्ता वा अधिवक्तामध्ये ७ जना कानूनविद छनौट गरी परामर्शका लागि पठाइदिन नेपाल वार एशोसिएशनलाई अनुरोध गर्ने"

## बाईसौ बैठक मिति २०६८।३।२०

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको वाईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आठजना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको वैठकमा उपसमितिको मिति २०६८।३।१६ को निर्णयबमोजिम संविधानसभाको न्यायप्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा रहेका विवादको टुंगो लगाउने सन्दर्भमा संवैधानिक अदालतको स्थापना, सोको अधिकारक्षेत्र लगायतका विषयमा नेपाल बार एशोसियशनसंग परामर्श गर्ने प्रयोजनको लागि आमन्त्रित नेपाल बार एशोसिएसनका पदाधिकारीहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो । आज आ-आफ्नो धारणा प्रस्तुत गर्नेमा नेपाल बार एशोसियशनका अध्यक्ष श्री प्रेमबहादुर खड्का, वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री बद्री बहादुर कार्की र श्री शम्भु थापा हुनुहुन्थ्यो । उक्त परामर्श लिने कार्यक्रम जारी रहेको छ ।

## तेईसौ बैठक मिति २०६८।३।२१

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको तेईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ६ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा उपसमितिको मिति २०६८।३।१६ को निर्णयबमोजिम संविधानसभाको न्यायप्रणालीसम्बन्धी समितिको प्रतिवेदनमा रहेका विवादको टुंगो लगाउने सन्दर्भमा संवैधानिक अदालतको स्थापना, सोको अधिकारक्षेत्र लगायतका विषयमा नेपाल वार एशोसियशनसंग परामर्श गर्ने प्रयोजनको लागि आमन्त्रित नेपाल वार एशोसिएसनका पदाधिकारीहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्ने कार्य समाप्त भयो । आजको बैठकमा नेपाल वार एशोसियशनका उपाध्यक्ष श्री सुरेन्द्र कुमार महतो, महासचिव श्री विजयप्रसाद मिश्र र अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले उक्त विषयमा आ-आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

## चौबिसौ बैठक मिति २०६८।४।१३

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको चौविसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । वैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको वैठकमा बाँकी रहेको उपसमितिको कार्यलाई कसरी छिटो सम्पन्न गरी संविधानको पहिलो मस्यौदा तयार गर्ने कार्यलाई सुनिश्चित गर्न सकिन्छ भन्नेसम्बन्धमा विहंगम छलफल भयो ।

## पच्चिसौ बैठक मिति २०६८।४।१५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको पच्चिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राज्यको शासकीय स्वरुपको निर्धारण समिति र राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा टुंगो लाग्न बाकी विषयहरुलाई कसरी टुंगोमा पुऱ्याउन सकिन्छ भन्नेसम्बन्धमा छलफल भयो ।

## छब्बिसौ बैठक मिति २०६८।५।१७

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको छब्बिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको वैठकमा राज्यको पुनर्संरचना, शासन प्रणाली र निर्वाचन प्रणालीसंग सम्वन्धित टुंगो लाग्न बाँकी विषयहरुलाई कसरी टुंगोमा पुऱ्याउन सकिन्छ भन्ने सम्बन्धमा महत्वपूर्ण र सकारात्मक छलफल भयो ।

## सत्ताईसौ बैठक मिति २०६८।५।१८

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको सत्ताईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा वस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ७ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राज्यको पुनर्संरचना, शासन प्रणाली र निर्वाचन प्रणालीलगायतका विषयसँग सम्वन्धित टुंगो लाग्न बाँकी विषयहरुलाई टुंगो लागाउनेसम्बन्धमा गम्भीर र सकारात्मक तवरले छलफल भयो ।

## अठ्ठाईसौ बैठक मिति २०६८।५।२३

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको अठ्ठाईसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य दुईजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ६ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राज्यको पुनर्संरचनालगायत अन्य टुंगो लाग्न बाँकी विषयहरुलाई टुंगो लगाई संविधानको पहिलो मस्यौदा तयार गर्ने कार्यलाई कसरी अघि बढाउने भन्नेसम्वन्धमा गम्भीर र सकारात्मक तवरले छलफल भयो । छलफलबाट यी गम्भिर र संवेदनशील विषयमा राजनीतिक तहमा दलहरुबीच परामर्श हुनु पर्ने महसुस गरिएकोले उपसमितिको बैठक केही दिनपछि राख्ने सहमति भएको छ ।

## उनान्तिसौ बैठक मिति २०६८।७।१८

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको उनान्तीसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा राज्यको पुनर्संरचना लगायत अन्य टुंगो लाग्न बाँकी विषयहरुलाई टुंगो लगाई संविधानको पहिलो मस्यौदा तयार गर्ने कार्यलाई कसरी अघि बढाउने भन्नेसम्वन्धमा गम्भीर र सकारात्मक तवरले छलफल भयो । छलफलबाट राज्यको पुनर्संरचनासंग सम्बन्धित विवादहरुमा सहमति कायम गर्ने सन्दर्भमा सुझाव दिन संविधानसभाबाट एक विशेषज्ञ समिति गठन गर्ने सहमति भएको छ । उक्त कार्यको लागि नेपालको अन्तरिम संविधान, २०६३ र संविधानसभा नियमावली, २०६५ मा आवश्यक संशोधन गर्नेलगायतका प्रक्रिया तत्काल प्रारम्भ गर्न सम्वन्धित निकाय र पदाधिकारीहरुलाई अनुरोध गर्ने निर्णय भएको छ ।

साथै राज्यको शासकीय स्वरुप र निर्वाचन प्रणालीसंग सम्वन्धित विवाद समाधानको लागि उपसमितिअन्तर्गत निर्माण गरिएको कार्यदलले गृहकार्य गरी लिखित प्रतिवेदन उपसमितिको बैठकमा पेश गर्नेसमेत सहमति भएको छ ।

## तीसौ बैठक मिति २०६८।७।२८

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको तिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

सर्वप्रथम आजको बैठकले विवाद समाधान उपसमितिको बैठकमा संवैधानिक समितिका माननीय सदस्य एवं ने.क.पा. एमालेका अध्यक्ष श्री झलनाथ खनाललाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्ने निर्णय गऱ्यो ।

तत्पश्चात् विवाद समाधान उपसमितिअन्तर्गत निर्माण गरिएको कार्यदलका संयोजक माननीय श्री लक्ष्मणलाल कर्णले शासकीय स्वरुप र निर्वाचन प्रणाली दुवै विषयमा तुलनात्मक अध्ययन गरी कार्यदलले तयार पारेको सुझावसहितको लिखित प्रतिवेदन पेश गर्नु भयो । उक्त प्रतिवेदनमाथि उपसमितिको आगामी बैठकबाट छलफल प्रारम्भ गर्ने सहमति भएको छ । **(उक्त प्रतिवेदन जस्ताको तस्तै अनुसूचीमा राखिएको छ ।)**

उपसमितिको अर्को बैठक आगामी २०६८ साल मंसिर १ गते विहीबार विहान ८.३० बस्ने गरी निर्धारण गरिएको छ ।

## एकतीसौ बैठक मिति २०६८।८।१५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको एकतिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ९ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा परिवर्तित सन्दर्भमा संविधानसँग सम्बन्धित टुंगो लाग्न बाँकी विषयहरुमा सहमति कायम गर्दै संविधान निर्माणको कार्यलाई अघि बढाउने विषयमा वृहत छलफल भयो । छलफलवाट संविधान निर्माणको कार्यलाई कार्यतालिका नै बनाएर अघि बढाउनु उपयुक्त हुने भएकोले सचिवालयलाई कार्यतालिकाको प्रारम्भिक प्रस्ताव तयार गर्न निर्देशन दिने निर्णय भएको छ ।

## बत्तीसौ बैठक मिति २०६८।८।१६

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बत्तिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा सचिवालयले प्रस्तुत गरेको संविधानसभाको कार्यतालिकाको प्रारम्भिक प्रस्तावमाथि छलफल भयो । छलफलबाट केही परिमार्जनसहित उक्त कार्यतालिकासम्बन्धी प्रस्तावित सुझाव संवैधानिक समितिको आगामी बैठकमा छलफलको लागि प्रस्तुत गर्ने निर्णय भएको छ ।

## तेत्तीसौ बैठक मिति २०६८।८।२४

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको तेत्तिसौ बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ५ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संविधानसभाबाट मिति २०६८।८।२० मा पारित कार्यतालिकामा निर्धारित समयभित्र विवाद समाधान उपसमितिले के कसरी कार्य सम्पन्न गर्नेभन्ने विषयमा छलफल भयो । छलफलबाट अब सहमति कायम गर्न बाँकी विषयहरुमा दलहरुका बीचमा अनौपचारिक परामर्शको प्रक्रियालाई समेत अवलम्बन गर्दै निर्धारित समयभित्र नै कार्य सम्पन्न गर्ने सहमति भएको छ ।

## चौतीसौ बैठक मिति २०६८।८।२७

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको चौतिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ९ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संघको शासन प्रणाली र निर्वाचन प्रणालीसँग सम्बन्धित टुंगो लाग्न बाँकी विषयहरुमा छलफल भयो । छलफलबाट निर्वाचन प्रणालीसँग सम्बन्धित देहायका विषयहरुमा देहायबमोजिमको सहमति कायम गर्ने निर्णय भयो :-

"१. संघीय व्यवस्थापिका-संसदको निर्वाचनमा मिश्रीत निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीको मिश्रित स्वरुप) अवलम्बन गर्ने ।

२. सबै तहका निर्वाचनमा १८ वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मतदानको अधिकार हुने ।"

## पैतीसौ बैठक मिति २०६८।८।२९

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको पैतिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ८ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनसँग सम्वन्धित टुंगो लाग्न बाँकी विषयहरुमा छलफल भयो । छलफलबाट देहायका विषयहरुमा देहायबमोजिमको सहमति कायम गर्ने निर्णय भयो :-

"१. संविधानसभाले संवैधानिक समितिलाई मिति २०६७।१०।१२ मा दिएको निर्देशनको बुंदा नं. ४ मा उल्लेख भएबमोजिम मौलिक हकको रुपमा प्रत्याभुत गरिएका उही कुरालाई राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा नदोहोऱ्याउन हिजो मिति २०६८।८।२८ गतेको संवैधानिक समितिमा छलफल भई सो विषयमा अधययन गरी सुझाव पेश गर्न यस विवाद समाधान उपसमितिमा पठाईएकोमा संवैधानिक समितिमा भएको छलफललाई समेत आधार लिई भाषा र भाव दुवै रुपमा दोहोरिएका विषयहरुलाई यकिन गरी उपसमितिमा सुझाव पेश गर्न उपसमितिअन्तर्गत निर्माण भएको कार्यदललाई जिम्मेवारी दिने ।

२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हकसम्वन्धी मस्यौदाको सि.नं. ५ को न्यायसम्वन्धी हकको उपधारा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने :-

"तर यो संविधान जारी भएपछि घटित मानवताविरुद्धको अपराध, युद्ध अपराध र आम नरसंहारसम्वन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाँय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"

३. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा देहायको व्यहोरा राख्ने :-

"नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनको संवैधानिक प्रत्याभूति दिनको लागि यो व्यवस्था गरिएको छ । प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको "आम नरसंहार" भन्ने शब्दावलीभित्र जातीय, भाषिक, धार्मिक, साँस्कृतिकलगायत कुनै पनि आधारमा गरिने नरसंहारसमेत समेट्ने उद्येश्य राखिएको छ ।"

४. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हकसम्बन्धी मस्यौदाको सि.नं.१० को सम्पत्तिसम्बन्धी हकको समग्र व्यवस्था उपयुक्त र पर्याप्त रहेकोले उक्त व्यवस्थामाथि परेका फरक मतसँग सम्बन्धित जग्गाको हदबन्दी, क्षतिपूर्ति र समग्र सम्पत्तिको सीमासम्बन्धी तीन वटा टुंगो लाग्न बाँकी विषयहरु अब विवादको सूचीमा राख्न नपर्ने भएकोले हटाउने ।"

## छत्तीसौ बैठक मिति २०६८।९।३

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको छत्तिसौं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ५ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संवैधानिक समितिको प्रतिवेदनसँग सम्बन्धित टुंगो लाग्न बाँकी संविधान संशोधन र नेपाली राजदूत एवं विशेष प्रतिनिधिको नियुक्तिसम्बन्धी विषयहरुमा केन्द्रित रही छलफल भयो । छलफलवाट देहायबमोजिकको निर्णय भयो :

१. संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको संविधान संशोधनसंग सम्बन्धित धाराको उपधारा (७) मा "वहुमत संघीय इकाईको विधायिकाले" भन्ने शब्दावली राख्ने वा "५० प्रतिसतभन्दा बढी जनताको प्रतिनिधित्व गर्ने संघीय इकाईका विधायिकाले" भन्ने शब्दावली राख्ने विषयलाई राज्यको पुनर्संरचनाको विषय टुंगो लगाउँदा संवोधन गर्ने गरी हाललाई उक्त प्रश्न यहाँ कायम नराख्ने ।

२. संवैधानिक समिनिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी रहेको विविध भागसंग संवन्धित नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति समावेशी समानुपातिक सिद्धान्तको आधारमा गर्ने भन्ने विषयलाई सामाजिक न्यायको हकमा मिलान गरी सोको व्याख्यात्मक टिप्पणीमा "सार्वजनिक सेवा भन्ने शब्दावलीभित्र नेपाली राजदूत र विशेष प्रतिनिधिले गर्ने सेवा पनि समावेश हुने व्यहोरा राख्ने ।

## सैतीसौ बैठक मिति २०६८।९।५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको ३७ औं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा बस्यो । वैठकमा उपसमितिका अन्य दुईजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ९ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

सर्वप्रथम आजको वैठकले विवाद समाधान उपसमितिको बैठकमा संवैधानिक समितिका माननीय सदस्य श्री प्रकाशमान सिंह र माननीय सदस्य श्री रमेश लेखकलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्ने निर्णय गऱ्यो ।

तत्पश्चात् संवैधानिक समितिको प्रतिवेदनसँग सम्बन्धित टुंगो लाग्न बाँकी प्रस्तावना र संविधान संशोधनसम्बन्धी विषयहरुमा केन्द्रित रही छलफल भयो ।

उपसमितिको अर्को बैठक आगामी २०६८ साल पौष ७ गते बिहीबार बिहान ८.३० बजे बस्ने गरी निर्धारण गरिएको छ ।

पुनश्च: यस उपसमितिका माननीय सदस्य एवं ने.का. संसदीय दलका नेता श्री रामचन्द्र पौडेल की ममतामयी आमा श्री ऋषिमाया पौडेलको दुखद् निधनभएकोमा उपसमितिको यो बैठक गहिरो शोक व्यक्त गर्दछ । साथै मृत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनासमेत व्यक्त गर्दछ ।

## अठ्तीसौं बैठक मिति २०६८।९।७

संवैधानिक समिनिअन्तर्गत गठित विवाद समाधान उपसमितिको ३८ औं बैठक आज उपसमितिका सदस्य माननीय श्री माधवकुमार नेपालको संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य दुईजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ९ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

वैठकमा संवैधानिक समितिको प्रतिवेदनसँग सम्बन्धित टुंगो लाग्न बाँकी प्रस्तावना र संविधान संशोधन सम्बन्धी विषयहरुमा केन्द्रित रही छलफल भयो ।

## उनन्चालीसौं बैठक मिति २०६८।९।९

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको ३९ औं वैठक आज उपसमितिका सदस्य माननीय श्री माधवकुमार नेपालको संयोजकत्वमा बस्यो । वैठकमा उपसमितिका अन्य दुई जना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र ११ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा संवैधानिक समितिको प्रतिवेदनसँग सम्बन्धित टुंगो लाग्न बाँकी प्रस्तावना र संविधान संशोधन सम्बन्धी विषयहरुमा केन्द्रित रही छलफल भयो ।

## चालीसौं बैठक मिति २०६८।९।१३

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको ४० औं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य दुईजना माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र २ जना आमन्त्रित सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा सर्वप्रथम विवाद समाधान उपसमितिबाट हालसम्म भएका सबै सहमतिहरुमा उपसमितिले पुनः प्रतिबद्धता व्यक्त गर्ने र उल्लिखित सहमतिहरुको सम्बन्धमा संवैधानिक समितिले नियमानुसारको प्रक्रिया अघि बढाउन अनुरोध गर्ने निर्णय भयो ।

साथै सहमति कायम हुन बाँकी १४ वटा विषयहरुमा एकसरो छलफल गरी उपसमितिको आगामी बैठकमा सहमतिको खाका प्रस्तुत गर्न उपसमितिअन्तर्गतको गृहकार्य टोलीलाई जिम्मेवारी दिने निर्णय भयो ।

## एकचालीसौ बैठक मिति २०६८।९।१५

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको ४१ औं बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका अन्य तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संवैधानिक समितिका माननीय सभापति र एक जना आमन्त्रित सदस्यको सहभागिता रहेको थियो ।

बैठकमा सर्वप्रथम कार्यदलका संयोजक माननीय श्री लक्ष्मणलाल कर्णले टुंगो लाग्न बाँकी १४ वटा विषयमा सहमति कायम गर्न कार्यदलले तयार पारेको सुझाव प्रतिवेदन र मौलिक हकको रुपमा प्रत्याभूत गरिएका उही कुरालाई राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा नदोहोऱ्याउन कार्यदलले तयार गरेको प्रस्ताव उपसमितिमा पेश गर्नु भयो ।

तत्पश्चात् उक्त दुबै प्रतिवेदनमाथि उपसमितिमा छलफल भयो । छलफलबाट देहायबमोजिकको निर्णय भयो :

१. विवादित विषयमध्ये बुँदा नं. ३ को प्रश्न नं. ४ मा रहेको विषय (विवादित ७५ वटा प्रश्नको सूचीमा ४५ नं. मा रहेको प्रश्न) मा मौलिक कअधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनको सि.नं. २ को उपधारा (१) मा रहेको "सघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" भन्ने शब्दावली नै उपयुक्त रहेकोले यथावत् कायम राख्ने र यसमा परिवर्तनको आवश्यकता नरहेकोले यो प्रश्न कायम गर्नु नपर्ने ।

२. विवादित विषयमध्ये बुंदा नं. ४ अन्तर्गतका ५ देखि ११ नं. सम्मका प्रश्नहरु (विवादित ७५ वटा प्रश्नको सूचीमा ४८,४९,५०,५१,५२,५३ र ५९ नं. मा रहेका प्रश्नहरु)

राजनीतिक अग्राधिकार र आत्मनिर्णयको अधिकारसंग सम्बन्धित रहेका उक्त दुवै विषय राज्यको पुनर्संरनचा तथा राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदनमा विवादको सूचीमा रहेको हुनाले यहाँबाट यी प्रश्नहरु हटाउने । यी दुवै विषयमा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिको प्रतिवेदन टुंगो लगाउँदा छलफल गरी टुंगो लगाउन उपयुक्त हुने ।

३. विवादित विषयमध्ये प्रस्तावनासंग सम्बन्धित प्रश्न नं. १२ (विवादित ७५ वटा प्रश्नको सूचीमा ७५ नं. मा रहेको प्रश्न) को सन्दर्भमा संवैधानिक समितिको प्रतिवेदनमा रहेको प्रस्तावनाको अनुच्छेद ३ लाई यसरी पुनर्लेखन गर्ने :-

"राष्ट्रियहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष, त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै"

उक्त अनुच्छेदको व्याख्यात्मक टिप्पणीमा देहायको व्यहोरा समावेश गर्ने :

"यो अनुच्छेदमा रहेको ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्ष" भन्नाले वि.सं. १००७ साल, २००७ साल, २०१८ साल, २०२८ साल, २०३५/३६ साल, २०४२ साल, २०४६ सालमा भएका ऐतिहासिक जनआन्दोलन, माओवादी जनयुद्ध, मधेश आन्दोलन, जनजाती आन्दोलन, थरुहट आन्दोलन, महिला, दलित, मजदुर, किसान, युवा विद्यार्थी, मुस्लिम समुदायलगायत समाजको विभिन्न तह र तप्काका जनताले गरेका सम्पूर्ण ऐतिहासिक आन्दोलन र सशस्त्र संघर्षलाई जनाउँछ ।"

४. प्रस्तावनासंग संवन्धित प्रश्न नं. १३ मा रहेको "बहुलवाद" संग संवन्धित विषय (विवादित ७५ वटा प्रश्नको सूचीमा ५८ नं. मा रहेको प्रश्न) र संविधान संशोधनसंवन्धी विषय टुंगो लाग्न बाँकी रहेकोले त्यसलाई त्यही स्थानमा छलफल गरी टुंगो लगाउन सकिने भएकोले यो प्रश्न पनि कायम राख्न नपर्ने ।

५. मौलिक हकको रुपमा प्रत्याभूत गरिएका उही कुरालाई राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा नदोहोर्‍याउन मिति २०६८।८।२८ गते संवैधानिक समितिमा भएको छलफललाई समेत आधार लिई भाषा र भाव दुवै रुपमा दोहोरिएका विषयहरुलाई यकिन गरी सुझाव पेश गर्न उपसमितिमा प्राप्त भएकोमा सो विषयमा उपसमितिअन्तर्गत निर्माण गरिएको कार्यदलले आज पेश गरेको प्रतिवेदनमाथि छलफल भई उक्त विषयलाई अन्तिम रुप प्रदान गरिएकोले संवैधानिक समितिमा पेश गर्ने ।

उपसमितिको मिति २०६८।८।२९को बैठकमा एकसरो छलफलबाट सहमति कायम भएका, संवैधानि समितिमा पनि छलफल गर्न उपयुक्तहुने देहायका विषयहरु पनि संवैधानिक समितिमा प्रस्तुत गर्ने ।

१. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा रहेको मौलिक हकसंवन्धी मस्यौदाको सि.नं. ५ को न्यायसंवन्धी हकको उपधारा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने :-

"तर यो संविधान जारी भएपछि घटित मानवता बिरुद्धको अपराध, युद्ध अपराध र आम नरसंहारसंवन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजायँ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"

२. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा देहायको व्यहोरा राख्ने :- "नेपालले प्रतिवद्धता जनाएको अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनको संवैधानिक प्रत्याभूति दिनको लागि यो व्यवस्था गरिएको छ । प्रतिवन्धात्मक वाकयांशमा उल्लेख भएको "आम नरसंहार" भन्ने शव्दावलीभित्र जातीय, भाषिक, धार्मिक, सास्कृतिक लगायत कुनैपनि आधारमा गरिने नरसंहारसमेत समेट्ने उद्येश्य राखिएको छ ।"

३. मौलिक अधिकार तथा निर्देशक सिद्धान्तको सिं नं. १० को सम्पत्तिसंवन्धी हकको समग्र व्यवस्था उपयुक्त र पर्याप्त रहेकोले उक्त व्यवस्थामाथि परेका फरकमतसंग संवन्धित तीनवटा टुंगो लाग्न बाँकी विषयहरु अब विवादको सूचीमा राख्न नपर्ने भएकोले हटाउने ।"

विवाद समाधान उपसमितिअन्तर्गतको कार्यदलले अध्ययन गरी देहायका विषयमा प्रतिवेदन पेश गरेका तर छलफल गरी टुंगो लगाउन समय अपुग भएकोले उक्त विषयमा संवैधानिक समितिले नै छलफल गरी टुंगो लगाउन सहज हुने उपयुक्त देखी उल्लिखित प्रतिवेदनहरु यसै प्रतिवेदनसाथ राखी समितिमा पेश गरिएको छ ।

क. विवाद समाधान उपसमितिको मिति २०६७।११।२७ को वैठकबाट जिम्मेवारी प्राप्त कार्यदलले तयार गरी उपसमितिमा २०६७।१२।१५ मा पेश गरेको न्याय प्रणालीसम्बन्धी विवादहरुको समाधान गर्नेसम्वन्धी प्रस्ताव ।

ख. राष्ट्रियसभाको भूमिका, काम कार्तव्य र अधिकारसंवन्धी प्रस्ताव ।

विवाद समाधान उपसमितिबाट सहमतिमा पुग्न नसकिएका विषयहरु :

**संघको शासन प्रणाली**

१. संघीय तहमा देहायकामध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने ?

क. सहमतीय (प्रत्यक्ष निर्वाचित) राष्ट्रपति प्रणाली

ख. संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली ।

ग. व्यवस्थापिकाबाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली

घ. आलंकारिक राष्ट्रपतीय प्रणाली र जनताबाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री ।

२. मन्त्रिपरिषद्को गठनविधि के हुने ?

**निर्वाचन प्रणली**

१. सबैतहका विधायिकामा महिलालगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?

(संघको शासन प्रणाली र निर्वाचन प्रणालीसंवन्धी विषयमा विवाद समाधान उपसमिति अन्तर्गतको कार्यदलले विस्तृत अध्ययन गरी उपसमितिमा प्रतिवेदन पेश गरेको थियो ।)

३. संविधान संशोधनसंग संवन्धित प्रश्न नं. १४ (विवादित ७५ वटा प्रश्नको सूचीमा ६० नं. मा रहेको प्रश्न) मा व्यापक छलफल भएपनि त्यसमा कार्यदलमा एकरुपतापूर्ण विचार कायम हुन नसकेकोले "वहुलवाद" लगायतका सबै विषयमा समितिलेनै छलफल गरी टुंगो लगाउने ।

## मिति २०६८।९।१७ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको वैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । वैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र एघार जना आमन्त्रित सदस्यको सहभागितामा छलफल भयो ।

## मिति २०६८।९।१९ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा वस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र एघार जना आमन्त्रित सदस्यको सहभागितामा छलफल भयो ।

## मिति २०६८।११।२ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको वैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा वस्यो । वैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र संवैधानिक समितिका माननीय सभापति र एक जना आमन्त्रित सदस्यको सहभागिता रहेको थियो ।

आजको बैठकले टुंगो लाग्न बाँकी विषयहरुमा सहमतिको प्रयासगर्न सामान्य छलफल भयो ।

## मिति २०६८।११।४ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र संवैधानिक समितिका माननीय सभापति र अन्य ६ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा संविधान निर्माणसंग सम्बन्धित टुंगो लाग्न बाँकी सबै विषयमा छलफल गरी सहमति निर्माण गर्ने प्रक्रियाको विषयमा व्यापक छलफल भयो । अब निश्चित विषय केन्द्रित भई छलफल गरी सहमति निर्माण गर्ने प्रक्रियामा सहमति भएको छ ।

## मिति २०६८।११।७ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ७ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा संघको शासन प्रणाली र संघीय मन्त्रिपरिषद्को गठन विधिसम्वन्धमा केन्द्रित रही विस्तृत छलफल भयो । उक्त छलफल जारी रहेको छ ।

## मिति २०६८।११।८ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ९ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा शासकीय स्वरुपसंग सम्बन्धित संघको शासन प्रणाली र संघीय मन्त्रिपरिषदको गठन विधि सम्वन्धमा छलफल समाप्त भयो ।

## मिति २०६८।११।२९ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय

उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ७ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

आजको बैठकमा संविधानका टुंगो लाग्न बाँकी विवादित विषयमा सहमति कायम गर्ने सम्बन्धमा र कार्यतालिका वारेमा छलफल भयो ।

## मिति २०६८।१२।१० गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा वस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ८ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा टुंगो लाग्न बाँकी सबै विषयहरुमा सहमति कायम गर्नेसम्बन्धमा समग्रमा विस्तृत रुपमा छलफल भयो । छलफलपछि शान्ति प्रक्रियालाई निर्णायक बिन्दुमा पुऱ्याउने र संविधानसंग सम्बन्धित टुंगो लाग्न बाँकी सबै विषयमा सहमति कायम गर्न राजनीतिक तहमा सकरात्मक रुपमा छलफल भई रहेकोले अझ केही समय सहमतिको लागि प्रयास गर्ने निर्णय भयो ।

## बैठक मिति २०६८।१२।१५ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा वस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ८ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा टुंगो लाग्न बाँकी न्याय प्रणालीसंग सम्बन्धित विषयहरुमा केन्द्रित रही विस्तृत रुपमा छलफल भयो । उक्त छलफल जारी रहेको छ ।

## मिति २०६९।१।५ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ११ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले यसबीचमा टुंगो लाग्ने बाँकी सबै विषयहरुमा केन्द्रित रही राजनीतिक तहमा विस्तृत रुपमा छलफल भएको, उक्त छलफल जारी रहेको र निर्णय भई नसकेको अवस्था हुंदा सहमतिको लागि केही समयको आवश्यकता महसुस गरिएको छ । के कति समय उपलब्ध हुन सक्छ संविधानसभाका सम्माननीय अध्यक्षको विचारले सहयोग पुग्न सक्छ भन्ने विचार व्यक्त गर्नु भयो । त्यसपछि संविधानसभाका सम्माननीय अध्यक्षले कार्यव्यवस्था

परामर्श समितिको गत चैत्र २३ गतेको बैठकले सहमति कायम गर्न अन्तिम पटकको लागि समयावधि निर्धारण गरेको तथ्य तर्फ ध्यानाकर्षण गराउदै अब केही समयपछि संविधानसभाको बैठक नै निश्चित गरी उक्त समय सम्म सहमति कायम हुन नसकेमा संविधानसभा नियमावलीबमोजिमको प्रक्रियामा प्रवेश गर्नु पर्ने अवस्था रहेको जानकारी गराउनुभयो । यो सबै कुराको निर्णय कार्यव्यवस्था परामर्श समितिको परामर्श पछि मात्र हुन सक्ने व्यहोरा पनि उहाले जानकारी गराउनु भयो । बैठकमा संवैधानिक समितिका माननीय सभापतिले आजै ३ बजे संवैधानिक समितिको बैठकसमेत बोलाईएको, विवाद समाधान उपसमितिसमक्ष सहमति गर्नु पर्ने थुप्रै गम्भिर विवादहरु रहेका, समय अत्यन्त छोटो रहेको र ज्येष्ठ १४ गते नजिकै आई सकेकोले अवस्था गम्भिर रहेकोतर्फ ध्यानाकर्षण गराउनु भएको थियो ।

अन्त्यमा माननीय संयोजकले संवैधानिक समितिको बैठकसमक्ष अझ केही समय सहमतिको लागि प्रयास गर्ने प्रस्ताव लिएर जान उपयुक्त हुने आजको उपसमितिको बैठकको निष्कर्ष सुनाउदै विवाद समाधान उपसमितिको अर्को बैठक पछि सूचना गरेपछि बस्ने गरी स्थगित भएको घोषणा गर्नु भयो ।

## बैठक मिति २०६९।१।११ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका चारजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, र अन्य १० जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले यसबीचमा राजनीतिक तहमा भएको छलफल र सहमतिको प्रगतिवारे जानकारी गराउनु भयो । सो क्रममा उहाँले संविधानमा टुंगो लाग्न बाँकी आधारभूत विषयमध्ये न्याय प्रणाली, निर्वाचन प्रणाली र नागरिकताको विषयमा राजनीतिक तहमा गम्भिर छलफल भई सहमति भईसकेको छ, केवल सहमतिलाई बिट मार्न मात्र बाँकी रहेको जानकारी दिनुभयो । साथै शासकीय स्वरुप र संघीय संरचनाको विषयमा अझै छलफल गर्न बाँकी रहेकोले भोली बैशाख १२ गते दिनभर राजनीतिक नेनृत्वलाई समय आवश्यक पर्छ, विवाद समाधान उपसमिति र संवैधानिक समितिको बैठक बैशाख १३ गते गर्ने गरी कार्ययोजना वनाएर जान व्यवहारिक हुने भएकोले यही प्रस्ताव आजको संवैधानिक समितिको बैठकमा राख्न उपयुक्त हुने प्रस्ताव राख्नु भयो । माननीय संयोजकको प्रस्तावमा बैठकले सहमति जनायो ।

## बैठक मिति २०६९।१।२५ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीनजना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र अन्य ११ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले संविधानसंग सम्वन्धित टुंगो लाग्न बाँकी विषयहरुमा चार राजनीतिक पक्षबीच र पार्टीहरुबीच पनि निरन्तर छलफल भईरहेको छ । सबै विषयको टुंगो अझै नलागेको सबैलाई जानकारी छ । सहमति हुन सक्दैन भनी सहमतिको सम्भावनालाई इन्कार गर्न

सक्ने अवस्था आईसकेको पनि छैन । आधारभूत विषयमा सहमति नगरी संविधान निर्माणको कार्यले सुनिश्चितता प्राप्त नगर्ने स्पष्ट छ । यसबीचमा संविधान निर्माणमा विश्वासको वातावरण बनाउनको लागि राष्ट्रिय सहमतिको सरकार निर्माण भएको छ । यो ठूलो राजनीतिक परिघटना हो । चार पक्ष एकै पटक सरकारमा सहभागी हुन सकिएन तापनि यसले छिट्टै पूर्णता पाउने विश्वास छ । समयको निकै दवाव भएकोले सम्माननीय अध्यक्ष र माननीय सभापतिसंग समय माग्न पनि हामीलाई गाह्रो भई रहेको छ । भोली सम्मको समय पाएमा सहमति कायम गर्न सकिने विश्वास हामी सबै नेतृत्वमा रहने साथीहरुले गरेका छौं । सहमति नभएमा प्रक्रियामा जाने सन्दर्भमा गर्नु पर्ने तयारीलाई पनि केही समय लाग्ने भएकोले सचिवालयले सो कार्य प्रारम्भ गरोस् । यसवीचमा राजनीतिक तहमा सहमतिको अन्तिम प्रयास गर्ने र समितिसमक्ष प्रतिवेदन लैजाने तयारी गर्न विवाद समाधान उपसमितिलाई पनि केही समय चाहिने भएकोले आज र भोली २ दिनको समय प्राप्त होस् । तसर्थ आजको संवैधानिक समितिलाई पर्सि २७ गते बिहान ८.०० बजेसम्मको लागि स्थगित गर्न माननीय सभापतिलाई अनुरोध गर्ने प्रस्ताव राख्नु भयो ।

तत्पश्चात् उक्त विषयमा संविधानसभाका सम्माननीय अध्यक्ष, संवैधानिक समितिका माननीय सभापतिलगायत विभिन्न ८ जना माननीय सदस्यहरुले आ-आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु भयो । अन्त्यमा माननीय संयोजकले राख्नु भएको प्रस्तावप्रति वैठकले सहमति जनायो ।

## मिति २०६९।१।२७ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको वैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष र अन्य १२ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले निरन्तरको राजनीतिक तहमा भएको प्रयासको वावजुद सहमति निर्माण गर्न नसकिएकाले यस उपसमितिमा कुनै विषयमा सहमति जुट्ने अवस्था रहेन भन्ने व्यहोरा बैठकलाई जानकारी गराउनु भयो । साथै, उहाँले हामी समयको अत्यन्त दवावमा रहेको हुनाले अब नियमावलीबमोजिमको प्रक्रिया र सहमतिको प्रयासलाई संगसंगै अघि बढाउनु पर्ने आवश्यकता रहेकोले संवैधानिक समितिलाई आवश्यक तयारी प्रारम्भ गर्न अनुरोध गर्ने र आज साँझसम्म सहमतिको प्रयास पनि गरिरहन उपयुक्त हुने प्रस्ताव राख्नु भयो । माननीय संयोजकले राख्नु भएको प्रस्तावप्रति वैठकले सहमति जनायो ।

## मिति २०६९।१।३० गते बिहान

संवैधानिकसमितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको वैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले राजनीतिक तहमा छलफल गर्न पर्ने भएकोले उपसमितिको वैठक साँझ ५ बजे बस्न उपयुक्त हुने प्रस्ताव राख्नु भयो । माननीय संयोजकले राख्नु भएको प्रस्तावप्रति वैठकले सहमति जनायो ।

## मिति २०६९।१।३० गते दिउंसो

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको दोस्रो बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा वस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको  सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले राजनीतिक तहमा भएको छलफलबाट सहमति कायम हुन नसकेको हुनाले संविधानसभा नियमावलीको प्रक्रियाबाट विषयको टुंगो लगाउन आवश्यक प्रश्नावली निर्माण गर्ने थालनी गरौं । राजनीतिक तहमा छलफल गरी सहमति गर्ने प्रयासलाई पनि निरन्तरता दिउँ भन्ने प्रस्ताव राख्नु भयो । माननीय संयोजकले राख्नु भएको प्रस्तावप्रति बैठकले सहमति जनायो । साथै भोलीको संवैधानिक समितिको बैठकमा लैजान सकिने प्रस्तावसम्वन्धमा भोली बिहान ८.०० बजे बस्ने उपसमितिको बैठकमा गृहकार्य गर्ने निर्णय पनि भयो ।

## मिति २०६९।१।३१ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीन जना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको  सहभागिता रहेको थियो ।

बैठकले संवैधानिक समतिमा सहमतिले टुंगो लाग्न नसकेका ११७ वटा विवादमध्ये शासकीय स्वरुप, निर्वाचन प्रणाली, न्याय प्रणाली, मौलिक हक र संवैधानिक समितिसंग सम्वन्धित ३० वटा विषयलाई संविधानसभामा निर्णयको लागि पेश गर्दा स्पष्ट जवाफ आउने गरी पुनः तर्जुमा गरी सो सम्बन्धि प्रतिवेदन तयार गऱ्यो । पुनः तर्जुमा गर्नुपर्ने विषयहरु धेरै रहेको र समय छोटो रहेको कारण पहिलो चरणमा यी विषयहरु आजै संवैधानिक समितिमा पठाउने र राज्यको पुनर्संरचनालगायत अन्य विषयका विवादहरुलाई अर्को बैठकबाट पुनः तर्जुमा गरी समितिमा पेश गर्ने निर्णय भयो ।

## मिति २०६९।२।१ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले सहमति हुन नसकेका विषयलाई संविधानसभा नियमावलीको प्रक्रियाबाट टुंगो लगाउन संविधानसभामा पेश गर्ने निर्णय भई प्रश्नावली निर्माण गरेर उपसमितिबाट हिजो संवैधानिक समितिमा पेश भएकोमा समितिले सो प्रश्नावली पनि स्वीकार गर्न नसकेको अवस्था छ।  प्रक्रियामा जानसमेत कठिनाई उत्पन्न भएको यस गम्भिर परिवेशमा संविधानका टुंगो लाग्न बाँकी आधारभूत विषयहरुमा चार राजनीतिक पक्षबीच सहमति नै गर्नु अपरिहार्य देखिएको छ । त्यसैले आज सहमतिको अन्तिम र निर्णायक प्रयास गरौं । विवाद समाधान

उपसमितिको बैठक आजै पछि बस्ने गरी अहिले स्थगित गरौं भन्ने प्रस्ताव गर्नु भयो । माननीय संयोजकको उक्त प्रस्तावमाथि बैठकले सहमति जनायो ।

## मिति २०६९।२।२ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका तीन जना माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति, अन्य ८ जना आमन्त्रित माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा माननीय संयोजकले प्रमुख राजनीतिक दलहरुका बिचमा आज संविधान निर्माणका सम्बन्धमा महत्वपूर्ण सहमति भएको छ । यस किसिमको सहमति अगाडिनै हुनुपर्ने थियो । हामीहरुले त्यसको लागि गहन प्रयास पनि गरेकै हौं । विभिन्न पटकका छलफलमा सहमति निकट पुगेर पनि सहमति हुन नसक्दा प्रकृयामा जान खोजेका थियौं । त्यो प्रकृयामा जान पनि प्रश्नावलीको अन्तिम रुप दिन कठिनाई भएको हो । निरन्तरको प्रयासपछि आज सहमति कायम भएको छ । राजनीतिक दलहरुको बीचमा भएको सहमतिलाई संविधानसभाको औपचारिक संस्थाहरु मार्फत नै अगाडी बढाउनुपर्ने अवस्था रहेको र यो उपसमितिमा त्यसको जिम्मेवारी रहेका कारणले विवादित प्रश्नहरुमा सहमति कायम भएअनुसार प्रतिवेदन तयार गरी भोली मिति २०६९।२।३ गते बस्ने यस उपसमितिमा पेश गर्नको लागि कार्यदललाई जिम्मा दिन र सो कार्यदलमा माननीय श्री वर्षमान पुन, माननीय श्री खिमलाल देवकोटा, माननीय श्री राधेश्याम अधिकारी, माननीय श्री रमेश लेखक, माननीय श्री भिमवहादुर रावल, माननीय श्री अग्नीप्रसाद खरेल र माननीय श्री कल्पना राणाको नाम प्रस्ताव गर्नुभयो । उक्त प्रस्तावलाई बैठकले स्वीकृत गर्‍यो । आज तीन राजनीतिक दलवीच भएको सहमतिका बुंदाहरु अनौपचारिक रुपमा बैठकमा वितरण भएको थियो । **(हस्ताक्षर नभएको दस्तावेजमा रहेका उक्त बुंदाहरु अनुसुचीमा जस्ताको तस्तै राखिएको छ ।)**

## बैठक मिति २०६९।२।३ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, सम्माननीय प्रधानमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति, अन्य २ जना आमन्त्रित माननीय सदस्यहरु र हिजो गठित कार्यदलका सबै माननीय सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा हिजो गठित कार्यदलले सहमति हुन बाँकी ११७ वटा विवादका विषयमा गरिने सहमतिको व्यहोरासहितको प्रतिवेदन प्रस्तुत गर्‍यो । कतिपय विषयवस्तुमा उपसमितिले अझै छलफल गर्नु पर्ने अवस्था रहेकोले उपसमितिको अर्को बैठक भोली जेठ ४ गते बिहीवार अपरान्ह १:०० बजे बस्ने गरी निर्धारण गरिएको छ । **कार्यदलले पेश गरेको प्रतिवेदन जस्ताको तस्तै अनुसूचीमा समावेश गरिएको छ ।**

## बैठक मिति २०६९।२।९ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको सहभागिता रहेको थियो ।

बैठकमा संविधान निर्माण गरिसक्नु पर्ने अवधि अत्यन्त छोटो रहेको वर्तमान परिवेशमा संविधानका टुंगो लाग्न बाँकी विषयहरुलाई टुंगो लगाई कसरी संविधान निर्माणको प्रक्रिया अघि बढाउन सकिन्छ भन्नेसम्बन्धमा विस्तृत छलफल भयो ।

बैठकको अन्त्यमा माननीय संयोजकले टुंगो लाग्न बाँकी विषयहरुमा राजनीतिक सहमति कायम गर्ने प्रयास जारी रहेको भएतापनि सहमति कायम भई नसकेको हुनाले संविधानसभा नियमावलीको प्रक्रियाबमोजिम अघि बढ्नको लागि विवादित विषयहरुलाई स्पष्ट जवाफ आउने गरी पुनः तर्जुमा गर्न सचिवालयले गृहकार्य प्रारम्भ गर्ने र उपसमितिको भोली बस्ने बैठकबाट अन्तिम रुप दिई संवैधानिक समितिमा पेश गर्ने प्रस्ताव गर्नु भयो । उक्त प्रस्तावमा बैठकले सहमति जनायो ।

## मिति २०६९।२।११ गते

संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको बैठक आज उपसमितिका संयोजक माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को संयोजकत्वमा बस्यो । बैठकमा उपसमितिका सबै माननीय सदस्यहरु, संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, संवैधानिक समितिका माननीय सभापति र आमन्त्रित सदस्य माननीय श्री झलनाथ खनालको सहभागिता रहेको थियो ।

बैठकको प्रारम्भमा माननीय संयोजकले टुंगो लाग्न बाँकी विषयहरुमा राजनीतिक सहमति कायम गर्ने प्रयास जारी रहेको भएतापनि सहमति कायम भई नसकेको हुनाले संविधानसभा नियमावलीको प्रक्रियाबमोजिम अघि बढ्नको लागि विवादित विषयहरुलाई स्पष्ट जवाफ आउने गरी पुनः तर्जुमा गर्न सचिवालयलाई निर्देशन दिएकोमा उक्त प्रश्नावली पेश गर्न समय दिनु भयो । त्यसपछि उक्त प्रश्नावली सबैले अध्ययन गर्ने, आजै १.०० बजे चार राजनीतिक पक्षको बैठक पनि रहेकोले भोली बिहान ८.३० बजे बैठक बस्ने निर्णय भयो ।

तर त्यसपछि विवाद समाधान उपसमितिको बैठक बस्न सकेन ।

# अनुसूची

## १. विवाद समाधान उपसमितिको मिति २०६७।११।२७ को बैठकबाट जिम्मेवारी प्राप्त कार्यदलले तयार गरी उपसमितिमा २०६७।१२।१५ मा पेश गरेको न्यायप्रणाली समिति सम्बन्धी विवादहरुको समाधान गर्ने सम्बन्धी प्रस्ताव

## १. संवैधानिक अदालत र सर्वोच्च अदालतको अधिकारक्षेत्रको बाँडफाँड

### संवैधानिक अदालतको क्षेत्राधिकार

१. संविधानसंग संघीय व्यवस्थापिकाबाट निर्मित ऐन र प्रदेश व्यवस्थापिकावाट निर्मित ऐन बाझिएको भन्ने प्रश्न ।

२. संघीय ऐनसंग प्रादेशिक ऐन बाझिएको भन्ने प्रश्न ।

३. आधारभुत संरचनाको रुपमा संविधानमा कुनै विषय राखिएमा संविधानमा भएको कुनै संशोधन संविधानको उक्त आधारभूत संरचना विपरीत छ भन्ने प्रश्न ।

४. प्रतिनिधिसभाको विघटनको संवैधानिकता सम्बन्धी विवाद **(यदी प्रतिनिधिसभा विघटन गर्न सकिने संवैधानिक व्यवस्था रहेमा)** ।

५. सङ्घ र प्रदेश बीच, सङ्घ र स्थानीय तहवीच, प्रदेश र प्रदेश बीच, प्रदेश र स्थानीय तह वीच, स्थानीय तह र स्थानीय तहवीच संविधानमा रहेको अधिकारको सूची सम्बन्धमा हुने विवाद ।

६. संवैधानिक निकायहरुवीच उत्पन्न हुने अधिकारक्षेत्रको विवाद तथा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, संघीय व्यवस्थापिका-संसदका सदस्यहरुको योग्यतासंग सम्बन्धित विवाद ।

७. राजनीतिक दलहरुको मान्यता सम्बन्धी विवाद ।

८. राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र संघीय व्यवस्थापिकाको निर्वाचन वदर सम्बन्धी उजुरी, प्रचलित कानूनले संवैधानिक अदालतवाट निरुपण हुने भनी निर्धारण गरेका निर्वाचन कसूर सम्वन्धी मुद्दा ।

९. संविधान सम्वन्धी कुनै जटिल प्रश्नमा संवैधानिक अदालतको राय लिन आवश्यक लागेमा राष्ट्रप्रमुखले उक्त विषय उल्लेख गरी संवैधानिक अदालतसँग रायका लागि अनुरोध गर्न सक्ने ।

१०. सर्वोच्च अदालत र मातहतका अदालतमा विचाराधीन कुनै मुद्दामा संविधानसंग संघीय व्यवस्थापिकाबाट निर्मित ऐन वा प्रदेश व्यवस्थापिकावाट निर्मित ऐन वा संघीय ऐनसंग प्रादेशिक ऐन वाझिएको भन्ने प्रश्न समेत समाहित भएकोमा सम्वन्धित अदालतले सो प्रश्न निरुपणको लागि संवैधानिक अदालतमा प्रस्तुत गर्नु पर्ने । उक्त प्रश्नको निरुपण संवैधानिक अदालतवाट भई आएपछि विवादको निर्णय सम्वन्धित अदालतवाटै हुने ।

११ संवैधानिक अदालतको निर्णय अन्तिम हुने, सर्वोच्च अदालत लगायत सबै अदालत, न्यायिक निकाय, सबै तहका सरकार र अधिकारीहरुको लागि बन्धनकारी हुने ।

१२.संवैधानिक अदालतको अन्य अधिकार र कार्यविधि प्रचलित कानून बमोजिम हुने ।

**सर्वोच्च अदालतको क्षेत्राधिकार,**

१. संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने ।

२. कानूनमा व्यवस्था भए बमोजिम शुरु मुद्दा हेर्ने अधिकार हुने ।

३. सर्वोच्च अदालतलाई संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक देहायका मुद्दाहरुमा पुनरावेदन सुन्ने अधिकार हुने :-

(क) उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा

(ख) उच्च अदालतले पुनरावेदन सुनी कारवाही र किनारा गरेको मुद्दामा कानूनको व्याख्या सम्वन्धी गम्भीर प्रश्न नीहित रहेको भनी सर्वोच्च अदालतले पुनरावेदन गर्नको लागि अनुमति दिएको मुद्दा

(ग) उच्च अदालतले पुनरावेदन सुनी कारवाही र किनारा गरेको मुद्दामा गंभीर कानूनी प्रश्न निहित रहेको कारण सर्वोच्च अदालतबाट निर्णय हुन मनासिब छ भनी सम्बन्धित उच्च अदालतले सिफारिश गरेको मुद्दा

(घ) उच्च अदालतले सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय हुने ठहराइ फैसला गरेको मुद्दा

४. प्रचलित कानून बमोजिम तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुने ।

५. मातहतको कुनै अदालत, निकाय वा अधिकारी समक्ष विचाराधीन रहेको कुनै मुद्दामा कुनै कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको र सो प्रश्न सार्वजनिक महत्व वा सरोकारको विषय भएको तथा त्यस्तै प्रश्न निहित मुद्दा सर्वोच्च अदालतमा पनि विचाराधीन रहेको अवस्थामा त्यस मुद्दाको निर्णय सर्वोच्च अदालतबाट हुन उपयुक्त छ भन्ने लागेमा वा सम्बन्धित अदालत, निकाय वा अधिकारीको प्रतिवेदन वा महान्यायाधिवक्ता वा मुद्दाको कुनै पक्षको निवेदनबाट देखिन आएमा त्यस्तो मुद्दाको मिसिल झिकाइ साथै राखी कारवाही र किनारा गर्ने अधिकार सर्वोच्च अदालतलाई हुने ।

६. मातहतको कुनै अदालत वा निकायमा दायर भएको कुनै मुद्दामा सुनुवाइ हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा कारण र आधार खुलाइ त्यस्तो मुद्दा एउटा अदालत वा निकायबाट झिकी अर्को अदालत वा निकायबाट सुनुवाइ गर्ने गरी तोक्ने अधिकार हुने ।

७. सर्वोच्च अदालतको अन्य अधिकार र कार्यविधि प्रचलित कानून बमोजिम हुने ।

## २. दुवै अदालतमा रहने न्यायाधीशहरुको संख्या

- प्रधान न्यायाधीश संवैधानिक अदालतमा पदेन अध्यक्ष हुने ।
- प्रधान न्यायाधीशको पद रिक्त रहेको अवस्थामा वा अनुपस्थित रहेको अवस्थामा का.मु. प्रधानन्यायाधीश वा निमित्त प्रधान न्यायाधीश पनि संवैधानिक अदालतको पदेन अध्यक्ष हुने ।
- संवैधानिक अदालतमा अध्यक्ष बाहकेका ५ जना न्यायाधीश रहने (विवादको अन्तिम निर्णय अध्यक्ष सहितको कम्तिमा ५ जना न्यायाधीश रहेको इजलासले गर्नु पर्ने व्यवस्था हुनु पर्ने ।)
- संवैधानिक अदालतका न्यायाधीशको पदावधि ६५ वर्ष उमेरको हदको अधिनमा रही बढीमा ९ वर्षको हुने,
- सर्वोच्च अदालतमा प्रधान न्यायाधीश सहित १५ जना न्यायाधीशको निश्चित संख्या राख्ने । (अस्थायी न्यायाधीश नियुक्त गर्ने व्यवस्था नराख्ने ।)

## ३. दुवै अदालतका न्यायाधीशहरुको योग्यता,

- कानूनमा स्नातकोपाधी प्राप्त गरी उच्च अदालत वा सो सरहको अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा सात वर्ष काम गरेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तिमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तिमा पन्ध्र वर्ष सम्म न्याय र कानूनको क्षेत्रमा निरन्तर काम गरेको वा न्यायसेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तिमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक मात्र प्रधानन्यायाधीश वा न्यायाधीश पदमा नियुक्तिको लागि योग्य हुने। **(न्यायप्रणाली सम्बन्धि समितिबाटै प्रस्ताव भएर आए बमोजिम)**
- **प्रधान न्यायाधीशको लागि थप योग्यता,**

सर्वोच्च अदालत वा सवैधानिक अदालतको न्यायाधीशमा कम्तिमा तीन वर्ष काम गरेको र पदावधि कम्तिमा २ वर्ष बाँकी रहेको हुनु पर्ने । **(न्यायप्रणाली सम्बन्धि समितिबाटै प्रस्ताव भएर आए बमोजिम)**

## ४. न्यायाधीशहरुको नियुक्ति र पदमुक्तिको सिफारिस गर्ने संयन्त्रको संरचना

संवैधानिक अदालत लगायत सबै तहका न्यायाधीशको योग्यता संविधान र संघीय कानूनले निर्धारण गरी न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही र बर्खासीसम्बन्धी विषयमा सिफारिश गर्न वा परामर्श दिन संघीय र प्रादेशिक तहमा देहाय बमोजिमका अलग अलग न्यायिक आयोगहरु राख्न उपयुक्त हुने :

<u>संघीय न्यायिक आयोग</u>: (१) संविधान र प्रचलित कानून बमोजिम संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही र बर्खासी सम्बन्धी विषयमा

सिफारिश गर्न वा परामर्श दिन एउटा संघीय न्यायिक आयोग रहने जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु हुने :-

(क) प्रधान न्यायाधीश -अध्यक्ष

(ख) संघीय न्याय मन्त्री -सदस्य

(ग) संवैधानिक अदालत र सर्वोच्च अदालतका एक एक जना बरिष्ठतम् न्यायाधीश दुईजना -सदस्य

(घ) राष्ट्रपतिले प्रतिनिधिसभाका सभामुखको सिफारिशमा मनोनीत गरेका कम्तिमा एकजना महिला सदस्य सहित प्रतिनिधिसभाका दुई जना सदस्य - सदस्य

(ङ) राष्ट्रपतिले राष्ट्रियसभाका अध्यक्षको सिफारिशमा मनोनीत गरेका राष्ट्रियसभाका एक जना सदस्य - सदस्य

(च) राष्ट्रपतिद्वारा प्रधानन्यायाधीशको सिफारिसमा नियुक्त सेवा निवृत्त संवैधानिक अदालत/सर्वोच्च अदालतका न्यायाधीश मध्ये दुईजना - सदस्य

(छ) राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको सिफारिसमा नियुक्त ख्यातीप्राप्त कानूनविद् एकजना - सदस्य

(ज) राष्ट्रपतिद्वारा नेपाल बार एशोसिएसनको सिफारिसमा नियुक्त वरिष्ठ अधिवक्ता एकजना - सदस्य

(२) उपधारा (१) को खण्ड (घ) बमोजिमको सदस्य मनोनीत गर्दा कम्तिमा एकजना सदस्य विपक्षी दलको पर्ने गरी फरक फरक दलको सदस्यहरु मनोनित गर्नुपर्ने ।

तर त्यस्तो सदस्यको पदावधि सम्बन्धित निजको कार्यकाल भन्दा बढी नहुने र कुनै कारणवश सम्बन्धित सदनमा निजको सदस्यता समाप्त भएमा निजको न्यायिक आयोगको सदस्यता पनि स्वतः समाप्त हुने ।

(३) उपधारा (१) को खण्ड (च), (छ) र (ज) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुने र निजहरुको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुने ।

(४) उपधारा (१) को खण्ड ((च), (छ) र (ज) बमोजिमको सदस्यलाई सर्वोच्च अदालतका न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिने ।

(५) उपधारा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिम नियुक्त वा मनोनित सदस्यको स्थान कुनै कारणले रिक्त भएमा जुन प्रक्रियाद्वारा नियुक्त वा मनोनित भएको सदस्यको स्थान रिक्त भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिने ।

(६) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि उच्च अदालतको मुख्य न्यायाधीशको नियुक्तिका लागि सम्बन्धित प्रदेशका न्याय मन्त्री र उच्च अदालतका

अन्य न्यायाधीशको नियुक्तिका लागि उच्च अदालतका मुख्य न्यायाधीश र सम्बन्धित प्रदेशका न्यायमन्त्री न्यायिक आयोगका पदेन सदस्य हुने ।

(७) न्यायिक आयोगले यस संविधान बमोजिम न्यायाधीश नियुक्तिको सिफारिस गर्नु भन्दा अगाडि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।

(८) संघीय न्यायिक आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि संघीय कानून बमोजिम हुने ।

**प्रादेशिक न्यायिक आयोग:** (१) संविधान र कानून बमोजिम स्थापना हुने जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्वन्धी कारवाही र बर्खासी सम्बन्धी विषयमा प्रदेश प्रमुखलाई सिफारिस गर्न वा परामर्श दिन प्रत्येक प्रदेशमा प्रादेशिक न्यायिक आयोग रहने जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु हुने :-

(क) प्रदेशस्थित उच्च अदालतका मुख्य न्यायाधीश - अध्यक्ष

(ख) प्रादेशिक न्याय मन्त्री - सदस्य

(ग) प्रदेश स्थित उच्च अदालतका वरिष्ठतम् न्यायाधीश - सदस्य

(घ) प्रदेश प्रमुखद्वारा प्रदेश स्थित उच्च अदालतका मुख्य न्यायाधीशको सिफारिसमा नियुक्त उच्च अदालत वा सो सरहको अदालतबाट सेवा निवृत्त दुईजना न्यायाधीश - सदस्य

(ङ) प्रदेश प्रमुखले प्रदेश सभाका सभामुखको सिफारिसमा मनोनित गरेका कम्तिमा एकजना महिला सदस्य सहित प्रदेश सभाका दुईजना सदस्य - सदस्य

(च) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा नियुक्त गरेका कानूनविद् एकजना - सदस्य

(छ) प्रदेश प्रमुखले प्रदेशस्थित वार एशोसिएसनको सिफारिसमा नियुक्त गरेका वरिष्ठ अधिवक्ता/ अधिवक्ता एकजना - सदस्य

(२) उपधारा (१) को खण्ड (ङ) बमोजिम सदस्य मनोनित गर्दा कम्तिमा एकजना सदस्य विपक्षी दलको पर्ने गरी फरक-फरक दलको सदस्यहरु मनोनित गर्नुपर्ने।

तर त्यस्तो सदस्यको पदावधि प्रदेशसभामा निजको कार्यकाल भन्दा बढी नहुने र कुनै कारणवश प्रदेशसभामा निजको सदस्यता समाप्त भएमा निजको प्रादेशिक न्यायिक आयोगको सदस्यता स्वतः समाप्त हुने ।

(३) उपधारा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यहरुको पदावधि चारवर्षको हुने, निजहरुको पारिश्रमिक तथा सुविधा उच्च अदालतका न्यायाधीशको सरह हुने ।

(४) उपधारा (१) को खण्ड (घ), (च) र (छ) बमोजिमको सदस्यलाई उच्च अदालतका न्यायाधीश सरह समान आधारमा समान तरिकाले पदबाट हटाउन सकिने ।

(५) उपधारा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिम नियुक्त वा मनोनित सदस्यको स्थान कुनै कारणले रिक्त भएमा जुन प्रक्रियाद्वारा नियुक्त वा मनोनित भएको सदस्यको स्थान रिक्त भएको हो, सोही प्रक्रियाद्वारा पदपूर्ति गरिने ।

(६) न्यायिक आयोगले यस संविधान बमोजिम न्यायाधीश नियुक्तिको सिफारिस गर्नु भन्दा अगाडि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।

(७) प्रादेशिक न्यायिक आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि प्रादेशिक कानून बमोजिम हुने ।

## ५. न्यायाधीशहरुलाई भ्रष्टाचार र अधिकारको दुरुपयोगका सम्बन्धमा कारवाही गर्ने संयन्त्र र प्रक्रिया

### (क) संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीशको हकमा

- संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरु विरुद्धमा परेका आचार संहिताको उल्लंघन लगायतका सबै गुनासो र उजुरीको सुनुवाई संघीय न्यायिक आयोगले गर्ने,
- यस सम्बन्धमा संघीय न्यायिक आयोगभित्र सदस्यको संयोजकत्वमा अलग्गै उजुरी सुन्ने इकाई गठन गर्नु पर्ने ।
- संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरु विरुद्धमा परेका कुनै पनि उजुरीको उजुरी सुन्ने इकाइले प्रारम्भिक जाँचवुझ गरी प्रतिवेदन तयार गर्नुपर्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले आचार संहिताको परिपालना नगरेको वा पदीय मर्यादा विपरितको काम गरेको भन्ने प्रमाणित भएमा आयोगको निर्णयले सो कुरा अभिलेखमा राखी सम्बन्धित न्यायाधीशलाई सचेत गराउने ।
- कुनै न्यायाधीश शारिरीक वा मानसिक अस्वस्थताको कारण पदीय कर्तव्य वहन गर्न असक्षम देखिएमा आयोगको निर्णयले सम्बन्धित न्यायाधीशलाई स्वेच्छिक अवकाश लिन निर्देशन दिन सक्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनवाट कुनै न्यायाधीशले भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको प्रथम दृष्टिमा पुष्टि हुन आएमा आयोगको निर्णयले संविधान र कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोगमा अनुसन्धान गर्न अधिकार प्राप्त निकाय समक्ष थप अनुसन्धान गरी आवश्यकता अनुसार मुद्दा दायरीको लागि फाईल पठाउन सक्ने ।
- कुनै न्यायाधीशमा उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनवाट पटक पटक आचार संहिताको उल्लंघन गरेको, पटक पटक पदीय मर्यादा विपरितको काम गरेको, कार्यक्षमताको अभाव देखिएको, पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको, खराव आचरण देखिएको अवस्थामा आयोगको निर्णय बमोजिम संवैधानिक अदालत र सर्वोच्च अदालतका न्यायाधीशको हकमा महाभियोगको लागि प्रतिनिधिसभामा लेखी पठाउने र उच्च अदालतको

मुख्य न्यायाधीश र न्यायाधीशहरुको हकमा आयोगको निर्णय बमोजिम कसुरको प्रकृतिको आधारमा पदमुक्त गर्न वा सेवाबाट बर्खास्त गर्न सक्ने ।

- भ्रष्टाचारको अभियोगमा कुनै पनि न्यायाधीशलाई पदमुक्त भएपछि वा बर्खास्त भएपछि वा महाभियोग प्रमाणित भएपछि कुनै पनि वखत अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सकिने ।

**(ख) जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशको हकमा**

- जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरुका विरुद्धमा परेका आचार संहिताको उल्लंघन लगायतका सवै गुनासो र उजुरीको सुनुवाई प्रदेश न्यायिक आयोगले गर्ने ।
- यस सम्बन्धमा प्रदेश न्यायिक आयोगभित्र सदस्यको संयोजकत्वमा अलग्गै उजुरी सुन्ने इकाई गठन गर्नु पर्ने ।
- जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरुका विरुद्धमा परेका कुनै पनि उजुरीको उजुरी सुन्ने इकाइले प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन तयार गर्नुपर्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले आचार संहिताको परिपालना नगरेको वा पदीय मर्यादा विपरितको काम गरेको भन्ने प्रमाणित भएमा आयोगको निर्णयले सो कुरा अभिलेखमा राखी सम्बन्धित न्यायाधीशलाई सचेत गराउने ।
- कुनै न्यायाधीश शारिरीक वा मानसिक अस्वस्थताको कारण पदीय कर्तव्य बहन गर्न असक्षम देखिएमा आयोगको निर्णयले सम्बन्धित न्यायाधीशलाई स्वेच्छिक अवकाश लिन निर्देशन दिन सक्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको प्रथम दृष्टिमा पुष्टि हुन आएमा आयोगको निर्णयले संविधान र कानून वमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोगमा अनुसन्धान गर्न अधिकार प्राप्त निकाय समक्ष थप अनुसन्धान गरी आवश्यकता अनुसार मुद्दा दायरीको लागि फाईल पठाउन सक्ने ।
- कुनै न्यायाधीशमा उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट पटक पटक आचार संहिताको उल्लंघन गरेको, पटक पटक पदीय मर्यादा विपरितको काम गरेको, कार्यक्षमताको अभाव देखिएको, पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको, खराव आचरण देखिएको अवस्थामा आयोगको निर्णय वमोजिम कसुरको प्रकृतिको आधारमा पदमुक्त गर्न वा सेवावाट वर्खास्त गर्न सक्ने ।
- भ्रष्टाचारको अभियोगमा कुनै पनि न्यायाधीशलाई पदमुक्त भएपछि वा बर्खास्त भएपछि कुनै पनि वखत अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सकिने ।

## २. मिति २०६८।२।५ को विवाद समाधान उपसमितिको बैठकमा संवैधानिक समितिका सचिव श्री टेकप्रसाद ढुङ्गानाले प्रस्तुत गरेको प्रस्ताव

### राष्ट्रिय सभाको भुमिका, काम कर्तव्य र अधिकार सम्बन्धी प्रस्ताव

संवैधानिक समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिको मिति २०६७।११।२५ को बैठकबाट प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदन रहेको व्यवस्थापिका-संसदको व्यवस्था गर्ने, संघीय व्यवस्थापिका-संसदका दुई सदन प्रतिनिधिसभा र राष्ट्रिय सभाको समान मर्यादा र समान संवैधानिक हैसियत स्थापना गर्न आवश्यक रहेको र दुईवटा सदनको काम नखप्टियोस् भनी यसका लागि गृहकार्य गर्न समितिको सचिवालयलाई उपसमितिले निर्देशन दिएको सन्दर्भमा यस सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यास समेतलाई मध्यनजर गरी राष्ट्रिय सभाको भुमिका सम्बन्धमा उपसमितिमा छलफलको लागि समितिको सचिवालयले यो प्रस्ताव तयार गरेको छ ।

### १. संघीय शासन व्यवस्था र दुई सदनात्मक व्यवस्थापिका

व्यवस्थापिका जनताको प्रतिनिधित्व गर्ने राज्यको प्रमुख अंग भएकोले यसको स्वरुप सम्वन्धित देशको इतिहास, भूगोल, जनताको आकाँक्षा, राजनीति र शासन व्यवस्थाले निर्धारण गर्दछ । विगतमा नेपाल एकात्मक शासन पद्धतिमा हुँदा पनि शासनको निमित्त खर्चलाई पर्वाह नगरी दुईसदनात्मक व्यवस्थापिका अंगालेको कुरा नेपाल अधिराज्यको संविधान, २०४७ बाट स्पष्ट हुन्छ । अब नेपाल संघीय शासन पद्धतिमा जाँदा दुईसदनात्मक व्यवस्थापिकाको आवश्यकता अझ बढी हुने कुरामा दुई मत हुन सक्दैन । संघीय शासन प्रणाली स्वशासन र साझा शासनको समिश्रण ( Combination of Self rule and Shared rule) भएकोले व्यवस्थापिकाको माथिल्लो सदनलाई साझा शासनको प्रभावकारी संयन्त्रको रुपमा ग्रहण गर्ने गरिएको छ । यसको अलवा माथिल्लो सदनको आवश्यकता पर्नुका कारणहरु देहाय बमोजिम रहेका छन्:-

१. दुई सदनात्मक व्यवस्थापिकामा तल्लो सदनले समग्र राष्ट्रका जनताको प्रतिनिधित्व गर्ने र त्यसको सोच र प्राथमिकता पनि त्यसै अनुकूल हुने हुँदा उक्त तल्लो सदनले स्थानीय, प्रान्तीय र क्षेत्रीय इच्छा अकाँक्षाहरुलाई संस्थागत रुपमा प्रतिनिधित्व गर्न असजिलो हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । तसर्थ संघीय व्यवस्थामा अधिकांश राष्ट्रहरुले माथिल्लो सदनलाई प्रान्तीय प्रतिनिधित्वको सभाको रुपमा स्थापना गरेको पाईन्छ । यसले राष्ट्रिय स्वार्थ (National Interest) र प्रान्तीय स्वार्थ (Provincial Interest) बीच एक आपसमा समन्वय, सन्तुलन र नियन्त्रण गर्न मद्दत गर्दछ ।

२. माथिल्लो सदनले प्रान्त, स्थानीय निकाय र क्षेत्रको प्रतिनिधित्व गर्ने हुँदा नेपाल जस्तो विविधताले सजीएको देशमा माथिल्लो सदनले राष्ट्रिय एकताको मुल्यलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने र राष्ट्रिय राजनीति तथा निर्वाचनको प्रक्रियाबाट प्रतिनिधित्व हासिल गर्न नसकेका अल्पसंख्यक र सिमान्तकृत समुदायको निमित्त विशेष व्यवस्था गरी माथिल्लो सदनमा प्रतिनिधित्वको सुनिश्चितता गर्न सकिन्छ । साथै निर्वाचनको राजनीतिक प्रतिस्पर्धामा सहभागि हुन नचाहने तर देशको विविध क्षेत्रमा महत्वपूर्ण योगदान गरेका र देशलाई अझै आवश्यक ठानिएको बौद्धिक वर्गको विषेशज्ञता पनि उपयोग गर्ने अवसर खुला गर्न सकिन्छ ।

३. व्यवस्थापिकाले विधि निर्माण मात्र नगरी, नीति विश्लेषण, कार्यपालिकामाथि नियन्त्रण र सन्तुलन, सार्वजनिक महत्वका विषयमा छलफल तथा जनप्रतिनिधिमुलक सरकारको मान्यतालाई मार्ग दर्शन गर्ने जस्ता गहन जिम्मेवारीहरु वहन गर्नुपर्ने हुन्छ । यस्तो स्थितिमा तल्लो सदनले गरेको निर्णय तथा कार्य माथिल्लो सदनले परिमार्जन गर्ने तथा तल्लो सदनले गर्न सक्ने त्रुटी माथिल्लो सदनबाट सच्याउन सकिने अवसर प्राप्त हुन्छ । त्यस्तै तल्लो सदनबाट राजनीतिक आग्रह वा दलीय हितलाई महत्व दिई पारित विधेयक तथा प्रस्तावलाई माथिल्लो सदनले ठण्डा दिमागमा सोच्न बाध्य गराउँछ ।

४. संघीय व्यवस्थामा यस्ता धेरै विषयहरु हुन्छन जसको समाधान व्यापक छलफल र राष्ट्रिय सहमतिबाट मात्र सम्भव हुन्छ । त्यस्ता विवादित विषयहरुको छलफल गर्न संघीय इकाईहरुको प्रतिनिधित्वको जगमा खडा भएको माथिल्लो सदन एउटा उपयुक्त र व्यवहारिक थलो हुनसक्छ । तल्लो सदन आवधिक भए तापनि त्यसको निरन्तरता हरहमेशा हुन्छ भन्ने सुनिश्चितता गर्न सकिदैन । देशको परिस्थिति अनुसार कुनै कालखण्डमा तल्लो सदनको निर्वाचन हुन नसकी वा विघटन भई निर्वाचनको कार्य सम्पन्न हुन बाँकी रहेको अवस्थामा माथिल्लो सदनले व्यवस्थापिकीय अंगको संस्थागत रिक्तता हुन नदिने र यो स्थायी प्रकृतिको सदन हुने हुँदा यसले लोकतन्त्र, जनहित र नेपालको एकतालाई पहरेदारको रुपमा सुरक्षित गर्ने भूमिका खेल्ने कुरामा पनि विश्वस्त हुन सकिन्छ ।

५. व्यवस्थापिकाको तल्लो सदनमा अधिकांश समय राजनीतिक मुद्दामा खर्च हुने गर्दछ । विधि निर्माण जस्ता महत्वपूर्ण काममा जति समय दिनुपर्ने हो सो समय यसले दिन सकेको हुँदैन । यस अवस्थामा उपल्लो सदनद्वारा तल्लो सदनको कार्यबोझलाई धेरै हदसम्म कम गर्न मद्दत गर्न सक्दछ ।

## २. संघीय व्यवस्थामा व्यवस्थापिकाको दोस्रो सदन (Second Chamber) को भुमिका

व्यवस्थापिकाको प्रमुख काम जनताको प्रतिनिधित्व गर्ने (Representation), कानून निर्माण गर्ने (Law Making) र कार्यकारी अंगका कामको अनुगमन, मुल्यांकन र नियन्त्रण गर्ने (Oversight) नै हो । व्यवस्थापिका कै एक अभिन्न अंग हुनाको नाताले यी सबै काममा दुवै सदन संलग्न हनु स्वभाविक हुन्छ । प्रान्त, स्थानीय तह र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्नु र स्थानीय हितलाई राष्ट्रिय राजनीतिको केन्द्र विन्दुमा ल्याउने कार्यमा व्यवस्थापिकाको माथिल्लो सदनले विशेष भुमिका निर्वाह गर्न सक्ने तथ्य अनुभवले प्रमाणित गरेको छ । माथिल्लो सदनको भुमिकाको सन्दर्भमा केही मुलुकको अभ्यासलाई उदाहरणको रुपमा लिने गरिएको छ ।

### दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाको National Council of Provinces लाई देहायको अधिकार रहने व्यवस्था संविधानमा रहेको देखिन्छ ।

१. पेश भएको कुनै पनि विधेयकमाथि विचार गर्ने, पारित गर्ने, संशोधन गर्ने, संशोधन प्रस्तावित गरेर तल्लो सदनमा पठाउने, विधेयक अस्वीकार गर्ने ।

२. प्रान्तिय र राष्ट्रिय सरकारको साझा सूचीका विषयमा विधेयक तयार गर्ने र पेश गर्ने तर अर्थ विधेयक तयार गर्ने र पेश गर्ने अधिकार नहुने ।

३. प्रान्तिय र राष्ट्रिय सरकारको साझा सूचीसंग सम्बन्धित विधेयकमा संशोधन वा अस्वीकृत गरेमा मध्यस्थता समितिमा पेश गरिने, त्यहाँ पनि समहति हुन नसकेमा तल्लो सदनबाट २/३ बहुमतले पारित भएमा विधेयक पारित भएको मानिने ।

## जर्मनी

जर्मनीमा दुई सदनात्मक व्यवस्थापिका भन्ने संवैधानिक परम्परा छैन । संविधानले राज्यक्तिलाई ५ वटा प्रमुख अंगमा विभाजन गरेको छ :- Federal President, Bundesrat, Bundestag, Federal Constitutional Court and Federal Cabinet. व्यवस्थापिकीय अधिकार स्वतन्त्रतापूर्वक Bundesrat र Bundestag ले प्रयोग गरि आएका छन् । प्रान्तहरुको सदनको रुपमा रहेको Bundesrat को अधिकार यस प्रकार रहेको छ :

१. संघीय सरकार र अप्रत्यक्ष रुपमा युरोपेली संघको सम्बन्धमा प्रान्तहरुको हितको प्रतिरक्षा गर्ने (It defends the interests of the Lander inrelation to the federation and indirectly to the European Union)

२. प्रान्त (Lander) हरुको राजनीतिक र प्रशासनिक अनुभवलाई संघीय कानून, प्रशासन र युरोपेली संघको मामिलामा आबद्धगरी संलग्न गर्ने

३. संघीय गणतन्त्र जर्मनीका अन्य अंगले जस्तै देशको समग्र जिम्मेवारीमा साँझेदारी गर्ने । त्यस अन्तर्गत देहायका अधिकार प्रयोग गरि आएको पाईन्छ :-

(क) कानून निर्माणको लागि विधेयक तर्जुमा गर्ने

(ख) सहमति नभएका विधेयकमा मध्यस्थता समिति बोलाउने

(ग) प्रान्त (Lander) हरुको हित गाँसिएका विधेयकहरु पारित गर्ने । यस्ता विधेयक Bundesrat ले पारित नगरी ऐन बन्न सक्दैनन् ।

(घ) प्रान्त (Lander) हरुको हित नगाँसिएका Bundestag (तल्लो सदन) ले पारित गरेका विधेयकहरु Bundesrat मा जान नपर्ने भए पनि यस्ता विधेयकमा Rejection प्रस्ताव राख्न सक्छ । Bundesrat ले २/३ बहुमतबाट अस्वीकार प्रस्ताव गरेको विधेयक Bundestag (तल्लो सदन) ले पुन: २/३ बहुमतबाट पारित गरेमात्र ऐन बन्न सक्छ ।

(ङ) युरोपेली संघ सम्बन्धी विधेयकमा छलफल गर्ने

(च) वैदेशिक मामिलामा सहभागि हुने ।

## इथियोपिया

इथियोपियाको माथिल्लो सदन House of Federation को काम, कर्तव्य र अधिकार यस प्रकार रहेको छ :-

१. संविधानको व्याख्या गर्ने ।

२. संवैधानिक जाँचबुझ परिषदको गठन गर्ने ।

३. राष्ट्र, जातीहरु र जनताको आत्मनिर्णयको अधिकारसंग (छुट्टिने अधिकार सहित) सम्बन्धी विषयको निरुपण गर्ने ।

४. इथियोपियाका जनताको समानतालाई सुदृढ गर्ने र आपसी सहमतिमा आधारित एकतालाई प्रबर्द्धन गर्ने ।

५. तल्लो सदनलाई दिएका जिम्मेवारी पनि साथै सम्पन्न गर्ने ।

६. राज्यहरुवीच उत्पन्न विवाद र असमझदारीहरुको समाधान गर्ने ।

७. संघीय तथा प्रान्तीय कर स्रोतबाट प्राप्त राजश्वको बाँडफाँडको आधार तय गर्ने तथा संघीय सरकारले प्रान्तलाई दिने Subsidies तय गर्ने

८. प्रतिनिधिसभाले कानून निर्माण गर्दा निरुपण गर्नु पर्ने देवानी विषयहरु (Civil Matters) निर्धारण गर्ने

९. संवैधानिक व्यवस्थालाई संकटमा पार्ने तथा संविधान उल्लंघन गर्ने प्रान्तमाथि संघीय हस्तक्षेप गर्न आदेश दिने ।

## ३. नेपालको व्यवस्थापिकाको माथिल्लो सदन (राष्ट्रिय सभा) को भुमिका सम्बन्धी प्रस्ताव

२०४७ सालको संविधानले सृजना गरेको नेपालको संसदको माथिल्लो सदन राष्ट्रियसभाको जिम्मेवारी केही कमजोर रहेको महशुस गरिएको थियो । अब बन्ने संविधानमा संघीय पद्धतिलाई आत्मसात गरी व्यवस्थापिकाको स्वरुप निर्धारण गरिने भएकोले प्रान्तहरुको सभाको रुपमा रहने **राष्ट्रिय सभा गरिमामय, प्रभावकारी र सार्थक भूमिका सहितको सदन** बन्नु पर्ने आवश्यकता छ । त्यसैले यसलाई दोहोरो भूमिकामा अधिकार सम्पन्न बनाउनु उपयुक्त हुने देखिन्छ । पहिलो भुमिका व्यवस्थापिकाको एक अभिन्न अंग हुनाको नाताले तल्लो सदनले गरेका काम कारवाहीमा सहभागिता रहने व्यवस्था गर्नु पर्दछ । उक्त भूमिकाका अलावा पनि उक्त सदनलाई उसले एक्लै निर्वाह गर्नुपर्ने एकलौटी अधिकार क्षेत्रको व्यवस्था समेत गरिनु पर्दछ ।

## (क) तल्लो सदनले गर्ने कार्यमा सार्थक सहभागिता हुनु पर्ने क्षेत्रहरु

### १. कानून निर्माणको विषय

कानून निर्माणको कार्यमा राष्ट्रिय सभाको भूमिका महत्वपूर्ण हुन्छ । तल्लो सदनमा कुनै विधेयकमा गम्भीर त्रुटी हुंदाहुंदै पनि सत्तापक्षको कार्यक्रम लागू गर्न भनी वा दलिय हितको दृष्टिले सो विधेयक हतार-हतार पारित गरेको हुन सक्छ । यस्तो विधेयक उपर ठण्डा दिमागले सोच्ने अवसर प्रदान गर्न तथा त्यसरी हतार-हतार ल्याइएको विधेयक उपर सार्वजनिक छलफलमा ल्याउने र त्रुटि सच्याउनको लागि राष्ट्रिय सभाले अस्वीकार गर्न सक्छ । राष्ट्रिय सभालाई यो अधिकार हुनु पर्दछ । राष्ट्रिय सभाले अस्वीकार गरेको विधेयक तल्लो सदनले यात फिर्ता लिनुपर्छ या त पूर्ण

बहुमतबाट फेरी एक पटक पारित गर्नु पर्दछ । पूर्ण बहुमतबाट पारित गर्न नसकेको खण्डमा विधेयक निष्क्रिय हुने व्यवस्था गर्नु पर्दछ ।

तल्लो सदनले पारित गरी पठाएको विधेयक (अर्थ विधेयक बाहेक) उपर राष्ट्रिय सभालाई चित्त नबुझेमा सो विधेयकलाई देहाय बमोजिम गर्नसक्ने गरी अधिकार प्रदान गरिनु पर्दछः-

१. सो विधयकलाई सुझाव सहित फिर्ता पठाउने,

२. सो विधेयकलाई संशोधन सहित पारित गर्ने,

३. सो विधेयकलाई दुई महिना सम्म केही कार्वाही नगरी चुप लागेर बस्ने,

४. सो विधेयकलाई अस्वीकृत गर्ने ।

राष्ट्रिय सभाले संशोधन सहित पारित गरेकोमा तल्लो सदनलाई चित्त नबुझेमा वा राष्ट्रिय सभाले विधेयकलाई अस्वीकृत गरेकोमा तल्लो सदनलाई चित्त नबुझेमा सम्पूर्ण सदस्य संख्याको पूर्ण बहुमतबाट फेरी एक पटक पारित गरेमा मात्र विधेयक पारित हुने व्यवस्था गर्नु उचित हुन्छ । यसले व्यवस्थापिका भित्रको नियन्त्रण र सन्तुलन (Intra-Legislature Check and Balance) सुनिश्चत गर्छ । कुनै विधेयक तल्लो सदनबाट पारित गर्दा निकै विवाद र तनावको अवस्था रहेकोमा राष्ट्रिय सभाले उक्त तनावको अवस्थालाई मत्थर गर्न सहयोग होस् भनी २ महिना सम्म केही नगरी राखिदिन सक्छ । यदि राष्ट्रियसभाले दुई महिना सम्म केही नगरी बसेमा त्यस पछि तल्लो सदनले सो विधेयकलाई राष्ट्रिय सभाले पारित गरेको मानी स्वीकृतिको लागि राष्ट्राध्यक्ष समक्ष पेश गर्न सक्दछ । सुझाव सहित फिर्ता पठाएकोमा उक्त सुझाव ग्रहण गर्न वा नगर्न तल्लो सदनले साधारण बहुमतबाट निर्णय गर्न पाउनु पर्दछ ।

केही विधेयकहरु राष्ट्रियसभाबाटमात्र उत्पत्ति हुनसक्ने भनि संविधानमा नै किटानी व्यवस्था गर्न सकिन्छ । जस्तै : साझा सूचीमा परेका विषयमा आवश्यक कानून बनाउन विधेयक पेश गर्दा, प्रान्तलाई असर पर्ने संविधान संशोधनको विधेयक पेश गर्दा वा प्रान्तसँग सम्बन्धित अन्य विषयगत विधेयक पेश गर्दा ।

माथिल्लो सदनमा उत्पत्ति भएको विधेयकलाई तल्लो सदनले अस्वीकृत वा संशोधन सहित पारित गर्न सक्छ । तल्लो सदनले अस्वीकृत गरेमा वा संशोधन सहित पारित गरेको कुरामा माथिल्लो सदनले स्वीकार गर्न नसकेमा त्यस्तो विवादको टुंगो लगाउन दुवै सदनको संयुक्त बैठकको आह्वान गरिने व्यवस्था हुनु पर्दछ । त्यसरी संयुक्त बैठक बोलाउनु अघि दुवै सदनको प्रतिनिधि भएको संयुक्त समितिमा विवादित विषयमा छलफल गर्नु उचित हुने हुँदा सो बारे पनि व्यवस्था गर्नु आवश्यक हुन्छ । साधारणतया तल्लो सदनलाई स्वीकार्य नभएकोमा विधेयक संयुक्त बैठकबाट पारित हुन गाह्रै पर्छ तर यदि त्यस्तो विधेयकमा तल्लो सदनका सदस्यहरु बराबरीमा विभाजित छन भने माथिल्लो सदनको चाहना बमोजिम विधेयक पारित पनि हुनसक्छ ।

अर्थ विधेयकमा निर्वाचित प्रतिनिधि रहने तल्लो सदनको निर्णायक भूमिका रहने र यसमा गतिरोध (Deadlock) भई राष्ट्रको कामकारवाहीमा अवरोध नहोस भन्ने मान्यता रहेको छ । त्यसैले अर्थ विधेयकको हकमा तल्लो सदनमा मात्र पेश गर्न सकिन्छ र तल्लो सदनले पारित गरेको अर्थ विधेयकलाई माथिल्लो सदनले १५ दिनसम्म ढिलाइ गर्ने वा सुझाव सहित फिर्ता पठाउने कुरामा बाहेक अन्य अधिकार दिइनु आवश्यक हुदैन ।

## २. कार्यपालिका उपर नियन्त्रण गर्ने विषय

राष्ट्रिय सभाले मन्त्रीहरुलाई विभिन्न विषयमा स्पष्टिकरण माग्ने, ध्यानाकर्षण गर्ने, राय सल्लाह दिने कार्य गर्नसक्छ । तल्लो सदन विघटन भएको अवस्थामा संकटकालिन स्थितिको घोषणाको अनुमोदन गर्ने तथा सो संकटकालीन स्थितिको म्याद बढाउने कुरामा यसले जिम्मेवारी लिनुपर्ने हुन्छ । संघीय व्यवस्थापिकामा राष्ट्रपतिलाई महाअभियोग लगाउँदा तल्लो सदनले २/३ बहुमतबाट प्रस्ताव पारित गर्ने र माथिल्लो सदनले २/३ बहुमतबाट अनुमोदन गर्ने अधिकार प्रदान गरिनु पर्दछ । यी अधिकारहरु प्रदान भएमा माथिल्लो सदनको गरिमा र स्तर उच्च हुनेछ ।

## ३. संविधान संशोधन सम्बन्धी विधेयक पारित गर्ने विषय

संविधान संशोधनले अधिकार बाँडफाँड र अन्य कुराहरुमा समेत गम्भीर प्रभाव पर्ने हुँदा सवै संविधान संशोधन विधेयकमा राष्ट्रिय सभालाई तल्लो सदन सरह समान अधिकार दिने प्रचलन रहेको छ । त्यस्तो संविधान संशोधनको प्रस्ताव माथिल्लो सदनको स्वीकृति विना पारित हुन नसक्ने, पारित गर्दा खासगरी प्रान्तको अधिकारमा प्रतिकूल असर पर्न नदिनमा राष्ट्रियसभाको भुमिका निर्णायक हुन्छ । प्रान्तको एकलौटी अधिकारको सूचीलाई हेरफेर गर्ने संविधान संशोधनको प्रस्ताव राष्ट्रिय सभामा मात्र उत्पति हुनसक्ने प्रावधान समेत राख्न सकिन्छ ।

## ४. संवैधानिक पदाधिकारीहरुको नियुक्ति र महाभियोग सम्बन्धी विषय

कार्यपालिकाले महत्वपूर्ण संवैधानिक पदमा नियुक्ती गर्दा संसदीय सुनुवाई गर्ने विद्यमान प्रणाली यथावत रहेमा उक्त सुनुवाई राष्ट्रिय सभाले गर्ने व्यवस्था उचित हुने र त्यसबाट नियन्त्रण र सन्तुलनको सिद्धान्त अझ प्रभावकारी हुने देखिन्छ । संवैधानिक पदाधिकारीहरुलाई महाभियोगको प्रक्रियाबाट हटाउँदा तल्लो सदनले प्रस्ताव पारित गर्ने र उपल्लो सदनले सो स्वीकृत प्रस्तावलाई अनुमोदन गर्नुपर्ने व्यवस्था गर्दा यसको प्रतिष्ठा अझ बढ्न सक्छ ।

## (ख) राष्ट्रियसभालाई एकलौटी अधिकार हुनु पर्ने विषयहरु

राष्ट्रियसभाले प्रान्तहरु र स्थानीय तहको इच्छा आकांक्षालाई समेट्ने र बुझ्ने हुँदा यसलाई केही एकलौटी अधिकारहरु प्रदान गरिनु पर्दछ । ती विषयहरु यस प्रकार रहेका छन् :-

(क) संघीय सरकारवाट विभिन्न प्रान्तलाई जाने बार्षिक वजेटको वितरण विधि तय गरी तदनुरुप सम्बन्धित मन्त्रालयलाई सिफारिस गर्ने । यसरी सिफारिश गर्दा वित्तीय आयोगको सिफारिश सहितको प्रतिवेदनलाई आधार वनाउनु पर्ने ।

(ख) प्रान्तहरुलाई गरिएको वजेट विनियोजन अनुसार काम भयो भएन भन्ने विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ग) नेपालमा रहेका विभिन्न समुदायहरु र प्रान्तहरुसँग सम्बन्धित भाषा, धर्म, संस्कृति, प्राकृतिक स्रोत साधन सम्वन्धी विधेयक मस्यौदा गरी प्रवेश गराउने ।

(घ) संघ र प्रान्त तथा प्रान्त-प्रान्तहरु बीचको राजनीतिक विवाद समाधान गर्ने । तर यो विषयले संवैधानिक अदालतको अधिकार क्षेत्रलाई सिमित गरेको मानिने छैन ।

(ङ) प्रान्तीय अधिकारको सूची भित्र पर्ने विषयमा भएका सन्धी सम्झौताको अनुमोदन गर्ने ।

(च) संवैधानिक व्यवस्थालाई संकटमा पार्ने तथा संविधान उल्लंघन गर्ने प्रान्तमाथि संविधानमा व्यवस्था भएबमोजिम संघीय सरकारले हस्तक्षेप गरी प्रान्तिय विधायिका विघटन गरेको वा प्रान्तिय सरकार विघटन गरेको वा दुवै गरेकोमा सोको अनुमोदन राष्ट्रिय सभाले गर्नु पर्ने ।

## ३. विवाद समाधान उपसमिति अन्तर्गत निर्माण गरिएको कार्यदलले शासकीय स्वरुप र निर्वाचन प्रणाली सम्बन्धी विवाद समाधान गर्न तयार गरी मिति २०६८।७।२८ मा पेश गरेको प्रस्ताव ।

माननीय संयोजकज्यू
विवाद समाधान उपसमिति ।

**विषयः शासकीय स्वरुप र निर्वाचन प्रणाली सम्बन्धमा तुलनात्मक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

उपर्युक्त विषयको सम्वन्धमा विवाद समाधान उपसमितिको मिति २०६८।७।१८ गते वसेको बैठकले राज्यको शासकीय स्वरुप र निर्वाचन प्रणालीसँग सम्बन्धित विवाद समाधानको लागि उपसमिति अन्तर्गत गठित कार्यदलले गृहकार्य गरी लिखित प्रतिवेदन उपसमितिको बैठकमा पेश गर्ने निर्णय भए बमोजिम दुवै विषयमा तुलनात्मक अध्ययन गरी सुझाव सहितको लिखित प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

कार्यदलको तर्फवाट,

संयोजक लक्ष्मणलाल कर्ण
सदस्य राधेश्याम अधिकारी
सदस्य अग्निप्रसाद खरेल
सदस्य सपना प्रधान मल्ल
सदस्य खिमलाल देवकोटा

मिति : २०६८।७।२८

# शासन प्रणालीको तुलनात्मक अध्ययन

## १. विश्वमा देखापरेका शासन प्रणालीका प्रमुख स्वरुपहरु

- संसदीय शासन प्रणाली (Parliamentary System of Government),
- राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government),
- मिश्रित शासन प्रणाली (Mixed or Semi-Presidential System of Government),
- प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणाली (Direct Elected Prime Ministerial System of Government)

## २. संसदीय शासन प्रणाली

- राज्यका अन्य अङ्गहरूको तुलनामा व्यवस्थापिका अर्थात संसद प्रधान रहने प्रणालीलाई संसदीय शासन प्रणाली भनिन्छ ।
- यो प्रणाली बेलायतको संसदीय अभ्यासबाट विकसित भएको हो ।
- संसदीय शासन प्रणालीमा कार्यपालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यवस्थापिकाको समर्थनमाथि निर्भर रहन्छ । यस्तो समर्थन र विरोध विश्वास र अविश्वासको प्रस्तावबाट अभिव्यक्त हुन्छ ।
- यस शासन पद्धतिमा सामान्यतया राष्ट्रप्रमुख र सरकारप्रमुख अलग अलग व्यक्ति हुन्छन् ।
- यद्यपि कतै कतै एउटै व्यक्तिलाई पनि दुवै जिम्मेवारी दिइएको पाइन्छ । जस्तो दक्षिण अफ्रिका, वोत्सवाना, मार्शल द्वीप र नाउरू ।
- मुलुकको सम्पूर्ण कार्यकारी अधिकार खासगरी सरकारप्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ र राष्ट्रप्रमुख नाम मात्रको अर्थात Figurehead मात्र हुन्छ ।
- हाल संसदीय शासन प्रणाली अवलम्बन गर्ने विभिन्न मुलुकहरूमध्ये कुनैमा राष्ट्रप्रमुखको रूपमा राजा (संबैधानिक वा सेरेमोनियल) रहेका छन् भने कतिपय मुलुकहरूमा राष्ट्रपति रहेका छन् ।
- बेलायत, भारत, पाकिस्तान, अष्ट्रेलिया, क्यानडालगायत अहिले विश्वका करीव ६६ वटा देशहरूले पूर्ण रूपको संसदीय शासन प्रणालीको अवलम्बन गरेका छन् ।
- बेलायतबाट विकास भएकोले त्यहाँको संसद भवन रहेको वेस्टमिनिस्टरको नामबाट यसलाई वेस्टमिनिस्टर मोडलको शासन प्रणाली पनि भनिने गरेको पाईन्छ ।

### २.१ संसदीय प्रणालीका केही विशेषताहरु

- राष्ट्रप्रमुख र सरकारप्रमुखको अलग अस्तित्व हुने,
- प्रतिकात्मक र सम्मानित राष्ट्रप्रमुख रहने,

- बहुमतको शासन, संसदको बहुमतबाट विश्वास प्राप्त व्यक्ति नै सरकारप्रमुख हुने, संसदका सदस्यहरुबाट नै मन्त्रिपरिषद्को गठन हुने ।
- सशक्त र जिम्मेवार प्रतिपक्षको व्यवस्था रहने ।
- मन्त्रिपरिषद् र त्यसका सदस्यहरु सामूहिक र व्यक्तिगत दुवै रुपमा संसद प्रति उत्तरदायी हुने ।
- व्यवस्थापिका र कार्यपालिकाबीचको सम्बन्ध परस्परमा अन्योन्याश्रित रहने ।
- विधायिकी र कार्यपालिकीय शक्तिको 'फ्यूजन' हुने ।
- संसदले असहयोग गरेमा प्रधानमन्त्रीले संसदको विघटन गरी ताजा जनादेशकालागी निर्वाचनमा जान सक्ने ।
- संसदमा हुने छलफलहरू प्रतिद्वन्दात्मक (Adversarial) प्रकृतिको हुने ।

## २.२ संसदीय शासन प्रणालीका केही सवल पक्षहरु

- संसदमा बहुमत हुने हुनाले सरकारले प्रभावकारी रुपमा विनाअवरोध कार्यगर्न सक्ने ।
- कडा दलीय अनुशासन र ह्वीप प्रणाली ।
- राष्ट्रप्रमुख सम्मानित रुपमा रहने ।
- राष्ट्रप्रमुख र सरकारप्रमुख फरक फरक व्यक्ति हुनाले विविधताको प्रतिनिधित्व हुन सक्ने ।
- सरकार प्रमुख निरंकुश र गैरजिम्मेवार बन्ने संभावना कम हुने ।

## २.३ संसदीय शासन प्रणालीमा देखा परेका केही कमि कमजोरीहरु

- व्यवस्थापिका र कार्यपालिकाबीच वास्तविक रूपमा शक्तिको पृथकीकरणको अभाव देखिएको ।
- सरकार सदैव राजनैतिक दलको प्रभावमा रहने गरेको ।
- सरकारप्रमुखबाट संसद र संसदबाट सरकार निरन्तर रुपमा प्रभावित हुने अवस्था रहेको ।
- संसदमा कुनै पनि दलको बहुमत नभएको (Hung Parliament) अवस्थामा सरकार अस्थिर भई त्यसले राजनीतिक अस्थिरताको सृजना हुने ।
- सरकारप्रमुखले आफूलाई अनुकूल लागेको अवस्थामा जहिले पनि संसद विघटन गरी मध्यावधि निर्वाचनमा जान सक्ने र यो अधिकारको दुरुपयोग हुने संभावना ।
- सदैव लोकप्रीय जनमतको बहुमतमाथि अल्पमतले शासन गर्ने अवस्था रहेको ।
- संसदमा विश्वास प्राप्त गरिराख्नको लागि गैरसंसदीय र गैरराजनीतिक कृयाकलाप हुन सक्ने ।

## ३. राष्ट्रपतीय शासन प्रणाली

- कार्यकारिणी प्रधान रहने प्रणालीलाई राष्ट्रपतिय प्रणाली भनिने ।
- राष्ट्रप्रमुख र सरकारप्रमुख एउटै व्यक्ति हुने ।
- जनताको प्रत्यक्ष मतबाट निर्वाचित भएको राष्ट्रप्रमुख हुने ।
- राष्ट्रप्रमुख व्यवस्थापिकाप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुदैन र ऊ संसदको सदस्य पनि हुदैन ।
- कार्यपालिका र व्यवस्थापिकाले विशेष अवस्थामा बाहेक परस्परमा स्वतन्त्र रूपमा कार्य गर्दछन् ।
- हाल अमेरिका, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, कोस्टारिका, कोलम्बिया लगायतका अमेरिकी महादेशका अधिकांश मुलुकसहित ५५ देशमा यो शासन प्रणाली विद्यमान भएको पाईन्छ ।

## ३.१ राष्ट्रपतीय शासन प्रणालीका केही विशेषताहरु

- व्यवस्थापिका र कार्यकारिणीले पुरै अवधि कामगर्न सक्ने ।
- वास्तविक रुपमा शक्तिको पृथकीकरण हुने ।
- कार्यकारी प्रमुख विधायिकाको नियमित नियन्त्रणबाट बाहिर रहने ।
- मन्त्रिपरिषद्का सदस्यहरुलाई राष्ट्रपतिका सल्लाहकारमात्र मानिने ।
- सामान्यतया संसदका सदस्यमध्येबाट मन्त्री नियुक्ति नगरिने ।
- सेना, प्रहरी, नागरिक प्रशासन राष्ट्रपतिको मातहत रहने , नियन्त्रणमा एकरुपता हुने ।
- राष्ट्रपतिले गरेका महत्वपूर्ण संघीय नियुक्तिहरु, अन्तर्राष्ट्रिय सन्धिहरु माथिल्लो सदनबाट अनुमोदन गराउनु पर्ने व्यवस्था ।

## ३.२ राष्ट्रपतीय शासन प्रणालीका केही सवल पक्षहरु

- वास्तविक रुपमा शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको व्यवस्था ।
- जनताप्रति प्रत्यक्षरुपमा उत्तरदायी हुने ।
- मतदाताहरुलाई प्रत्यक्षरुपमा छनोटको अवसर प्राप्त हुने ।
- सरकार स्थिर हुने ।
- सरकारले प्रभावकारी र शीघ्र रुपमा काम गर्न सक्ने ।

## ३.३ राष्ट्रपतीय शासन प्रणालीका केही कमि कमजोरीहरु

- जवाफदेहितालाई वेवास्ता गरिने ।

- निरकुंशता, सैनिक विद्रोह र संवैधानिक दुर्घटनाको सम्भावना ।
- राज्यका राजनीतिक अङ्गहरु एकअर्कासंग स्वतन्त्र रही काम गर्ने र एकअर्काप्रति उत्तरदायी नरहने भएकोले उनीहरुवीच शक्तिसंघर्ष बढ्न सक्ने ।
- राजनीतिक अङ्गहरु एकले अर्कालाई समाप्त गर्न नसक्ने भएकोले परस्परमा संवादहिनताको अवस्था सृजना हुन सक्ने. ।
- सहज नेतृत्व हस्तान्तरणमा कठिनाई

## ४. मिश्रित शासन प्रणाली

- फ्रान्समा १९५८ मा पाँचौ गणतन्त्रको संविधान जारी भएपछि त्यहाँ यस प्रकारको पद्धतिको शुरूवात भएको ।
- राष्ट्रप्रमुख र सरकारप्रमुख दुबैले मुलुकको कार्यकारिणी अधिकार प्रयोग गर्ने ।
- सामान्यतया प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रप्रमुख र संसदको वहुमत प्राप्त व्यक्ति सरकारप्रमुख हुने
- राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले स्वभाविक रूपमा सरकारप्रमुखको तुलनामा राष्ट्रप्रमुखको पद महत्वपूर्ण मानिने ।
- यस पद्धतिलाई राजनीति शास्त्रीहरूले Semi-Presidential System भन्ने गरेका, हाल फान्स, फिनल्याण्ड, पोर्चुगल, रोमानिया, पेरु, रुस लगायत ४१ देशमा यो प्रणाली रहेको ।

## ४.१ मिश्रित प्रणालीका केही विशेषताहरु

- राष्ट्रप्रमुख र व्यवस्थापिकाको निर्वाचन अलग अलग रुपमा हुने ।
- राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा (महाभियोग वाहेक) व्यवस्थापिकाको कुनै भूमिका नहुने ।
- मिश्रित प्रणाली अपनाएका केही मुलुकमा सरकार प्रमुखको रुपमा रहने प्रधानमन्त्रीलाई हटाउने स्वविवेकीय अधिकार राष्ट्रप्रमुखलाई हुने पद्धति छ, जस्तो पेरु, रुस, जर्जिया भने अन्य केही मुलुकमा व्यवस्थापिकावाट अविश्वासको प्रस्ताव पारित गरेर प्रधानमन्त्री हटाउने व्यवस्था गरिएको छ जस्तो फान्स, पोर्चुगल, रोमानिया आदी ।
- राष्ट्रप्रमुखले व्यवस्थापिका भंग गर्न सक्ने, व्यवस्थापिकाबाट पारित विधेयकमाथि भिटो प्रयोग गर्न सक्ने र व्यवस्थापिकामा कसैको वहुमत नभएको अवस्थामा प्रधानमन्त्रीको नियुक्ति गर्न सक्ने ।

## ४.१ मिश्रित शासन प्रणालीका केही कमजोरीहरु

- कुनै एकरुपतापूर्ण पद्धति नरही राष्ट्रहरुको फरकफरक अभ्यास रहेको ।
- राष्ट्रपतिको दलले व्यवस्थापिकामा वहुमत प्राप्त गर्न नसकेको अवस्थामा शक्तिसघर्ष चर्कने र सहज रुपमा सरकार सञ्चालन गर्न कठिनाई पर्ने ।

- राष्ट्रपति र प्रधानमन्त्रीबीच व्यक्तित्वको टकराव हुन सक्ने सम्भावना ।
- सहकार्य र संयुक्त सरकारको सँस्कृति (Culture of Coalition) विना पद्धति चल्न गाह्रो हुने ।

## ५. प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय शासन प्रणाली

- राष्ट्रपतीय शासन प्रणालीको केही पक्षहरूलाई सुधार गरी कार्यान्वयनमा ल्याईएको शासन पद्धति ।
- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष रूपमा हुने ।
- मुलुकको कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा नै निहित रहने ।
- राष्ट्रप्रमुखको रूपमा राष्ट्रपति रहने र ऊ प्रत्यक्ष रूपमा निर्वाचित व्यक्ति नभई निर्वाचक मण्डलद्वारा अप्रत्यक्ष रूपमा निर्वाचित हुने ।
- राष्ट्रप्रमुखको भूमिका संसदीय व्यवस्था कै राष्ट्रप्रमुखको सरह सेरेमोनियल वा संवैधानिक रूपको मात्र हुने ।
- यो प्रणाली सन् १९९६ देखि इजरायलमा लागू भएको तर सन् २००३ मा परिवर्तन भई सकेको ।

## ५.१ प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय शासन प्रणालीका केही विशेषताहरु

- जनताप्रति प्रत्यक्ष रुपमा उत्तरदायी शासन प्रणाली
- राजनीतिक स्थिरता कायम रहन सक्ने ।
- संसद र प्रधानमन्त्रीको निर्वाचन एकसाथ हुने । संसद र प्रधानमन्त्रिवीच गहिरो सम्बन्ध स्थापित हुने ।
- संसदका सदस्यहरुमध्येबाट प्रधानमन्त्रीले मन्त्रिपरिषदको गठन गर्ने ।
- विद्यमान संसदमा कम्तिमा १० जना सदस्य भएको दल वा दलहरुको गठवन्धनले प्रस्ताव गरेको व्यक्ति वा कम्तिमा ५० हजार मतदाताले प्रस्ताव गरेको व्यक्ति प्रधानमन्त्रीमा उम्मेदवार हुन सक्ने अभ्यास ।
- प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वा संसदबाट बजेट अस्वीकृत भएमा प्रधानमन्त्री पनि पदमुक्त हुने संसदको पदावधि पनि समाप्न हुने ।
- प्रधानमन्त्रीले संसद भंग गर्न सक्ने तर संगसगै प्रधानमन्त्रीको समेत निर्वाचन हुने ।

## ५.२ प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय शासन प्रणालीका केही सवल पक्षहरु

- स्थिर सरकार हुन सक्ने ।
- संसदले बारम्बार सरकार परिवर्तन गर्न नसक्ने ।

## ५.३ प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय शासन प्रणालीका केही कमजोरीहरु

- कुनै स्थापित मूल्य मान्यताहरु नरहेको ।
- सबै मन्त्रीहरु संसद सदस्यबाटै नियुक्ति गर्नु पर्ने वा नपर्ने स्पष्ट नभएको ।
- प्रधानमन्त्रीको जवाफदेहिता सुनिश्चित गर्ने विधि र उसलाई हटाउने प्रक्रियाबीचको सन्तुलन कसरी कायम गर्ने भन्ने प्रश्न अनुत्तरित रहेको ।
- संसदमा प्रधानमन्त्रीको दलको बहुमत नरहेको अवस्थामा सहज रुपमा सरकार चल्न कठिनाई हुने ।
- राष्ट्रप्रमुखको अस्तित्व संकटमा पर्न सक्ने ।

*(नोट : शासन प्रणालीको तुलनात्मक अध्ययन राज्यको शासकीय स्वरुप निर्धारण समितिको प्रतिवेदनको पेज नं. ६ देखी १७ सम्ममा आधारित रहेर तयार गरिएको छ ।)*

# नेपालको सन्दर्भमा उपयुक्त शासन प्रणालीको छनौट

## १. संघीय कार्यपालिकाको प्रस्तावित स्वरुप

- प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रतिनिधिसभामा वहुमत प्राप्त प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री हुने मिश्रित प्रणालीलाई आत्मसात गर्ने ।
- नेपालको संघीय कार्यकारिणी अधिकार संविधान र प्रचलित कानूनबमोजिम राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित रहने ।
- राष्ट्राध्यक्षको रुपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहने । राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने । कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा वढी राष्ट्रपति हुन नमिल्ने । राष्ट्रपतिको निर्वाचन सम्पूर्ण मुलुकलाई एक निर्वाचनक्षेत्र मानी प्रत्यक्ष निर्वाचन प्रणालीबाट वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने । राष्ट्रपतिको निर्वाचनमा दुईभन्दा वढी उम्मेदवार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोश्रो चरणको मतदान हुने । दोस्रो चरणको मतदानमा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिने । कार्यकाल समाप्त हुनु अगावै कुनै कारणले राष्ट्रपतिको पद रिक्त भएमा छ महिनाभित्र अर्को पूर्ण कार्यकालको लागि राष्ट्रपतिको निर्वाचन हुने ।
- राष्ट्रपतिको अनुपस्थितिमा वा निजको पद रिक्त भएमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिवाट सम्पादन हुने । उपराष्ट्रपतिको निर्वाचन सङ्घीय व्यवस्थापिका-संसदका दुवै सदनका सम्पूर्ण सदस्यहरु मतदाता रहेको निर्वाचक मण्डलवाट प्रचलित कानूनबमोजिम एक व्यक्ति एक मतका आधारमा हुने । उपराष्ट्रपतिको निर्वाचनमा दुईभन्दा वढी उम्मेदवार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार उपराष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास प्रतिशतभन्दा वढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा वढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुने । दोस्रो चरणको मतदानमा बढी मत प्राप्त गर्ने

उम्मेदवार उपराष्ट्रपतिमा निर्वाचित भएको मानिने । उपराष्ट्रपति सङ्घीय व्यवस्थापिका-संसदको माथिल्लो सदन राष्ट्रियसभाको पदेन अध्यक्ष समेत हुने ।

- सरकार प्रमुखको रुपमा संघीय व्यवस्थापिका-संसदको तल्लो सदन प्रतिनिधिसभामा बहुमतप्राप्त दलको नेता वा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलका बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री हुने । प्रतिनिधिसभाको कुनै पनि सदस्यले प्रतिनिधिसभाका बहुमत सदस्यहरूको समर्थन प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपतिको पदमा फरकफरक लिंगको व्यक्ति हुनु पर्ने ।

## १.१ राष्ट्राध्यक्ष र सरकारप्रमुखबीच कार्यकारीणी अधिकार विभाजन

### राष्ट्रपतिको संवैधानिक स्थिति र अधिकार

- नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा राष्ट्रपति रहने ।
- राष्ट्रपति नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुने ।
- नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख संवैधानिक कर्तव्य हुने ।

**राष्ट्रपतिमा देहायका कार्यकारीणी अधिकार निहीत रहने ;**

१. प्रतिनिधिसभामा बहुमतप्राप्त दलको नेता वा बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्य वा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने,

२. सङ्घीय व्यवस्थापिका-संसदका दुवै सदनले पारित गरेका विधेयक प्रमाणीकरण गर्ने,

३. सङ्घीय व्यवस्थापिका-संसदका दुवै सदनले पारित गरेका विधेयकमध्ये बजेटसम्बन्धी विधेयकबाहेक अन्य विधेयकहरु आवश्यकताअनुसार पुनः विचारार्थ सम्बन्धित सदनमा फिर्ता पठाउन सक्ने । (निषेधाधिकार)

४. सङ्घीय व्यवस्थापिका-संसदको कुनै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्वोधन गर्न वा सन्देश पठाउन सक्ने,

५. विदेशस्थित नेपाली दूतावासमा रहने नेपाली राजदूत वा विशेष प्रतिनिधिको नियुक्ति गर्ने । (राष्ट्रपतिले प्रस्ताव गरी राष्ट्रियसभाबाट बहुमतबाट अनुमोदन हुनुपर्ने)

६. विदेशी राजदूत तथा कूटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,

७. नेपाल राज्यको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।

८. प्रतिनिधिसभाको कार्यकालभर कुनै पनि बखत कारणसहित प्रधानमन्त्रीलाई प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न निर्देशन दिन सक्ने ।

९. विदेशी राष्ट्र वा संस्थाबाट नेपाली नागरिकलाई दिईने उपाधि, सम्मान वा विभुषणकोलागि स्वीकृति प्रदान गर्ने

## सरकार प्रमुख /मन्त्रिपरिषदको अधिकार

१. शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने ।

२. शान्ति सुरक्षा, अमनचैन र कानून कार्यान्वयन ।

३. नेपाल सरकारको नीति तर्जुमा

४. संघीय व्यवस्थापिका-संसदमा वार्षिक अनुमान (बजेट) प्रस्तुति

५. संघीय व्यवस्थापिका-संसदमा सरकारी विधेयकको प्रस्तुति

६. विकास योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

७. सार्वजनिक प्रशासन

८. महान्यायाधिवक्ताको नियुक्ति र पदमुक्ति

## राष्ट्रपति र मन्त्रिपरिषदवीच आपसी सल्लाह, परामर्श र सिफारिसमा सम्पादन हुने कार्यहरु

१. मन्त्रिपरिषदको गठन

२. प्रदेशप्रमुखको नियुक्ति

३. परराष्ट्र सम्बन्धको स्थापना र सञ्चालन

४. संकटकालीन अवस्थाको घोषणा

५. युद्धको घोषणा

६. अन्तर्राष्ट्रिय सन्धि र सीमा सुरक्षा

७. नेपाली राष्ट्रिय सेनाको परिचालन

८. संविधानवमोजिम अध्यादेश र आदेश जारी

९. संविधान र कानूनवमोजिम प्रधानन्यायाधीश, संवैधानिक अदालतका न्यायाधीशहरु, सर्वोच्च अदालतका न्यायाधीशहरु, संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरु र प्रधानसेनापतिको नियुक्ति र वर्खासी

१०. नेपालका न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूवाट भएको सजायलाई माफी, मुल्तवी वा कम गर्ने ।

११. संघीय व्यवस्थापिका-संसदको दुवै सदनको अधिवेशन आह्वान र अन्त्य गर्ने,

१२. संघीय प्रतिनिधिसभाको विघटन

१३. नेपालको सार्वभौमसत्ता र अखण्डताविपरित कार्य गर्ने प्रान्तीय विधायिका र प्रान्तीय सरकारको विघटन ।

### राष्टपति र प्रधानमन्त्री बीचको अन्तरसम्बन्ध

१. प्रधानमन्त्रीले देहायका विषयमा नियमित रुपमा राष्ट्रपतिलाई जानकारी गराउनु पर्ने :-

- नेपालको शासन व्यवस्थासम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू,
- संघीय व्यवस्थापिकामा पेश गरिने विधेयकहरू,
- देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू  र,
- राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू,

(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयमा मन्त्रिपरिषदलाई सचेत गराउन, सुझाव वा प्रोत्साहन दिन सक्ने

(३) प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराएका विषयहरु र राष्ट्रपति तथा प्रधानमन्त्रीबीच भएको सम्वाद प्रकट गर्न कर नलाग्ने ।

(४) राष्ट्रपतिले गरेका कुनै कामको सम्बन्धमा निजविरुद्ध कुनै अदालतमा मुद्दा चलाउन नसकिने तर राष्ट्रपतिबाट भएका कामको वैधताको सम्बन्धमा नेपाल सरकार, कुनै निकाय वा कुनै सरकारी कर्मचारीविरुद्ध मुद्दा चलाउन बाधा नपर्ने ।

## १.२ राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीलाई जवाफदेही बनाउने संवैधानिक उपाय

### महाभियोगको प्रस्ताव

संविधानको गम्भीर उल्लङ्घन गरेको भनी संघीय व्यवस्थापिका-संसदको कुनै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एकचौथाई सदस्यहरूले राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध राखेको महाभियोगको प्रस्ताव दुवै सदनबाट कम्तिमा दुई तहाई बहुमतबाट पारित भएमा त्यस्तो राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त हुने ।

### शारीरिक वा मानसिक असक्षमताको प्रस्ताव

राष्ट्रपति वा उपराष्ट्रपति मानसिक र शारीरिक रुपले काम गर्न असक्षम भएका छन् भनी संघीय व्यवस्थापिका-संसदको कुनै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एकचौथाई सदस्यहरूले राखेको प्रस्ताव संघीय व्यवस्थापिका-संसदको दुबै सदनबाट तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई बहुमत सदस्यहरुबाट पारित भएमा पनि राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त हुने ।

### विश्वासको मत र अविश्वासको प्रस्ताव

विश्वासको मत

- प्रधानमन्त्रीले आफ्नो कार्यकालभित्र आफुमाथि विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रतिनिधि सभामा प्रस्ताव राख्न सक्ने ।

- प्रतिनिधिसभाको कार्यकालमा कुनै पनि बखत राष्ट्रपतिले कारणसहित प्रधानमन्त्रीलाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्ने निर्देशन दिन सक्ने । त्यस्तो निर्देशनको पालना गर्नु प्रधानमन्त्रीको कर्तव्य हुने ।
- विश्वासको मतसम्बन्धी प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनु पर्ने ।
- प्रधानमन्त्रीले राखेको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित हुन नसकेमा वा विश्वासको मत लिन राष्ट्रपतिले दिएको निर्देशनको पालना ३० दिनभित्र नगरेमा राष्ट्रपतिले प्रधानमन्त्रीलाई पदमुक्त गरी संविधानबमोजिम अर्को प्रधानमन्त्री नियुक्ति गर्ने प्रक्रिया प्रारम्भ गर्ने ।

**अविश्वासको प्रस्ताव**

- प्रधानमन्त्रीमाथि विश्वास छैन भनी प्रतिनिधिसभाका सम्पूर्ण सदस्यहरूमध्ये एकचौथाई सदस्यले लिखित रुपमा अविश्वासको प्रस्ताव राख्न सक्ने । त्यस्तो प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने र संविधान बमोजिम राष्ट्रपतिले अर्को प्रधानमन्त्री नियुक्ति गर्ने प्रक्रिया प्रारम्भ गर्ने ।
- त्यसरी राखिने अविश्वासको प्रस्तावसाथ प्रस्ताव पारित भएमा तत्पश्चात प्रधानमन्त्री हुन सक्ने व्यक्तिको नाम र सोको आधार समेत संलग्न हुनु पर्ने ।
- अविश्वासको प्रस्ताव हरेक प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एक वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएमा सोको मितिले अर्को एक वर्षसम्म राख्न नपाईने ।

## २. संघीय मन्त्रिपरिषद गठन गर्ने प्रस्तावित प्रक्रिया

- राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता वा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलका बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गरी प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन गर्ने ।
- प्रतिनिधिसभाको कुनै पनि सदस्यले प्रतिनिधिसभाका बहुमत सदस्यहरूको समर्थन प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गरी प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन गर्ने ।
- नियुक्त भएको प्रत्येक प्रधानमन्त्रीले आफू नियुक्ति भएको तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने ।
- प्रतिनिधिसभामा कुनै पनि दलको बहुमत नभएको वा कुनै पनि सदस्यले बहुमत सदस्यको समर्थन पाउन नसकी सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्ति भएको अवस्थामा निजले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा

राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने । त्यसरी प्रतिनिधिसभा विघटन गर्दा छ महिना भित्र नयाँ निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मितिसमेत तोक्नु पर्ने ।

- प्रधानमन्त्रीले उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री सिफारिस गर्दा संघीय व्यवस्थापिका-संसदका सदस्यहरुमध्येबाट गर्नु पर्ने । सदस्य नभएको कुनै व्यक्तिलाई नियुक्ति गरेकोमा त्यस्तो मन्त्रीले शपथग्रहण गरेको मितिले छ महिनाभित्र सङ्घीय व्यवस्थापिका-संसदको कुनै सदनको सदस्यता प्राप्त गर्नुपर्ने । त्यस अवधिभित्र सदस्यता प्राप्त गर्न नसकेमा प्रतिनिधिसभाको सो कार्यकालभरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य नमानिने ।
- प्रधानमन्त्रीसहित उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीको संख्या सङ्घीय व्यवस्थापिका-संसदको दुवै सदनको कूल संख्याको दश प्रतिशतभन्दा बढी नहुने ।
- संविधानबमोजिम प्रतिनिधिसभा विघटन भएको अवस्थामा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट मन्त्रिपरिषदमा हेरफेर हुन सक्ने ।
- संघीय मन्त्रिपरिषद् समावेशी प्रकृतिको हुनुपर्ने ।

# निर्वाचन प्रणाली

## १. पृष्ठभूमि

अप्रत्यक्ष वा प्रतिनिधिमुलक लोकतन्त्रको अपरीहार्य तत्वको रुपमा प्रतिनिधित्व प्रणालीलाई लिइन्छ । गजनीतिक प्रतिनिधित्वले नै लोकतन्त्रलाई सार्थक बनाउँछ । प्रतिनिधित्व प्रणालीमार्फत नै जनताले सार्वभौमसत्ताको प्रयोग गर्दछन् । राजनीनिक प्रतिनिधित्व भनेको नागरिक आवाज, विचार र भावनालाई नीति निर्माण प्रक्रियामा समावेश गराउने प्रक्रिया हो । प्रतिनिधित्वले निश्चित अवधिका लागि सार्वभौमशक्ति र जनईच्छा धारण गर्दछ । प्रतिनिधित्व प्रणालीले शासन व्यवस्थामाथि जनताको नियन्त्रण कायम गर्ने प्रभावकारी माध्यमको रुपमा कार्य गर्दछ । शासन व्यवस्थालाई सञ्चालन गर्ने र संयोजन गर्ने कारकको रुपमा निर्वाचन प्रणाली रहन्छ । तसर्थ निर्वाचन प्रणालीको सोझो सम्वन्ध शासकीय स्वरुपसँग रहेको हुन्छ । निर्वाचन प्रणाली राज्यका क्रियाकलापको वैधता र जनविश्वास स्थापित गर्ने आधार स्तम्भ बन्दछ ।

## २. विश्वमा अपनाईएका केही प्रमुख निर्वाचन प्रणालीको रुपरेखा

- बढीमत/ बहुमत प्रणाली (Majority System)
- समानुपातिक प्रणाली ( Proportional Representation System)
- मिश्रित प्रणाली ( Mixed System)
- अन्य प्रणाली (Other Models)

### २.१ बढीमत/ बहुमत प्रणाली (Majority System)

- मतदान भई मतगणना गरिसकेपछि खसेको मत मध्ये सबभन्दा बढी मत प्राप्त गर्ने उम्मदवार वा दल विजयी घोषित हुने निर्वाचन प्रणाली हो ।

- सापेक्ष बहुमत प्रणालीको नामबाट चिनिने ।
- यो प्रणाली अन्तर्गत ५ वटा शाखा प्रणालीहरु रहेका छन् :-

**पहिलो हुने निर्वाचित हुने प्रणाली** –एक सदस्यीय निर्वाचन क्षेत्रको प्रयोग हुने, उम्मेदवार केन्द्रित मत प्रणाली, मतदाताले एकमत मात्र दिन पाउने

**एकमुष्ट मत प्रणाली** –बहुसदस्यीय निर्वाचन क्षेत्र, धेरै मत पाउने विजयी हुने प्रणाली, मतदाताले धेरै मत दिन पाउने ।

**दलगत एकमुष्ट मत प्रणाली**–बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदाताले दललाई एक मत दिन सक्ने ।

**बैकल्पिक मत प्रणाली** – एक निर्वाचन क्षेत्र भएपनि प्राथमिकताक्रमको मतदान हुने ।

**दुईचरण प्रणाली** – पहिलो चरणमा ५० प्रतिशत र थप १ मत नपाएमा बढी मत ल्याउने २ जना उम्मेदवारवीच दोस्रो चरणमा मतदान हुने ।

## २.२. समानुपातिक प्रतिनिधित्व प्रणाली ( Proportional Representation System)

- पुरै देशलाई एक निर्वाचन क्षेत्र मानी दलहरुले पाएको मतको अनुपातमा विजयी सदस्य संख्या घोषणा गरिने प्रणाली
- यो प्रणाली अन्तर्गत २ वटा शाखा प्रणालीहरु रहेका छन् :-

**सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** – दलले उम्मेदवारको सूची मतदातासमक्ष प्रस्तुत गर्ने, मतदाताले दललाई मत दिने र दलले पाएको मतको हिस्साको अनुपातमा विजयी उम्मेदवार संख्या निश्चित गरी सम्बन्धित दलको सूचीमा रहेको अग्रस्थानको आधारमा चुनिएको मानिने । इजरायल, दक्षिण अफ्रिकामा प्रयोगमा रहेको छ ।

**एकल संक्रमणीय मत प्रणाली** – बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिने । मतदाताले उम्मेदवारको प्राथमिकताको क्रम निर्धारण गर्दछन् । निर्वाचित हुन आवश्यक मतको कोटा खडा गरी मत गणना प्रारम्भ हुन्छ । आवश्यक मत प्राप्त नहुञ्जेल थोरै मत पाउने उम्मेदवारहरुलाई हटाउदै निजको मत दोस्रो क्रमको उम्मेदवारलाई थप गर्दै लगेर निर्वाचित घोषणा गरिन्छ । आयरल्याण्ड र अष्ट्रेलियालगायत केही मुलुकमा प्रयोगमा रहेको छ ।

## २. ३. मिश्रित प्रणाली (Mixed System)

- मिश्रित प्रणालीले बढीमत/ बहुमत र समानुपातिक प्रतिनिधित्व प्रणाली दुवैका सकारात्मक गुणहरुलाई मिलाउने प्रयास गर्दछ ।
- मिश्रित प्रणालीमा विभिन्न सूत्रहरु एक अर्कामा सगसगै प्रयोग गरिएका हुन्छन् ।
- दुवै निर्वाचन प्रणालीमा उही मतदाताहरुले मतदान गर्दछन् र प्रतिनिधिहरुको निर्वाचनका लागि योगदान पुऱ्याउछन् ।

- मिश्रित प्रणालीका पनि २ वटा शाखा प्रणालीहरु रहेका छन । मिश्रित सदस्य समानुपातिक प्रणाली र समानान्तर प्रणाली

**मिश्रित सदस्य समानुपातिक प्रणाली-** प्रत्यक्ष निर्वाचन अन्तर्गत निर्वाचन क्षेत्रहरुको सिटको परिणामले पैदा गरेको कुनै पनि अमिल्दो अनुपातको क्षतिपूर्ति गर्न समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थान दिईने प्रणाली हो । उदाहरणको लागि बहुमत प्रणालीमा १० प्रतिशत मत प्राप्त भयो तर एक सिट पनि प्राप्त भएन भने समानुपातिकको सिटवाट उक्त स्थान दिईन्छ । जर्मनी, बोलिभिया, इटली, मेक्सिको, न्यूजील्याण्ड र भेनेज्वेलामा प्रयोगमा रहेको ।

**समानान्तर प्रणाली-** जहाँ दुई निर्वाचन प्रणाली छुट्टै तथा फरक हुन्छन र स्थान वितरणका लागि एक अर्काप्रति निर्भर हुदैनन त्यसलाई समानान्तर प्रणाली भनिन्छ । यसले समानुपातिक र बहुमत प्रणाली दुवैका तत्वहरुलाई प्रयोग गर्दछ । दुवै प्रणाली अलगअलग रुपमा एकसाथ प्रयोग हुन्छ । दक्षिण कोरिया, जापान, थाईल्याण्डलगायतका मुलुकमा प्रयोगमा रहेको ।

## २.४ अन्य प्रणाली (Other Models)

**एकल असंक्रमणीय मत प्रणाली -** एकलअसंक्रमणीय मत प्रणाली प्रत्येक मतदाताले निर्वाचन क्षेत्रमा एक जना उम्मेदवारलाई मात्र मत प्रदान गर्न पाउने तर निर्वाचित हुने स्थान भने एकभन्दा बढी हुने प्रणाली । खसेको कूल मतको सबैभन्दा बढी मत पाउने उम्मेदवार विजयी हुन्छन् । अफगानिस्तान, जोर्डन, भानुआटुमा प्रयोगमा रहेको छ ।

**सीमित मत प्रणाली-** सीमित मत प्रणाली बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदातासंग निर्वाचन गर्नुपर्ने सिट भन्दा एक मत कम हुने निर्वाचन प्रणाली हो । खसेको कूल मतको सबैभन्दा बढी मत पाउने उम्मेदवार विजयी हुन्छन । जिब्राल्टर र स्पेनमा प्रयोगमा रहेको छ ।

**प्राथमिकता गणना-** प्राथमिकता गणना मतदाताहरुले बैकल्पिक मतमा जस्तै उम्मेदवारहरुको क्रम निर्धारण गर्ने । मत गणना एकै पटकमा सम्पन्न गरिने । पहिलो प्राथमिकताको मुल्य एक, दोस्रोको आधा र तेस्रोको एकतिहाई मूल्य गरी जोडदै जाने जसले सबैभन्दा बढी मतमूल्य पाउछ त्यही विजयी हुन्छ । यो नाउरु भन्ने देशमा प्रयोगमा छ ।

# नेपालको सन्दर्भमा उपयुक्त निर्वाचन प्रणालीको छनौट

नेपालको सन्दर्भमा उपयुक्त निर्वाचन प्रणालीको छनौट गर्ने कार्यक्षेत्र रहेको संविधानसभा अन्तर्गतको राज्यको शासकीय स्वरुप निर्धारण समितिले स्थानीय व्यवस्थापिकाको निर्वाचनमा ७० प्रतिशत सदस्य वहुसदस्यीय निर्वाचन प्रणालीबाट र ३० प्रतिशत सदस्यहरु सूची समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने, स्थानीय सरकारको प्रमुख र उपप्रमुखको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने सहमतिको प्रस्ताव तयार गरेको छ तर प्रादेशिक व्यवस्थापिका, संघीय व्यवस्थापिका र संघीय कार्यकारी प्रमुखको निर्वाचन प्रणालीको हकमा कुनै सहमति हुन सकेको देखिदैन ।

निर्वाचन प्रणालीको सिधा सम्बन्ध शासन प्रणालीसंग रहनेछ । निर्वाचन प्रणाली कार्यान्वयन गर्न सरल र जनताले सजिलोसंग बुझ्ने किसिमको हुनु पर्नेपनि उत्तिकै आवश्यक देखिन्छ । विविधतायुक्त नेपालमा सबै जाती, भाषा, क्षेत्र, लिङ्ग र समुदायको समावेशीकरण गर्न सकिने

खालको निर्वाचन प्रणाली उपयुक्त हुनेमा संविधानसभामा सबैको आम सहमति रहेको देखिन्छ । यस दृष्टिकोणबाट हेर्दा संविधानसभा निर्वाचनमा अवलम्बन गरिएको मिश्रित निर्वाचन प्रणालीकै सेरोफेरोमा रहेको निर्वाचन प्रणाली एउटा उपयुक्त विकल्प हुन सक्ने देखिन्छ । यो प्रणालीले बढीमत/ बहुमत र समानुपातिक प्रतिनिधित्व प्रणाली दुवैका सकारात्मक गुणहरुलाई मिलाउने प्रयास गर्दछ । मिश्रित प्रणालीमा विभिन्न सूत्रहरु एक अर्कामा संगसंगै प्रयोग गरिएका हुन्छन् । उही मतदाताहरुले मतदान गर्दछन र दुवै निर्वाचन प्रणालीअन्तर्गतका प्रतिनिधिहरुको निर्वाचनका लागि योगदान पुऱ्याउँछन ।

मिश्रित प्रणालीका पनि २ वटा शाखा प्रणालीहरु रहेको देखिन्छ । मिश्रित सदस्य समानुपातिक प्रणाली र समानान्तर प्रणाली । संविधानसभाको निर्वाचनमा हामीले समानान्तर प्रकृतिको मिश्रित प्रणाली अवलम्बन गरेको अवस्था हो । यो प्रणालीसंग जनता अभ्यस्त भई सकेको अवस्था पनि छ । यो प्रणालीमा उम्मेदवारहरु स्वतन्त्र रहन्छन्, दुवै निर्वाचन प्रणाली अलग अलग रहन्छन्, स्थान वितरणको लागि एक अर्काप्रति निर्भर हुदैनन् मतदाताले व्यक्ति र दल दुवै रोज्ने स्वतन्त्रता पनि पाउछन्, कार्यान्वयन गर्न पनि कम जटिल मानिन्छ । यो प्रणालीमा केही कमजोर पक्षहरु पनि नभएका होइनन । यसबाट प्रतिनिधिहरुमा दुई वर्ग सृजना हुने, परिणाम घोषणा गर्न गाह्रो हुने, कम समानुपातिक हुने, निश्चित प्रतिशत मत वा सिटको सीमा (Threshold) को व्यवस्था नभएमा व्यवस्थापिकामा साना दलहरुको बाहुल्य हुने र सरकार सदैव अस्थिर हुने, रणनीतिक मतदान हुने सम्भावना रहने देखिएको छ ।

मिश्रित प्रणालीअन्तर्गतको अर्को शाखा प्रणाली मिश्रित सदस्य समानुपातिक प्रणाली हो । यसमा पनि पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीको मिश्रित प्रयोग गरिन्छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन क्षेत्रहरुको सिटको परिणामले पैदा गरेको कुनै पनि अमिल्दो अनुपातको क्षतिपूर्ति गर्न समानुपातिक प्रतिनिधित्व अन्तर्गतका स्थान दिई क्षतिपूर्ति गरिने हुनाले माथि चर्चा गरिएको समानान्तर प्रणालीभन्दा बढी समानुपातिक हुन सक्छ । राज्यको शासकीय स्वरुप निर्धारण समितिले यसलाई एउटा उपयुक्त विकल्पको रुपमा छलफल गरेको पनि देखिन्छ । यसमा पनि उम्मेदवारहरु स्वतन्त्र रहन्छन्, दुई किसिमका निर्वाचन प्रणालीहरुबीच अन्तर सम्बन्ध रहने, समानुपातिकतामा जोड दिने, दलले प्राप्त गरेको मत कत्ति पनि खेर नजाने अवस्था हुन्छ । यो प्रणालीका केही कमजोरीहरुतर्फ हेर्दा यसबाट प्रतिनिधिहरुमा दुई वर्ग सृजना हुने, निर्वाचन क्षेत्रको सीमा निर्धारण गर्नु पर्ने, निश्चित प्रतिशत मत वा सिटको सीमा (Threshold) को व्यवस्था नभएमा व्यवस्थापिकामा साना दलहरुको बाहुल्य हुने र सरकार सदैव अस्थिर हुने, रणनीतिक मतदान हुने सम्भावना रहने देखिएको छ ।

## आत्मसात गर्न सकिने निर्वाचन प्रणालीको प्रारुप

### १. राष्ट्रपतिको निर्वाचन प्रणाली

राष्ट्रपतिको निर्वाचन सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी प्रत्यक्ष निर्वाचन प्रणालीबाट बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने । राष्ट्रपतिको निर्वाचनमा दुईभन्दा बढी उम्मेदवार भएको अवस्थामा कूल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोश्रो चरणको मतदान हुने । दोस्रो चरणको मतदानमा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने ।

### यस सम्बन्धमा अझै छलफल गरी टुंगोमा पुग्न पर्ने विषय

- राष्ट्रपति निर्वाचनको लागि उम्मेदवार हुन चाहने उम्मेदवारले संघीय व्यवस्थापिका-संसदका कम्तिमा ५ प्रतिशत सदस्यहरुको समर्थनको निस्सा पेश गर्नु पर्ने शर्तको विषय ।

## २. उपराष्ट्रपतिको निर्वाचन प्रणाली

उपराष्ट्रपतिको निर्वाचन सङ्घीय व्यवस्थापिका-संसदका दुबै सदनका सम्पूर्ण सदस्यहरु मतदाता रहेको निर्वाचक मण्डलबाट प्रचलित कानूनबमोजिम एक व्यक्ति एक मतका आधारमा हुने । उपराष्ट्रपतिको निर्वाचनमा दुईभन्दा बढी उम्मेदवार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार उपराष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोश्रो चरणको मतदान हुने । दोस्रो चरणको मतदानमा वढी मत प्राप्त गर्ने उम्मेदवार उपराष्ट्रपतिमा निर्वाचित हुने ।

## ३. संघीय व्यवस्थापिका-संसदको तल्लो सदन प्रतिनिधिसभाको निर्वाचन प्रणाली

प्रतिनिधिसभाका सदस्यहरुको निर्वाचन मिश्रीत सदस्य समानुपातिक निर्वाचन प्रणालीको आधारमा हुने । (निर्धारित) प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेसी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने । (निर्धारित) प्रतिशत सदस्यहरू सिङ्गो मुलुकलाई/प्रत्येक प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी तथा अन्य वर्ग र समुदायबाट कानूनमा व्यवस्था भएबमोजिम सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने । पहिलो हुने निर्वाचित हुने निर्वाचन परिणामको अमिल्दो अनुपातवापत क्षतिपूर्ति हुने गरी समानुपातिक निर्वाचनबाट सदस्यहरू निर्वाचित हुने ।

**छलफल गरी टुंगोमा पुग्नु पर्ने विषयहरु :**

- कति प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र कति प्रतिशत सदस्यहरु समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने हो भन्ने विषय ।
- मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको लागि राजनीतिक दलहरुले प्रान्तिय सूची बनाउनु पर्ने, प्रत्येक प्रान्तलाई न्यूनतम सिट सुनिश्चित गरी धेरै जनसंख्या भएका प्रान्तमा बढी निर्वाचन क्षेत्र पनि बनाउन सकिने विषय । (यसले निर्वाचन प्रणालीलाई वढी समानुपातिक बनाउने, निर्वाचित सदस्यको भौगोलिक क्षेत्रसंगको सम्बन्ध स्थापित हुने, क्षेत्रिय स्तरका दलहरुलाई पनि निर्वाचनमा सहज हुने, प्रत्येक प्रान्त र उम्मेदवारहरुले मतदातालाई मतदान गराउन प्रतिष्पर्धा गरी बढी मतदान हुने जस्ता सकारात्मक प्रभाव पर्ने ।)

- मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको लागि तयार सूचीमा हरेक दलले आफूले पाउने सिट मध्ये कानूनमा परिभाषित गरिने **हालसम्म समावेशीकरण हुन नसकेका समूह** (Excluded Group) हरुको लागि २० प्रतिशत र महिलाहरुको लागि न्यूनतम् ३३ प्रतिशत सिट छुट्टयाउनु पर्ने विषय ।

- मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारहरुको सूची बन्द हुने, हरेक प्रान्तमा सम्बन्धित दलले पाएको मतको आधारमा दलले पाउने सिट संख्या उपलब्ध गराईने, दलले सूचीको प्राथमिकता क्रमअनुसार नै उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्ने विषय ।

- उम्मेदवारको सूची प्रान्तीय आधारमा तयार हुने भएपनि निर्वाचनको मत गणना गर्ने, मत जोडने र दलले पाउने सिटसंख्या निर्धारण गर्ने काम निर्वाचन आयोगले गर्ने विषय ।

## ४. संघीय व्यवस्थापिका-संसदको माथिल्लो सदन राष्ट्रियसभाको निर्वाचन प्रणाली

संघीय व्यवस्थामा माथिल्लो सदन संघीय इकाईहरु (प्रदेश र स्थानीय तह) को सदन मानिने भएकोले प्रदेशहरुको बराबरी प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने । साथै राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त विशेषज्ञ, अल्पसंख्यक तथा सीमान्तकृत समुदायमध्येबाट केही संख्याका सदस्यको प्रतिनिधित्व हुने व्यवस्था पनि हुनु पर्ने ।

**छलफल गरी टुंगोमा पुग्नु पर्ने विषयहरु :**

- प्रदेशवाट बराबरी संख्याका प्रतिनिधि निर्वाचन गर्दा प्रदेशसभाका सदस्यहरुको निर्वाचन मण्डलवाट निर्वाचन हुने हो वा प्रदेशभित्रका सम्पूर्ण मतदाताले मतदान गरी निर्वाचनवाट हुने भन्ने विषय ।

- राष्ट्रियसभामा स्थानीय तहको प्रतिनिधित्व हुने वा नहुने, हुने भएमा के आधारमा कसरी निर्वाचित हुने भन्ने विषय ।

- राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त विशेषज्ञ, अल्पसंख्यक तथा सीमान्तकृत समुदायमध्येबाट प्रतिनिधित्व गर्ने सदस्यको मनोनयन कसरी हुने भन्ने विषय ।

## ५. प्रदेश व्यवस्थापिका (प्रदेशसभा) को निर्वाचन प्रणाली

प्रदेशसभाका सदस्यहरुको निर्वाचन मिश्रीत सदस्य समानुपातिक निर्वाचन प्रणालीको आधारमा हुने । (निर्धारित) प्रतिशत सदस्यहरू महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा अन्य वर्ग र समुदायबाट समानुपातिक समावेसी सिद्धान्तका आधारमा उम्मेदवारी सुनिश्चित हुने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुरूप निर्वाचित हुने । (निर्धारित) प्रतिशत सदस्यहरू सिङ्गो प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी तथा अन्य वर्ग र समुदायबाट कानूनमा व्यवस्था भएबमोजिम सूची प्रणालीको आधारमा समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुने । पहिलो हुने निर्वाचित हुने निर्वाचन परिणामको

अमिल्दो अनुपातवापत क्षतिपूर्ति हुने गरी समानुपातिक निर्वाचनबाट सदस्यहरू निर्वाचित हुने ।

**छलफल गरी टुंगोमा पुग्नु पर्ने विषय :**

- प्रदेशसभाका कति प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणाली र कति प्रतिशत सदस्यहरु समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने भन्ने विषय ।

- प्रदेशसभाकोलागि हुने निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचनको लागि तयार हुने सूचीमा हरेक दलले आफूले पाउने सिट मध्ये कानूनमा परिभाषित गरिने **हालसम्म समावेशीकरण हुन नसकेका समूह** (Excluded Group) हरुको लागि २० प्रतिशत र महिलाहरुको लागि न्यूनतम् ३३ प्रतिशत सिट छुट्टयाउनु पर्ने विषय ।

- समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारहरुको सूची बन्द हुने, सम्बन्धित दलले पाएको मतको आधारमा दलले पाउने सिट संख्या उपलब्ध गराईने, दलले सूचीको प्राथमिकता क्रमअनुसार नै उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्ने विषय ।

व्यवस्थापिका-संसद सचिवालय

## ४. उपसमितिको मिति २०६९।२।१२ को बैठकमा अनौपचारिक रुपमा वितरण गरिएको तीन राजनीतिक दलवीच भएको सहमतिका बुंदाहरु

**२०६९ जेष्ठ १४ अगावै संविधान घोषणा गर्न दलहरुकावीच भएको सहमति**

संविधान निर्माणका सन्दभृमा देखिएका मुख्य विवदका विषयमा निम्नानुसार टुंग्याउने गरी राजनैतिक दलहरुका वीचमा निम्न सहमति भएको छ ।

**क) संघीय संरचनाबारे ।**

१. नेपालका सबै प्रदेशहरु बहुजातिय हुनेछन् । प्रदेशहरुमा सबै जाती, जनजाती, धर्म, भाषा, संस्कृतिका सबै नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार समान रहनेछ ।

२. प्रत्येक नागरिकका मौलिक हक एवं मानव अधिकारको सम्मान तथा रक्षा गर्नु केन्द्र, प्रदेश तथा स्थानीय सरकारको दायित्व हुनेछ ।

३. प्रदेशहरु एघार रहने गरी तोकिनेछ । हाल नामांकन प्रस्तावित गरिने छैन ।

४. प्रदेशहरुको सीमांकन, नामांकन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदी विषयको समाधान गर्न केन्द्रिय संघीय आयोगको व्यवस्था गरिनेछ ।

५. आयोगले गरेको सिफारिसको आधारमा अन्तिम निर्णय संसदले लिनेछ ।

६. नामांकनका सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुनेछ ।

**ख) शासकीय प्रणालीबारे ।**

१. शासकीय प्रणाली मिश्रित रहनेछ ।

२. राष्ट्रपतिको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम प्रत्यक्ष प्रणालीवाट हुनेछ ।

३. प्रधानमन्त्री संसदबाट निर्वाचित हुनेछन् । प्रधानमन्त्रीले मनत्रीपरिषद गठन गर्नेछ । मन्त्रिपरिषद तथा यसका सदस्यहरु सामूहित तथा व्यक्तिगत रुपमा उत्तरदायि रहनेछन् ।

४. शासन पद्दतिमा संसदको सर्वोच्चता रहने । शासन पद्दतिमा नियन्त्रण र सन्तुलनको व्यवस्था हुनेछ ।

**ग) संसदको गठन ।**

१. संसदको निर्वाचन मिश्रित निर्वाचन प्रणालीवाट गरिनेछ ।

२. प्रतिनिधिसभामा प्रत्यक्षबाट निर्वाचित १७१ र समानुपातिकबाट १४० सदस्य रहनेछन् ।

३. राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट पाँच पाँच जनाका दरले सदस्यहरु निर्वाचित हुनेछन् । मन्त्रीपरिषदको सिफारिसमा विभिन्न क्षेत्रका ख्याती प्राप्त विशिष्ठ व्यक्तिहरुमध्येबाट १० जना राष्ट्रपतिबाट मनोनित हुनेछन ।

४. प्रदेश सभामा एक केन्द्रिय संसदीय निर्वाचन क्षेत्रलाई दुई क्षेत्रमा विभाजन गरी प्रदेश सभाका सदस्यहरुको निर्वाचन गरिनेछ ।

५. स्थानीय सरकारको गठन कानूनमा व्यवस्था भए वमोजिम हुनेछ ।

**घ) अदालत**

१. बााकी कार्यकाल जति रहे पनि प्रधान न्यायाधीश हुन सक्ने व्यवस्था रहनेछ ।

२. न्यायाधीशहरुको नियुक्ति न्याय परिषदबाट हुनेछ ।

३. न्यायपरिषदमा प्रधानन्यायाधीशको अध्यक्षतामा वरिष्ठतम् दुईजना न्यायाधीश, कानून मन्त्री र बार एशोसिएसनका एक प्रतिनिधि सदस्यहरु हुनेछन ।

४. अन्तरिम संविधान बमोजिम हाल कायम रहेका न्यायाधीशहरुले नयाँ संविधान बमोजिम पुन नियुक्ति लिनु पर्ने छैन । नयाँ संविधान बमोजिम समथ गर्न पर्नेछ ।

**ङ) संवैधानिक अदालत**

१. प्रधानन्यायाधीशको अध्यक्षतामा संवैधानिक अदालत गठन हुनेछ ।

२. संवैधानिक अदालतमा दुई जना सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश र दुई जना कानूनविद्हरु मध्ये सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट सहमतिका आधारमा मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्नेछन् ।

३. संवैधानिक अदालतले प्रदेश प्रदेश वीचको विवाद, प्रदेश र केन्द्रको वीचको विवाद, प्रदेश र स्थानीय सरकारका वीचको विवाद हेर्नेछ । संवैधानिक अदालत पाँच वर्षसम्म रहनेछ ।

**च) सेती महाकालीका नौ जिल्ला एकै प्रदेश हुने मागका सन्दर्भमा तीन दलका शिर्ष नेताहरुले बक्तव्यका साथै उपस्थित भई व्यक्त गरेका विचारहरु समेतका आधारमा सेती महाकाली प्रदेश हुनेछ । जनमत संकलन भन्नाले जनमत संग्रहसम्म गर्न सकिने भनी नेताहरुको प्रतिबद्धतालाई आधार मानिनेछ ।**

**मिति २०६९ जेष्ठ २**

## ५. विवाद समाधान उपसमितिले मिति २०६९।२।२ मा गठन गरेको कार्यदलले मिति २०६९।२।३ मा पेश गरेको प्रतिवेदन

संविधानसभा, संवैधानिक समिति

विवाद समाधान उपसमितिले निर्माण गरेको कार्यदलले पेश गरेको प्रतिवेदन

विवाद समाधान उपसमितिको मिति २०६९।२।२ को बैठकले जिम्मेवारी दिए बमोजिम हिजो जेष्ठ २ गते भएको राजनीतिक सहमतिको आधारमा टुंगो लाग्न बाँकी सबै ११७ वटा विवादमा देहाय बमोजिम सहमति कायम गर्न सकिने सुझाव सहित उपसमितिमा यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१. मिति २०६७।१०।१२ मा पठाएका प्रश्नहरुमध्ये सहमतिमा टुंगो लाग्न नसकेका १४ वटा प्रश्नहरु

| क्र.सं. | संविधानसभाले पठाएको प्रश्न | विवाद समाधान उपसमितिबाट भएको सहमति |
|---|---|---|
| १ | केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्वन गर्ने ?<br>(क) सहमतिय (प्रत्यक्ष रुपमा निर्वाचित) राष्ट्रपति प्रणाली<br>(ख) संवैधानिक राष्ट्रपति सहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली<br>(ग) व्यवस्थापिकावाट निर्वाचित राष्ट्रपतिय शासन प्रणाली<br>(घ) आलंकारिक राष्ट्रपतिय प्रणाली र जनतावाट प्रत्यक्षरुपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री | • जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रिपति र प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्री रहने मिश्रित शासन प्रणाली रहने ।<br>• राष्ट्रिपतिको निर्वाचन कानूनमा व्यवस्था भए वमोजिम प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुने ।<br>• राष्ट्राध्यक्षको रुपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहने । राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने । कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नमिल्ने । राष्ट्रपतिको निर्वाचन सम्पूर्ण मुलुकलाई एक निर्वाचनक्षेत्र मानी प्रत्यक्ष निर्वाचन प्रणालीबाट वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने । राष्ट्रपतिको निर्वाचनमा दुईभन्दा बढी उम्मेदवार भएको अवस्थामा कुल सदर मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने । उक्त निर्वाचनमा कुनै उम्मेदवारले कूल सदर मतको पचास |

प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोश्रो चरणको मतदान हुने । दोस्रो चरणको मतदानमा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिने । कार्यकाल समाप्त हुनु अगावै कुनै कारणले राष्ट्रपतिको पद रिक्त भएमा छ महिनाभित्र अर्को पूर्ण कार्यकालको लागि राष्ट्रपतिको निर्वाचन हुने ।

- *उपराष्ट्रपति सम्बन्धी व्यवस्था*

उपसमितिमा छलफल गर्ने →

## राष्ट्रपतिको संवैधानिक स्थिति र अधिकार

- राष्ट्राध्यक्षको रुपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहने ।
- नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा राष्ट्रपति रहने ।
- राष्ट्रपति नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुने ।
- नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख संवैधानिक कर्तव्य हुने । राष्ट्रपतिमा देहायका कार्यकारीणी अधिकार निहीत रहने ;

१. प्रतिनिधिसभामा बहुमतप्राप्त दलको नेता वा बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्य वा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने,

२. सङ्घीय व्यवस्थापिका-संसदका दुवै सदनले पारित गरेका विधेयक प्रमाणीकरण गर्ने,

३. सङ्घीय व्यवस्थापिका-संसदका दुवै सदनले पारित गरेका विधेयकमध्ये बजेटसम्बन्धी विधेयकबाहेक अन्य विधेयकहरु आवश्यकताअनुसार

| | | |
|---|---|---|
| | उपसमितिमा छलफल गर्ने ⟶ | पुनः विचारार्थ सम्बन्धित सदनमा **एकपटकको लागि** फिर्ता पठाउन सक्ने । (निषेधाधिकार)<br>४. सङ्घीय व्यवस्थापिका-संसदको कुनै सदनको बैठक वा दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न वा सन्देश पठाउन सक्ने,<br>५. विदेशस्थित नेपाली दूतावासमा रहने नेपाली राजदूत वा विशेष प्रतिनिधिको नियुक्ति गर्ने । **(राष्ट्रपतिले प्रस्ताव गरी राष्ट्रियसभाबाट बहुमतबाट अनुमोदन हुनुपर्ने)**<br>६. विदेशी राजदूत तथा कूटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,<br>७. नेपाल राज्यको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।<br>८. **प्रतिनिधिसभाको कार्यकालभर कुनै पनि बखत कारणसहित प्रधानमन्त्रीलाई प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न निर्देशन दिन सक्ने ।**<br>९. विदेशी राष्ट्र वा संस्थाबाट नेपाली नागरिकलाई दिईने उपाधि, सम्मान वा विभुषणकोलागि स्वीकृति प्रदान गर्ने<br>प्रधानमन्त्री /मन्त्रिपरिषदको अधिकार<br>१. मन्त्रिपरिषदको गठन<br>२. प्रदेशप्रमुखको नियुक्ति<br>३. शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने ।<br>४. शान्ति सुरक्षा, अमनचैन र कानून कार्यान्वयन ।<br>५. नेपाल सरकारको नीति तर्जुमा<br>६. संघीय व्यवस्थापिका-संसदमा वार्षिक अनुमान (बजेट) प्रस्तुति<br>७. संघीय व्यवस्थापिका-संसदमा सरकारी विधेयकको प्रस्तुति<br>८. विकास योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन<br>९. सार्वजनिक प्रशासन |

| | |
|---|---|
| | १०. महान्यायाधिवक्ताको नियुक्ति र पदमुक्ति<br>राष्ट्रपति र मन्त्रीपरिषदको आपसी परामर्शमा गरिने भनेका देहायका कामहरु कसको जिम्मेवारीमा राख्ने ? |
| उपसमितिमा छलफल गर्ने → | राष्ट्रपति र मन्त्रिपरिषदवीच आपसी सल्लाह, परामर्श र सिफारिसमा सम्पादन हुने कार्यहरु<br>१. परराष्ट्र सम्बन्धको स्थापना र सञ्चालन<br>२. संकटकालीन अवस्थाको घोषणा<br>३. युद्धको घोषणा<br>४. अन्तर्राष्ट्रिय सन्धि र सीमा सुरक्षा<br>५. नेपाली राष्ट्रिय सेनाको परिचालन<br>६. संविधानबमोजिम अध्यादेश र आदेश जारी<br>७. संविधान र कानूनबमोजिम प्रधानन्यायाधीश, संवैधानिक अदालतका न्यायाधीशहरु, सर्वोच्च अदालतका न्यायाधीशहरु, संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरु र प्रधानसेनापतिको नियुक्ति र बर्खासी<br>८. नेपालका न्यायिक, अर्धन्यायिक तथा प्रशासनिक निकाय वा पदाधिकारीहरूबाट भएको सजायलाई माफी, मुल्तवी वा कम गर्ने ।<br>९. संघीय व्यवस्थापिका-संसदको दुवै सदनको अधिवेशन आह्वान र अन्त्य गर्ने,<br>१०. संघीय प्रतिनिधिसभाको विघटन<br>११. नेपालको सार्वभौमसत्ता र अखण्डताविपरित कार्य गर्ने प्रान्तयि विधायिका र प्रान्तीय सरकारको विघटन । |
| उपसमितिमा छलफल गर्ने → | राष्ट्रपति र प्रधानमन्त्री बीचको अन्तरसम्बन्ध<br>१. प्रधानमन्त्रीले देहायका विषयमा नियमित रुपमा राष्ट्रपतिलाई जानकारी गराउनु पर्ने :- |

- नेपालको शासन व्यवस्थासम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू,
- संघीय व्यवस्थापिकामा पेश गरिने विधेयकहरू,
- देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू र,
- राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू,

(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयमा मन्त्रिपरिषदलाई सचेत गराउन, सुझाव वा प्रोत्साहन दिन सक्ने

(३) प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराएका विषयहरु र राष्ट्रपति तथा प्रधानमन्त्रीबीच भएको सम्वाद प्रकट गर्न कर नलाग्ने ।

(४) राष्ट्रपतिले गरेका कुनै कामको सम्बन्धमा निजविरुद्ध कुनै अदालतमा मुद्दा चलाउन नसकिने तर राष्ट्रपतिबाट भएका कामको वैधताको सम्बन्धमा नेपाल सरकार, कुनै निकाय वा कुनै सरकारी कर्मचारीविरुद्ध मुद्दा चलाउन बाधा नपर्ने ।

## १.२ राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीलाई जवाफदेही बनाउने संवैधानिक उपाय

महाभियोगको प्रस्ताव

संविधानको गम्भीर उल्लङ्घन गरेको भनी संघीय व्यवस्थापिका-संसदको कुनै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एकचौथाई सदस्यहरूले राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध राखेको महाभियोगको प्रस्ताव दुवै सदनबाट कम्तिमा दुई तहाई बहुमतबाट पारित भएमा त्यस्तो राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त हुने ।

शारीरिक वा मानसिक असक्षमताको प्रस्ताव

राष्ट्रपति वा उपराष्ट्रपति मानसिक र शारीरिक रुपले काम गर्न असक्षम भएका छन् भनी संघीय व्यवस्थापिका-संसदको कुनै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एकचौथाई सदस्यहरूले राखेको प्रस्ताव

संघीय व्यवस्थापिका-संसदको दुबै सदनबाट तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई बहुमत सदस्यहरुबाट पारित भएमा पनि राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त हुने ।

## विश्वासको मत र अविश्वासको प्रस्ताव

### विश्वासको मत

- प्रधानमन्त्रीले आफ्नो कार्यकालभित्र आफुमाथि विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रतिनिधि सभामा प्रस्ताव राख्न सक्ने ।
- प्रतिनिधिसभाको कार्यकालमा कुनै पनि बखत राष्ट्रपतिले कारणसहित प्रधानमन्त्रीलाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्ने निर्देशन दिन सक्ने । त्यस्तो निर्देशनको पालना गर्नु प्रधानमन्त्रीको कर्तव्य हुने ।
- विश्वासको मतसम्बन्धी प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनु पर्ने ।
- प्रधानमन्त्रीले राखेको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित हुन नसकेमा वा विश्वासको मत लिन राष्ट्रपतिले दिएको निर्देशनको पालना ३० दिनभित्र नगरेमा राष्ट्रपतिले प्रधानमन्त्रीलाई पदमुक्त गरी संविधानबमोजिम अर्को प्रधानमन्त्री नियुक्ति गर्ने प्रक्रिया प्रारम्भ गर्ने ।

### अविश्वासको प्रस्ताव

- प्रधानमन्त्रीमाथि विश्वास छैन भनी प्रतिनिधिसभाका सम्पूर्ण सदस्यहरूमध्ये एकचौथाई सदस्यले लिखित रुपमा अविश्वासको प्रस्ताव राख्न सक्ने । त्यस्तो प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने र संविधान बमोजिम राष्ट्रपतिले अर्को प्रधानमन्त्री

| | | |
|---|---|---|
| | | ***नियुक्ति गर्ने प्रक्रिया प्रारम्भ गर्ने ।***<br>• ***त्यसरी राखिने अविश्वासको प्रस्तावसाथ प्रस्ताव पारित भएमा तत्पश्चात प्रधानमन्त्री हुन सक्ने व्यक्तिको नाम र सोको आधार समेत संलग्न हुनु पर्ने ।***<br>• ***अविश्वासको प्रस्ताव हरेक प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एक वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएमा सोको मितिले अर्को एक वर्षसम्म राख्न नपाईने ।*** |
| २ | मन्त्रीपरिषदको गठन विधि के हुने ?<br><br>उपसमितिमा छलफल गर्ने → | • राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेता वा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुई भन्दा बढी दलका बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गरी प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन गर्ने ।<br>• प्रतिनिधिसभाको कुनै पनि सदस्यले प्रतिनिधिसभाका बहुमत सदस्यहरूको समर्थन प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गरी प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषदको गठन गर्ने ।<br>• **दुई वा दुई भन्दा बढी दलका बहुमत सदस्यहरुको समर्थन प्राप्त प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री भएको वा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता प्रधानमन्त्री भएकोमा त्यस्तो प्रधानमन्त्रीले** आफू नियुक्ति भएको तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने ।<br>• **प्रतिनिधिसभामा कुनै पनि दलको बहुमत नभएको वा कुनै पनि सदस्यले बहुमत सदस्यको समर्थन पाउन नसकी सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्ति भएको** |

| | | |
|---|---|---|
| | | **अवस्थामा निजले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने । त्यसरी प्रतिनिधिसभा विघटन गर्दा छ महिना भित्र नयाँ निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मितिसमेत तोक्नु पर्ने ।**<br>• प्रधानमन्त्रीले उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री सिफारिस गर्दा संघीय व्यवस्थापिका-संसदका सदस्यहरुमध्येबाट गर्नु पर्ने । सदस्य नभएको कुनै व्यक्तिलाई नियुक्ति गरेकोमा त्यस्तो मन्त्रीले शपथग्रहण गरेको मितिले छ महिनाभित्र सङ्घीय व्यवस्थापिका-संसदको कुनै सदनको सदस्यता प्राप्त गर्नुपर्ने । त्यस अवधिभित्र सदस्यता प्राप्त गर्न नसकेमा प्रतिनिधिसभाको सो कार्यकालभरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य नमानिने ।<br>• प्रधानमन्त्रीसहित उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीको संख्या सङ्घीय व्यवस्थापिका-संसदको दुवै सदनको कूल संख्याको दश प्रतिशतभन्दा बढी नहुने ।<br>• संविधानबमोजिम प्रतिनिधिसभा विघटन भएको अवस्थामा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट मन्त्रिपरिषद्मा हेरफेर हुन सक्ने ।<br>• संघीय मन्त्रिपरिषद् समावेशी हुनुपर्ने । |
| ३ | सघीय तहको व्यवस्थापिकामा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्वन गर्ने ?<br>(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली<br>(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली । पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक) | • व्यवस्थापिका संसदको निर्वाचन मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली) को आधारमा हुने ।<br>• प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १७१ जना र समानुपातिकबाट निर्वाचन प्रणाली १४० जना गरि जम्मा ३११ जना सदस्य रहने छन् । |

| | | |
|---|---|---|
| | (ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)<br>(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br>(ङ) पूर्ण-समानुपातिक निर्वाचन प्रणाली<br>उपसमितिमा छलफल गर्ने ⟶ | • राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट ५/५ जनाका दरले निर्वाचित हुने ( **निर्वाचन प्रणाली स्पष्ट नभएकोले प्रदेश सभाका सदस्य र प्रदेश भित्रका सबै स्थानीय सभाका सदस्यहरु मतदाताहरु रहेको निर्वाचक मन्डलबाट गर्न उपयुक्त हुने**) ५५ जना सदस्य र मन्त्रिपरिषदको सिफारिशमा विभिन्न क्षेत्रका ख्यातीप्राप्त विशिष्ट व्यक्तिहरु मध्येबाट राष्ट्रपतिबाट मनोनित हुने १० जना गरि जम्मा ६५ जना सदस्य रहने छन् । |
| ४ | प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ? | प्रतिनिधि सभाको लागि निर्धारित प्रदेश भित्रका प्रत्येक निर्वाचन क्षेत्रलाई प्रदेश सभाको प्रयोजनको लागि २ निर्वाचन क्षेत्रमा विभाजन गरि उक्त क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यहरु रहने । |
| ५ | विभिन्न तहका व्यवस्थापिकामा महिला, श्रमिक, किसान र गरिविको रेखामुनि रहेका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ? | • पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा समावेशी सिद्धान्तको आधारमा उम्मेदवारी व्यवस्था गर्ने ।<br>• समानुपातिक निर्वाचन प्रणालीबाट महिला, श्रमिक, किसान र गरिविको रेखामुनि रहेका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न कानूनमा व्यवस्था गर्ने । |
| ६ | राष्ट्रिय महत्वको पद र अधिकारसंग सम्वन्धित तथा राजनैतिक विषयसंग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसंग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष न्यायिक समितिलाई हुने वा न्यायपालिकालाई हुने ? | सबै अधिकारक्षेत्र न्यायपालिकाको हुने । |
| ७ | संविधानको व्याख्या, राष्ट्रिय सरोकाका विषय, मानव अधिकार तथा नार्गरिक सरोकारका विषय, राजनीतिक विषयहरुसंग सम्बन्धी मुद्धाको व्याख्या र निरोपण गर्न तथा संघ र प्रदेश | • प्रदेश प्रदेश विचको विवाद, प्रदेश र केन्द्र विचको विवाद प्रदेश र स्थानीय सरकार विचको विवाद, एक स्थानीय सरकार र अर्को स्थानीय सरकार विचको विवाद र **विशेष संरचना र विशेष संरचना** |

| | | |
|---|---|---|
| | तथा प्रदेश प्रदेश बीचका विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ? | तथा विशेष संरचना र स्थानीय तह विच उत्पन्न हुने सीमा र अधिकार क्षेत्रको सूचि सम्वन्धी विवाद हेर्नका लागि ५ वर्षको लागि संवैधानिक अदालत रहनेछ । संवैधानिक अदालतको अध्यक्षता प्रधानन्यायाधीशले गर्नेछ ।<br>• संवैधानिक अदालतमा २ जना सर्वोच्च अदालतका वष्ठितम न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट मन्त्रिपरिषदको सिफारिशमा राष्ट्रपतिले नियुक्ति गरेका २ जना कानूनविद न्यायाधीश रहनेछन् । |
| ८ | सर्वोच्च अदालतका न्यायाधीशको वर्खास्तगी र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिवाट गर्ने वा कानून वनाई प्रभावकारी ढंगले गर्ने ? | महाभियोगको कारवाही वाहेक अन्य कारवाही कानूनमा व्यवस्था भए वमोजिम न्याय परिषद्बाट हुने । |
| ९ | सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान वमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरुमध्येबाट मात्र गर्ने ? | सर्वोच्च अदालतका न्यायाधीशहरुमध्येबाट मात्र गर्ने । वाँकी कार्यकाल जति भए पनि प्रधानन्यायाधीश हुन सक्ने । |
| १० | प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरुको नियुक्तिको सिफारिस गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ? | • संवैधानिक परिषद्को सिफारिशमा प्रधानन्यायाधीश र न्यायपरिषद्को सिफारिशमा अन्य सवै न्यायाधीशहरुको नियुक्ति हुने ।<br>• न्यायपरिषद्मा प्रधानन्यायधीश अध्यक्ष, सर्वोच्च अदालतका २ जना वरिष्ठतम् न्यायाधीश, कानून मन्त्री र वार एशोसियसनका एक प्रतिनिधि सदस्यको रुपमा हुने । |
| ११ | राज्य उच्च अदालतका न्यायाधीशहरुको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद जस्तो केन्द्रिय संयन्त्रबाट हुने ? | • सवै न्यायाधीशको नियुक्ति र वर्खास्तगी न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीशवाट हुने । **(प्रदेशसँग कसरी सामन्जस्यता कायम गर्ने ?)** |

| | | |
|---|---|---|
| १२ | स्थानीय अदालतका न्यायाधीशहरुको नियुक्ति र वर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ? | • **प्रादेशिक न्यायपरिषदको गठन गरी सोको सिफारिशमा गर्ने ।**<br>• प्रदेशस्थित उच्च अदालतको मुख्य न्यायाधीशको अध्यक्षतामा गठन हुने प्रादेशिक न्यायपरिषदमा उच्च अदालतको एक वरिष्ठतम् न्यायाधीश र प्रदेशको कानूनमन्त्री सदस्य रहने । |
| १३ | राज्य उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरुको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ? | • सरुवा हुने व्यवस्था गर्ने ।<br>• राज्य/उच्च अदालतका न्यायाधीशहरुको सरुवा न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीशले गर्ने ।<br>• स्थानीय अदालतका न्यायधीशहरुको सरुवा सोही प्रदेशभित्र प्रादेशिक न्याय परिषद्को सिफारिशमा उच्च अदालतको मुख्य न्यायाधीशले गर्ने । |
| १४ | देहायको विषयको प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?<br>क) सार्वभौमसत्ता<br>ख) राष्ट्रिय स्वाधिनता<br>ग) संघीयता<br>घ) बहुलवाद<br>ङ) धर्म निरपेक्षता<br>च) स्थानीय स्वायत्तता र स्वशासन,<br>छ) समानुपातिक समावेशी<br>ज) आदिवासीको अग्राधिकार | संविधानमा असंशोधनीय विषयवस्तुको रुपमा तलका केहीपनि नराख्ने । **बहुलवादको विषयमा छलफल गर्ने ।** |

## २. संविधानसभाले मिति २०६७।१२।०३ मा पठाएका राज्यको पुनर्संरचनासंग सम्बन्धित ७८ वटा प्रश्नहरु

| क्र स | संविधानसभाले पठाएको प्रश्न | विवाद समाधान उपसमितिबाट भएको सहमति । |
|---|---|---|
| १. | फरकमत। धारा ३ को उपधारा (३) को दोश्रो हरफमा बसोवास गर्ने भन्ने पदावली पछि 'मधेशी समुदाय र' भन्ने शब्द थप गर्ने वा नगर्ने ? | थप गर्नुपर्ने व्यहोरा सान्दर्भिक नभएकोले उपधारा (३) यथावत रहने । उपधारा (३) पछि उपधारा (४) थप गरी "नेपालका सवै प्रदेशहरु वहुजातिय हुनेछन् । प्रदेशहरुमा सवै जाति, धर्म, भाषा, संस्कृतिका सवै नागरिकहरुको राजनितिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समान रहनेछ" भन्ने व्यवस्था राख्ने । |
| २ | धारा ३ को उपधारा (३) - यो उपधारा लगायत अन्य धारामा उल्लेखित 'आदिवासी, आदिवासी जनजाति' भन्ने शब्दले अस्पष्टता ल्याएकोले यसरी प्रयोग गर्न नहुने, यो शब्दावलीको सट्टा उत्पीडित क्षेत्रका जनता भन्नु पर्ने वा नपर्ने ? | यो प्रश्न हटाउने । उपधारा (३) यथावत रहने । |
| ३ | धारा ३(१) मा संघ प्रदेश, स्थानीय तह र विशेष संरचनाले राज्यशक्तिको प्रयोग गर्ने भनिएको तर धारा ४ मा संघ, प्रदेश, स्थानीय गरी तीन तहलाई मूल संरचना भनेको हुँदा अष्पष्टता ल्याएकोले यसलाई कसरी राख्ने ? | धारा ३ (१) र धारा ४ (१) आफैंमा स्पष्ट रहेकोले केही गर्न नपर्ने । |
| ४ | बिशेष संरचनाको प्रशासनिक संरचना कस्तो हुने ? | प्रदेशले वनाएको कानून वमोजिम हुने । |
| ५ | स्थानीय तहको अधिकार प्रयोग गर्ने निर्वाचित परिषदमा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ? | स्थानीय तहको अधिकार प्रयोग गर्ने कार्यपालिका र व्यवस्थापिका अलग-अलग रहने । |
| ६ | धारा ४ को उपधारा (५) स्वायत्त क्षेत्रको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाउमा राख्ने कि नराख्ने ? | स्वायत्त क्षेत्रको अधिकार प्रयोग गर्ने कार्यपालिका र व्यवस्थापिका अलग-अलग रहने । |
| ७ | (फरकमत) उपधारा (४) को दोश्रो हरफमा रहेको "संविधानको धारा ८ मा व्यवस्था भएवमोजिम" भन्ने शब्दको सट्टा "प्रादेशिक कानूनमा व्यवस्था भएवमोजिम" भन्ने शब्द राख्ने वा नराख्ने ? | समितिको मस्यौदा यथावत रहने । |

| | | |
|---|---|---|
| ८ | (फरकमत) उपधारा (५) मा रहेको "स्थापना हुने" पछि "विशेष संरचनालाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने ? | समितिको मस्यौदा यथावत रहने । |
| ९ | (फरकमत) सोही उपधारामा रहेको "स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लिखित अधिकार प्रयोग गर्ने गरी" भन्ने शब्दहरु हटाउने वा नहटाउने ? | समितिको मस्यौदा यथावत रहने । |
| १० | धारा ५ मा राज्य पुनर्संरचना आयोग गठन गरी सो आयोगले प्रस्तुत गर्ने सिफारिसलाई समेत मध्यनजर गरी प्रदेशको निर्माण गर्ने वा नगर्ने ? | आयोग गठन गरिसकेकोले यो प्रश्न कायम राख्नु नपर्ने |
| ११ | (फरकमत) जातीय पहिचानका आधारमा विभाजित चौध राज्यको संरचना प्रति असहमति रहेको हुनाले यसमा के गर्ने ? ( | प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने । |
| १२ | (फरकमत) उपधारा (१) मा "नेपाललाई" भन्ने शब्द पछि १४ र ६ अंक कायम गरी प्रदेश निर्माणका दुवै विकल्प प्रस्तुत गर्ने भनिएकोले १४ वा ६ प्रदेश कति राख्ने ? | प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न केन्द्रीय संघीय आयोगको व्यवस्था हुने । |
| १३ | सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा तराई र मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि देहायका वाक्यहरु राखि परिमार्जन गर्ने वा नगर्ने ?<br>"यस विविधतापूर्ण अवस्थितिलाई ध्यान राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक जनगणनामा आधारित भई कूल संख्याको एक प्रतिशत भन्दा माथि रहेको जाति समुदाय र एक प्रतिशत भन्दा वढि जनताले वोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका झुण्डहरुलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र झुण्डहरु मध्ये ज्यादै कम संख्यामा मानव अवस्थितिको वा झुण्डहरुमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको वहुसंख्या देखियो । यस प्रकारको मानव | प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न केन्द्रीय संघीय आयोगको व्यवस्था हुने । |

| | | |
|---|---|---|
| | अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा झुण्डहरुको बसोवासको अवस्थाले गर्दा प्राय सबै ठाँउ, जाति, समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्रायः सबै क्षेत्रमा असमान जस्तै देखियो । प्रदेश निर्माण सम्वन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एवं पहिचान र सामर्थ्यका स्वीकृत आधार मध्ये जाति, समुदाय वा भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्न पर्ने अवस्था बन्यो । जस अनुसार निर्माण गरिने प्रदेशहरुको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्वन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरुपलाई पुनर्संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघीय एकाइमा व्यवस्थित गर्न वैज्ञानिक र व्यवहारिक देखिएको हुंदा संविधानसभामा ६ र १४ दुवै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी यो व्यवस्था गरिएको छ ।" | |
| १४ | उपधारा (१) मा 'चौध स्वायत्त प्रदेश' उल्लेख भएकोमा स्वायत्त प्रदेश वा प्रदेश मात्र उल्लेख गर्ने भन्ने सम्बन्धमा यसैको उपधारा (२) र (३) मा "प्रदेश" मात्र उल्लेख भएको हुंदा अस्पष्टता ल्याएकोले कसरी उल्लेख गर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| १५. | चौध प्रदेशको पुनर्संरचना सम्बन्धमा यसको संख्या, नामाङ्कन र सिमाङ्कनका सम्बन्धमा फरकमतहरु आएको र सभामा छलफल | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा |

| | | |
|---|---|---|
| | हुदा समेत माननीय सदस्यहरुको विचार फरक फरक रहेको हुंदा के गर्ने ? | जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| १६ | (फरकमत) उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्नानुसार राख्ने वा नराख्ने ? "उपधारा (१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा संविधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे बमोजिम हुनेछ ।" | आयोग गठन गरिसकेकोले यो प्रश्न राख्न नपर्ने |
| १७ | उपधारा (३) - प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा संघीय विधायिकाको समर्थन लिन पर्ने व्यवस्था गर्ने वा नगर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| १८ | उपधारा ४ बमोजिम प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा भएको जनमत संग्रहबाट अनुमोदन भएमा स्वत: नाम परिवर्तन हुने व्यवस्था गर्ने वा नगर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| १९ | प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा प्रस्तावित उपधारा (३) र | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने |

| | | |
|---|---|---|
| | (४) को व्यवस्था जटिल भएकाले यसलाई परिमार्जन गर्ने वा नगर्ने ? | वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २० | उपधारा (५) - प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा संघीय विधायिकाको दुई तिहाई मत जरुरी हुनु पर्ने वा नपर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २१ | प्रदेशहरु एक आपसमा गाभिने सम्बन्धमा रहेको उपधारा (६) को व्यवस्थामा जनमत संग्रहमात्र राखी त्यसवाट अनुमोदन भए स्वतः प्रदेश गाभिने व्यवस्था हुनुपर्ने वा नपर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशवाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २२ | प्रदेशको निर्माणमा अन्यथा सहमति भएमा सो अनुसार प्रदेशको राजधानी परिवर्तन गरिनु पर्ने वा नपर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश वन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका |

| | | |
|---|---|---|
| | | संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २३ | (फरकमत) प्रदेश निर्माणको व्याख्यात्मक टिप्पणीमा उल्लेखित "भूबनोटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई-मधेश विभक्त भएको छ ।" भन्ने शब्दहरुको सट्टा "हिमाल, पहाड, तराई, भित्री तराई" भनी परिमार्जन गर्ने वा नगर्ने ? (पेज V) | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २४ | समग्र मधेशलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ? | • प्रदेशहरु ११ रहने । प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था हुने ।<br>• आयोगले गरेको सिफारिशका आधारमा अन्तिम निर्णय व्यवस्थापिका संसदले गर्ने ।<br>• नामाङ्कनको सन्दर्भमा प्रदेश सभाले गरेको निर्णय अन्तिम हुने । |
| २५ | धारा ६ मा रहेको प्रस्तावित व्यवस्था अनुसार संघको राजधानी फेर्न सम्भव छ वा छैन ? | सम्भव छैन । |
| २६ | (फरकमत) संघको राजधानी दाङ्गमा राख्ने वा नराख्ने ? | नराख्ने । |
| २७ | धारा ७ मा रहेको व्यवस्थामा गाउँपालिका र नगरपालिका भन्दा माथि प्रदेश भन्दा तलको विचमा प्रशासनिक इकाई आवश्यक हुने वा नहुने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| २८ | (फरकमत) उपधारा (१) को 'रुपमा' शब्दपछि 'जिल्ला तह' | **उपसमितिमा छलफल गर्ने ।** |

| | | |
|---|---|---|
| | शब्द थप्नुपर्ने वा नपर्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | |
| २९ | उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनुपर्ने व्यवस्था राख्ने वा नराख्ने ? | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३० | स्थानीय तहको संरचना गर्दा अपनाउने मापदण्ड संविधानमै तोकिई वैज्ञानिक तवरले गर्न खोजिएको तर सोही मापदण्डलाई प्रदेश निमार्णमा ध्यान नदिइएको भन्ने प्रश्न उठेकाले यसलाई कसरी सम्वोधन गर्ने ? । | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३१ | (फरकमत) उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेको "संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्वन्धित" शब्दहरु हटाउने वा नहटाउने ? | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३२ | (फरकमत) उपधारा (६) मा रहेको 'प्रादेशिक' शब्द हटाउनुपर्ने वा नपर्ने ? | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३३ | (फरकमत) धारा ८ को उपधारा (१) मा उल्लेखित वाक्यांशको सट्टामा देहाय बमोजिम लेख्ने वा नलेख्ने ? "संविधानको धारा ४ वमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिने छ ।" | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३४ | उपधारा (१) - स्वायत्त क्षेत्र कायम गर्न सकिने भनी यस उपधारा (१) मा उल्लेख भएको भएतापनि सो को विपरित उपधारा (४) मा अनुसूची २ मा उल्लेख भए बमोजिमका स्वायत्त क्षेत्र रहने कुरा उल्लेख गरिएको उक्त सूची अपूर्ण र अवैज्ञानिक रहेको र यिनको भौगोलिक अवस्थिति कहाँ रहेको भन्ने स्पष्ट नभएको भन्ने विचार आएको, साथै अरु क्षेत्र | संघीय संरचना आयोग वनाउने सहमती भएकोले सोही आयोगबाट सम्वोधन हुने । |

| | | |
|---|---|---|
| | निर्माणको लागि आयोग गठन गर्न जरुरी ठानियो तर यी सूचिकृत क्षेत्र के आधारमा निर्माण गरियो भन्ने संम्बन्धमा पनि जिज्ञासाहरु आएका हुंदा यसलाई कसरी सम्बोधन गर्ने ? | |
| ३५ | उपधारा (२) र (३) बमोजिमका बिशेष क्षेत्र, संरक्षित क्षेत्र निर्वाचित वा मनोनित के हुने भन्ने अष्पष्टता रहेको भन्ने प्रश्न उठेकोले के गर्ने ? | **प्रादेशिक कानूनले व्यवस्था गर्ने ।** |
| ३६ | (फरकमत) उपधारा (२), (३), (४) र (५) रहेको व्यवस्थालाई हटाउने वा नहटाउने ? | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३७ | (फरकमत) उपधारा (४) र (५) को सट्टा देहाय बमोजिमको उपधारा (४) राखी व्याख्यात्मक टिप्पणी समेत परिमार्जन गर्ने वा नगर्ने ?<br>"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्ने छ । धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिने छ ।" | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ३८ | (फरकमत) उपधारा (४) मा रहेको "अनुसूची २" भन्ने शब्द हटाउने वा नहटाउने ? | नहटाउने । |
| ३९ | (फरकमत) उपधारा (४) को सट्टा देहायको व्यवस्था राख्ने वा नराख्ने ?<br>"उपधारा (१) बमोजिम प्रदेश अर्न्तगत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछन् । स्वायत्त क्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्ष भित्रमा कानुन बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |

| | | |
|---|---|---|
| | आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन् ।" | |
| ४० | उपधारा (७) मा रहेको विशेष संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानून वमोजिम हुने भन्ने व्यवस्था हटाउने वा नहटाउने ? | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ४१ | धारा ९ को उपधारा (५) - स्थानीय तहलाई कानून वनाउने अधिकार दिनु उपयुक्त हुने वा नहुने ? | **कानून बनाउने अधिकार दिनु उपयुक्त हुने ।** |
| ४२ | प्रादेशिक कानुनसग स्थानीय तहले वनाएको कानून वाझिएमा त्यस्ता कानून स्वतः निस्कृय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ? | **प्रादेशिक कानुनसंग स्थानीय तहले वनाएको कानून वाझिएमा त्यस्ता कानून स्वतः निस्कृय हुने । समितिको मस्यौदा अनुसार गर्ने ।** |
| ४३ | (फरकमत) उपधारा (५), (६), (७), (८), (९) र (१०) को व्यवस्थालाई हटाउने वा नहटाउने ? | नहटाउने । समितिको मस्यौदाको व्यवस्था यथावत राख्ने । |
| ४४ | उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरी परिमार्जन गर्ने वा नगर्ने ? | समितिको मस्यौदाको व्यवस्था यथावत राख्ने । |
| ४५ | धारा ११ को अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरु, स्वतन्त्र व्यक्तिहरु रहनुपर्ने, यो परिषद्मा राजनीतिक प्रकृतिका व्यक्तिमात्र रहने व्यवस्था गरियो, विवादको पक्ष समेत यो परिषद्मा रहने अवस्था आउने हुंदा प्रभावकारी हुन नसक्ने, यसमा कानूनमन्त्री समेत राख्नु पर्ने भन्ने मतहरु आएको हुंदा के गर्ने ? | समितिको मस्यौदाको व्यवस्था यथावत राख्ने । |
| ४६ | (फरकमत) उपधारा (११) को संघ र प्रदेश, प्रदेश र प्रदेश पछि रहेको प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु भन्ने शव्दहरु हटाउने वा नहटाउने ? | संवैधानिक अदालत सम्वन्धमा भएको सहमतिबाट सम्वोधन भएको । |
| ४७ | उपधारा (११) देखि (१६) सम्म रहेको संबैधानिक अदालतको व्यवस्था न्याय प्रणाली सम्बन्धी समितिको प्रतिबेदनसंग मेल खादैन, यो विषय यसको क्षेत्राधिकार नभएको, यी दुवै समितिका प्रतिबेदनमा भएका व्यवस्था एकैसाथ राखी हेर्नुपर्छ | संवैधानिक अदालत सम्वन्धमा भएको सहमतिबाट सम्वोधन भएको । |

| | | |
|---|---|---|
| | भन्ने विचार आएको हुँदा यसलाई कसरी सम्वोधन गर्ने ? | |
| ४८ | फरकमत। धारा १२ को उपधारा (१) मा "आदिवासी-जनजाति" शब्द पछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा वसोवास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरु थप्ने वा नथप्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ४९ | "आदिवासी, आदिवासी जनजाति" भन्ने शब्दले अस्पष्टता ल्याएको, आत्म निर्णयको अधिकार भन्ने शब्दावलीको विभिन्न अर्थ लगाईने गरेको हुँदा यस व्यवस्थालाई राख्न नहुने भन्ने मत आएकाले यसलाई कसरी सम्वोधन गर्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५० | (फरकमत) उपधारा (१) आत्मनिर्णयको अधिकारलाई हटाउने वा नहटाउने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५१ | (फरकमत) आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी व्यवस्थापिका संसदलाई दिनुपर्ने वा नपर्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५२ | धारा १३ मा राजनैतिक अग्राधिकार सम्बन्धी व्यवस्था राख्ने वा नराख्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |

| | | |
|---|---|---|
| ५३ | (फरकमत) राजनीतिक अग्राधिकार सम्बन्धी प्रस्तावित व्यवस्था पूरै हटाउने वा नहटाउने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५४ | (फरकमत) प्रदेश र विशेष संरचना क्षेत्र अन्तर्गत जाति वा भाषिक वाहुल्यताको आधारमा राजनैतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनुपर्ने वा नपर्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५५ | (फरकमत) धारा १३ को उपधारा (१) को व्यवस्था हटाउने वा नहटाउने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५६ | उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" राख्ने वा नराख्ने ?<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |
| ५७ | उपधारा (२) को सट्टा देहाय बमोजिमको वाक्यांश राखी परिमार्जन गर्ने वा नगर्ने ? "संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकाल देखिकै उत्पीडन बापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"<br>उपसमितिमा छलफल गर्ने ⟶ | **उपसमितिमा छलफल गर्ने ।** |

| | | |
|---|---|---|
| ५८. | उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?<br>उपसमितिमा छलफल गर्ने → | **उपसमितिमा छलफल गर्ने ।** |
| ५९ | स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ? | नपर्ने । |
| ६० | मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ को दलितको अधिकार जस्तै धारा २० मा थप गरी मुस्लिम अधिकार उल्लेख गर्नुपर्ने भन्ने सभापतिको जवाफमा आएकोले के गर्ने ? | अल्पसंख्यक, सिमान्तकृत र पिछडिएको समुदायको अधिकार सुनिश्चित गर्दा त्यसमा मुस्लिम समुदायलाई समेत समावेश गर्ने । |
| ६१ | अनुसूची १ को सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ? "नेपाललाई भूगोलको आधारमा निम्न बमोजिम १४ वटा प्रान्तमा विभाजन गरिएको छ : १) मेची प्रान्त २) कोशी प्रान्त ३) सगरमाथा प्रान्त ४) जनकपुर प्रान्त ५) नारायणी प्रान्त ६) वागमती प्रान्त ७) लुम्बिनी प्रान्त ८) गण्डकी प्रान्त ९) अन्नपूर्ण प्रान्त १०) राप्ती प्रान्त ११) भेरी प्रान्त १२) कर्णाली प्रान्त १३) सेती प्रान्त १४) महाकाली प्रान्त ।" | ११ प्रदेश रहने । नामाङ्कन संघीय आयोगले गर्ने सहमति भएकोले यो राख्न नपर्ने । |
| ६२ | अनुसूची १ को सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ? "प्रदेशहरु वेग्लाबेग्लै भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनुपर्छ र प्रदेशहरु निम्न अनुसार हुनेछन् :- कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर । सगरमाथा प्रदेश - सगरमाथा र जनकपुर अञ्चललाई मिलाएर । बागमती प्रदेश - वागमती र नारायणी अञ्चललाई मिलाएर । गण्डकी प्रदेश - गण्डकी र धवलागीरी अञ्चललाई मिलाएर । लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी | ११ प्रदेश रहने । नामाङ्कन संघीय आयोगले गर्ने सहमति भएकोले यो राख्न नपर्ने । |

| | | |
|---|---|---|
| | अञ्चललाई मिलाएर । कर्णाली प्रदेश - कर्णाली अञ्चललाई मिलाएर । महाकाली प्रदेश -भेरी, सेती र महाकाली अञ्चललाई मिलाएर ।" | |
| ६३ | अनुसूची २ पूरै हटाउनुपर्ने वा नपर्ने ? | अनुसूची-२ नहटाउने तर परिमार्जन गर्ने । उक्त अनुसूचीमा क्रम संख्या १९ मा रहेको दनुवार दोहोरीएकोले हटाउने र सो सूचीमा शेर्पा र भोटे लामा थप गर्ने । |
| ६४ | फरकमत। देहायका विषयलाइ यस अनुसूची -३ बाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गर्ने वा नगर्ने ?<br>• क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक,<br>• क्र.सं. ५ को भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,<br>• क्र.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी,<br>• क्र.सं. २५ को नापतौल, क्र.सं. २७ को विमा नीति<br>• क्र.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत) | समितिको मस्यौदा उपयुक्त भएकोले यथावत राख्ने । |
| ६५ | अनुसूची -३ को क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ? | "मुद्रा" शब्द अनुसूची ३ को क्रम संख्या ३ मा थप्नुपर्ने । |
| ६६ | अनुसूची -३ को क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरु थप गर्ने वा नगर्ने ?<br>"३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, | राष्ट्रिय निकुञ्ज अनुसूची ३ मा राख्ने । |

| | | |
|---|---|---|
| | ३४. निकुञ्ज र ३५. नदी र पहाडहरु ।" | |
| ६७ | अनुसूची ४ को क्रमसंख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनुपर्ने वा नपर्ने ? | भूमिनीति अनुसूची ३ मा राखी भूमि व्यवस्थापन अनुसूची ४ मा कायम राख्ने । |
| ६८ | धारा ४, ५, ६, ८, ९ र १० को व्यवस्था संघीय व्यवस्थासँग सम्बन्धित भएकोले सो व्यवस्थाप्रति असहमति रहेको भन्ने मत आएकाले के गर्ने ? | यो प्रश्न संविधानसभाको पहिलो वैठकद्वारा पारित प्रस्ताव अनुकूल नभएकोले हटाउने । |
| ६९ | जिल्लाको आवश्यकता अनुसार संसदद्वारा पुर्नगठन हुनेछ भन्नु पर्ने वा नपर्ने ? | प्रश्न हटाउने । |
| ७० | "स्थानीय स्वायत्त शासनका तीन तह हुनेछन् - प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ? | यो प्रश्न हटाउने । |
| ७१ | प्रदेशहरु ५ देखि ७ भन्दा वढी हुने छैनन् भनी लेख्ने वा नलेख्ने ? | ११ प्रदेशमा सहमति भएकोले राख्नु नपर्ने । |
| ७२ | संघीय संरचनामा निम्न चार तहहरु रहने छन भन्नु पर्ने वा नपर्ने ? "(१) संघ (केन्द्र), (२) प्रदेश, (३) जिल्ला र (४) ग्रामपालिका एवं नगरपालिकाहरु ।"<br>उपसमितिमा छलफल गर्ने → | उपसमितिमा छलफल गर्ने । |
| ७३ | "प्रशासनिक दृष्टिकोणले नेपाल राज्य चार तहमा वाँडिनेछ - केन्द्र, प्रदेश, जिल्ला र गाँउ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ? | यो प्रश्न हटाउने । |
| ७४ | स्थानीय स्वायत्त शासन अन्तर्गतका तीन तहको गठन विधि उल्लेख हुनु पर्ने, गाँउ समितिको कार्यक्षेत्र र अधिकार, जिल्ला समितिको कार्यक्षेत्र र अधिकार र प्रादेशिक समितिका कार्यक्षेत्र र अधिकारको विषयमा उल्लेख हुनु पर्ने भन्ने मत आएकोले यसलाई कसरी सम्वोधन गर्ने ? | यो प्रश्न हटाउने । |
| ७५ | जनजाति तथा दलित काउन्सिल वारे संविधानमा व्यवस्था गर्ने वा नगर्ने ? | यो प्रश्न हटाउने । |

| | | |
|---|---|---|
| ७६ | धारा ८ (१) मा "संविधानको धारा ४ वमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र एक जाति, समुदाय वा भाषिक समुदायको वाहुल्यता भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ" भन्ने उल्लेख भएकोमा एक जाति, समुदाय वा भाषिक समुदायको "वाहुल्यता भएको वा सघन उपस्थिति रहेको" वाक्यांशको सट्टा "अत्याधिक वहुसंख्यामा भएको" भन्ने शब्द लेख्नु पर्ने वा नपर्ने ? | समितिको मस्यौदा यथावत राख्ने । |
| ७७ | मधेशी, खस र नेवार जातिय समुदायमा रहेका कथित शुद्र, अछुत वा दलित जातहरुको संविधानको सूचीमा समावेश गर्नुपर्ने वा नपर्ने ? | यो प्रश्न हटाउने । |
| ७८ | जनयुद्ध, जनआन्दोलन, मधेशआन्दोलन लगायतका सबै संघर्षहरुमा सहादत प्राप्त गर्नुहुने महान शहीद, बेपत्ता योद्धा र घाईतेको उच्च मूल्याङ्कन गर्दै संघीय, प्रादेशिक, विशेष संरचना र स्थानीय निकाय लगायतका सबै अंगहरुमा उनीहरुका परिवारजनहरु र घाईतेलाई प्रतिनिधित्व गरिने कुरा मस्यौदामा उल्लेख गर्नुपर्ने वा नपर्ने ? | नपर्ने । |

३. पहिले नै प्राप्त भएका ३ वटा समितिका प्रतिवेदनमा संविधानसभाले टुंगो नलगाई पठाएका विषयहरु

| क.स. | बाँकी विषयको विवरण | विवाद समाधान उपसमितिबाट भएको सहमति |
|---|---|---|
| १ | सबै संवैधानिक आयोगका पदाधिकारीहरुको नियुक्ति कसरी गर्ने ? संवैधानिक परिषद रहने भए त्यसको मस्यौदा कुनै पनि समितिको प्रतिवेदनमा नरहेकोले के गर्ने ?<br><br>उपसमितिमा छलफल गर्ने → | • **संवैधानिक परिषदबाट गर्ने।**<br>• **संवैधानिक परिषदमा प्रधानमन्त्री अध्यक्ष, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, प्रतिनिधि सभामा प्रमुख विपक्षी दलको नेता र प्रधानमन्त्रीले तोकेको एक जना मन्त्री रहने।**<br>**वा**<br>• **राष्ट्रपतिको प्रस्तावमा प्रतिनिधि सभाको वहुमतबाट अनुमोदन गर्ने।**<br>**वा**<br>• **मन्त्रीपरिषदको सिफारिशमा राष्ट्रपतिले नियुक्त गर्ने।** |
| २ | प्रतिवेदनको पृष्ठ १७ को उपधारा (१) मा रहेको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन व्यवस्थापिका-संसदको वैठकबाट हुने हो वा वाहिरबाट हुने हो भन्ने विषय टुंगो लागेपछि मात्र निर्वाचन आयोगको जिम्मेवारी भित्र राख्न सकिने भएकोले के गर्ने ? | • राष्ट्रपतिको निर्वाचन निर्वाचन आयोगको जिम्मेवारी भित्र रहने।<br>• **उपराष्ट्रपतिको निर्वाचनमा छलफल वाँकी।** |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्बन्धमा हालको व्यवस्थालाई यथावत राखी भ्रष्टाचारको नियन्त्रणका विषयमा जन निर्वाचित सरकारलाई जवाफदेही वनाउन सबै विकल्पहरुमा छलफल गरी समुचित टुङ्गोमा पुग्न संविधानसभाबाट निर्देशन प्राप्त भएकोले उक्त विषयमा के गर्ने ?<br><br>उपसमितिमा छलफल गर्ने → | **उपसमितिमा छलफल गर्ने।** |
| ४ | संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदाको पृष्ठ ४ को उपदफा (४) मा उल्लिखित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको कसुरमा कुनै व्यक्ति उपर | **उपसमितिमा छलफल गर्ने।** |

| | | |
|---|---|---|
| | महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्ने वा आफ्नै निर्णयद्वारा मुद्दा दायर गर्न सक्ने भन्ने विषयमा के गर्ने ? उपसमितिमा छलफल गर्ने ——→ | |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, लेखापरीक्षण आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार र आयोग राष्ट्रिय प्राकृतिक स्रोत आयोग र राष्ट्रिय वित्तिय आयोग गरी ७ वटा आयोग बाहेक अरु आयोग रहने वा नरहने ? | • विभिन्न समुदायको अधिकारका विषयहरुमा समावेशीकरण आयोगको व्यवस्था गर्ने ।<br>• प्रदेशहरुको सिमाङ्कन, नामाङ्कन, प्रदेशहरु जोडिने वा प्रदेशबाटै अर्को प्रदेश बन्ने वा प्रदेशको कुनै भाग अर्को प्रदेशमा जाने आदि विषयमा समाधान गर्न संघीय संरचना आयोगको व्यवस्था गर्ने । |
| ६ | आयोगमा रहने पदाधिकारीको संख्या के कति रहने ? सबैमा बराबर संख्यामा पदाधिकारी रहने वा फरक फरक संख्यामा ? | • आयोगको जिम्मेवारी र कार्यबोझलाई ध्यानमा राखी फरक फरक संख्यामा पदाधिकारी रहने ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त ।<br>• लोक सेवा आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य ।<br>• लेखापरीक्षण आयोगमा प्रमुख आयुक्त र अन्य दुई जना आयुक्त ।<br>• निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य दुई जना आयुक्त ।<br>• राष्ट्रिय मानव अधिकार आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य ।<br>• राष्ट्रिय प्राकृतिक स्रोत आयोगमा अध्यक्ष र अन्य दुई जना सदस्य ।<br>• राष्ट्रिय वित्तिय आयोगमा अध्यक्ष र अन्य दुई जना सदस्य ।<br>• राष्ट्रिय समावेशीकरण आयोगमा अध्यक्ष र अन्य १० जना सदस्य रहने ।<br>• संघीय संरचना आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने । |
| ७ | प्रारम्भिक मस्यौदाको सि.न. २४ धारा ३४ मा राष्ट्रिय प्राकृतिक स्रोत आयोग सम्वन्धी व्यवस्था रहेको देखिन्छ । उक्त आयोगको प्रमुख काम, कर्तव्य र अधिकार प्राकृतिक स्रोत सम्वन्धी विषयमा संघ र प्रदेश, प्रदेश-प्रदेश , प्रदेश र | संवैधानिक अदालतको अधिकार क्षेत्रमा रहने भएकोले प्राकृतिक श्रोत आयोगको जिम्मेवारीमा नरहने । |

| | | |
|---|---|---|
| | स्थानीय सरकार र स्थानीय सरकार-स्थानीय सरकारवीच उठ्ने विवाद निरुपण गर्ने गरी व्यवस्था गरिएको पाईन्छ । संविधानसभा नियमावली, २०६५ को नियम ६६ को क्र.सं. ३ मा संघीय इकाईहरुवीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्वन्धी संयन्त्र राज्यको पुर्नसंरचना र राज्य शक्तिको बाँडफाँट समितिको कार्यक्षेत्र भित्र पर्ने व्यवस्था गरे अनुरुप राज्यको पुर्नसंरचना र राज्य शक्तिको बाँडफाँट समितिले आफ्नो प्रारम्भिक मस्यौदाको धारा ११ मा संघीय इकाईहरुवीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी विस्तृत व्यवस्था गरेको हुनाले यो विषयमा दुवै प्रतिवेदनलाई समायोजन गरी उपयुक्त व्यवस्था गर्न बाँकी रहेको । | |
| ८. | राज्य पुनर्संरचना समितिबाट भएको अधिकारको बाँडफाँडलाई समेत मध्येनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाउने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा के गर्ने ? | • प्राकृतिक श्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समितिको प्रतिवेदनमा रहेको मस्यौदा वमोजिम गर्ने ।<br>• मूल्य अभिवृद्धि कर र आयकर लगाउने अधिकार संघमा रहने । |
| ९. | संविधानले गरेको अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परिभाषामा समयानुकुल परिमार्जनको सिफारिस गर्न, ती समुदायहरुकोलागि प्रत्याभुत गरिएका अधिकारहरुको कार्यान्वयनको स्थिति अनुगमन गर्न, आवधिक रुपमा हुने राष्ट्रिय जनगणना र मानव विकास सूचकांकको आधारमा अल्पसंख्यक र सीमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिश गर्ने समेतको अधिकारक्षेत्र भावी संविधानमा संवैधानिक निकायको रुपमा रहने कुनै एक आयोगमा रहने गरी मस्यौदा तयार गर्न निर्देशन प्राप्त भएकोले कुन आयोगको कार्यक्षेत्रमा राख्ने ? | अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परिभाषामा समयानुकुल परिमार्जनको सिफारिस गर्न, ती समुदायहरुकोलागि प्रत्याभुत गरिएका अधिकारहरुको कार्यान्वयनको स्थिति अनुगमन गर्न, आवधिक रुपमा हुने राष्ट्रिय जनगणना र मानव विकास सूचकांकको आधारमा अल्पसंख्यक र सीमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिश गर्ने अधिकार क्षेत्र राष्ट्रिय समावेशीकरण आयोगमा रहने । |

## संविधान सभाबाट निर्णय भैसकेको भए पनि थप छलफल गरी नयाँ सहमति भएका विषयहरु :

- **वर्तमान पदाधीकारीको पुनर्नियुक्ति सम्बन्धमा :**
  १. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हाल कायम रहेका न्यायाधीशहरुले नयाँ संविधान बमोजिम पुन नियुक्ति लिनु पर्ने छैन । नयाँ संविधान बमोजिम सपथ गर्नु पर्नेछ ।
  **२. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हाल कायम रहेका संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नयाँ संविधान बमोजिम पुनः नियुक्ति हुने छैन । बाँकी कार्यकाल सम्म कार्यरत रहनेछन् । नयाँ संविधान बमोजिम पद तथा गोपनियताको सपथ गर्नु पर्नेछ ।**

- **नागरिकता सम्वन्धमा :**
- **मुस्लिम समुदायको अधिकार सम्वन्धमा :**
  (क) आफ्नो सरोकार रहेका र आफुलाई प्रभावित पार्ने नीति निमार्णमा सहभागिताको हक
  (ख) साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सिप र प्रविधिसम्बन्धी हक,
  (ग) भाषा, लिपी, सँस्कृति सम्बन्धी हक,
  (घ) सामाजिक सुरक्षाको हक,
  (ङ) मातृभाषमा सूचना र संचारको हक,
  (च) राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक,

- **अल्पसंख्यक, सिमान्तकृत, जनजाति, दलित, पिछडा वर्गले उठाएका अधिकारका विषयहरु :**

दलित समुदायका लागि सुनिश्चित गर्नुपर्ने अधिकारका विषयहरु

(१) दलित समुदायका व्यक्तिलाई निजामति सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(२) दलित समुदायका विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायीक उच्च शिक्षामा कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनद्वारा विशेष व्यवस्था गरिने छ । यस्तो व्यवस्था गर्दा मानव विकास सूचकांकको आधारमा विपन्न दलितलाई प्राथमिकता दिईनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

(६) आवासविहीन दलितको लागि राज्यले बसोबासको व्यवस्था गर्नेछ ।

(७) संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको लागि कानूनद्वारा आवश्यक व्यवस्था गरिनेछ ।

(८) दलित समुदायले यस धारा बमोजिम प्राप्त गर्ने अधिकारहरु पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्नेछन् ।

**अल्पसंख्यक समुदायको लागि सुनिश्चित गर्नुपर्ने अधिकारका विषयहरु**

(क) आफ्नो सरोकार रहेका र आफुलाई प्रभावित पार्ने नीति निमार्णमा सहभागिताको हक
(ख) सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सिप र प्रविधिसम्बन्धी हक,
(ग) भाषा, लिपी, सँस्कृति सम्बन्धी हक,
(घ) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक,
(ङ) सामाजिक सुरक्षाको हक,
(च) मातृभाषामा सूचना र संचारको हक,
(छ) राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक,

**सीमान्तकृत समुदायको लागि सुनिश्चित गर्नुपर्ने अधिकारका विषयहरु**

(क) राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक,
(ख) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक,
(ग) सार्वजनिक सेवामा आरक्षण एवं उपस्थितिको विशेष हक,
(घ) शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार

जेठ ३, २०६९